# अध्याय - एक

# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **सुनसरी र मोरङका जिल्लास्तरीय परीक्षा २०६८ मा सोधिएका अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको पाठ्यांश नेपा.शि.५९८ को आवश्यकता परिपूर्तिका निम्ति तयार पारिएको छ ।

## १.३ समस्या कथन

यो शोध निम्नलिखित समस्या कथनमा केन्द्रित रहेको छ :

क) जिल्लास्तरीय परीक्षा २०६८ मा उपयोग गरिएका नेपाली विषयका प्रश्नपत्रहरू बाह्य आधारमा वैध र विश्वसनीय छन् ?

ख) ती प्रश्नहरू आन्तरिक वैधताका आधारमा उपयुक्त छन् ?

ग) प्रश्नहरू विद्यार्थीको योग्यता र क्षमता अनुकूल तथा जिल्लास्तरीय परीक्षाका लागि निम्न माध्यमिक तहको पाठ्यक्रमको अपेक्षा बमोजिम उद्देश्य परिपूर्ति गर्ने खालका छन् ?

## १.४ शोध अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्यहरू निम्नानुसार छन् :

क) जिल्लास्तरीय परीक्षा (कक्षा - ८) २०६८ सालका सुनसरी र मोरङ जिल्लाका अनिवार्य नेपाली विषयका प्रश्नहरूको बाह्य वैधता र विश्वसनीयताको अध्ययन गर्नु,

ख) जिल्लास्तरीय परीक्षा २०६८ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको आन्तरिक विशेषताका आधारमा सैद्धान्तिक अध्ययन गर्नु,

ग) नेपाली भाषाका प्रश्नपत्र निर्माणका आधारहरूको सैद्धान्तिक आँकलन गर्नु,

घ) प्रश्नका सबल र दुर्बल पक्षहरू छुट्याउनु ।

ङ) अध्ययनबाट प्राप्त कमीकमजोरी औँल्याएर सुधारका निम्ति आवश्यक सुझाव प्रस्तुत गर्नु,

## १.५ पूर्वकार्यको समीक्षा

प्रश्न विश्लेषणसँग सम्बन्धित भएर विभिन्न अनुसन्धानहरू सम्पन्न भएका छन् । यसै क्रममा माधवप्रसाद पौडेलद्वारा **जिल्लास्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षा आठको नेपाली भाषा विषयको प्रश्नहरूको विश्लेषण** शीर्षकमा शोधपत्र तयार भएको पाइन्छ । उक्त शोधपत्रमा सैद्धान्तिक पृष्ठभूमिमा आधारित रही भाषिक प्रश्ननिर्माणका आधारमा जिल्लास्तरीय परीक्षा २०५८ मा उपयोग गरिएका विभिन्न जिल्लाका कक्षा ८ का नेपाली भाषाका प्रश्नपत्र एवम् तुलनात्मक र सैद्धान्तिक निष्कर्ष र सुझावहरू दिने जस्ता उद्देश्यमा आधारित रहेको देखिन्छ । उक्त शोधपत्रमा दिइएका निर्देशनहरू अस्पष्ट एवम् त्रुटिपूर्ण रहेको प्रश्नपत्र निर्माणमा पाठ्यक्रम अनुरूप उपेक्षा गरिएका जस्ता निष्कर्षहरू रहेका देखिन्छन् (पौडेल, २०५१ : ३९) ।

यसैगरी प्रवेशिका स्तरका प्रश्नहरूको निर्माण र परिमार्जनका सन्दर्भमा (२०२८-२०३२) पूर्व पछिका प्रश्न हेर्ने बाहेक अरू केही भएको पाइँदैन । २०२७ पूर्व प्रश्नहरू साहित्य र संज्ञानात्मक सीपमा बढी केन्द्रित रहेको देखिन्छ । भाषिक सम्पादन, उत्पादन र प्रयोग तर्फ नभएर पहिचान र स्मरण कण्ठस्थीकरण कुशलतामा लक्षित रहेको पाइन्छ । २०२८ को परिवर्तनपछि नेपाली भाषा प्रश्न निर्माणमा अध्ययन र विश्लेषणका आधार नबनाएर सीमित समय र शक्तिको प्रयोगबाट प्रश्न बन्न नसक्नु, प्रश्न बहुमुखी बन्नु, समय र अङ्कभारमा असन्तुलन हुनु, भाषिक निर्देशनमा आन्तरिक र बाह्य त्रुटिहरू रहनु जस्ता कमी कमजोरीहरू रहेका छन् ।

कमलबहादुर बस्नेतद्वारा **कक्षा आठको जिल्लास्तरीय परीक्षा २०६१ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरूको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ ।

उक्त अध्ययन प्रश्न विश्लेषणका लागि सङ्कलित प्रतिनिधि प्रश्नहरूको अध्ययन बाह्य र आन्तरिक आधारमा गरेको देखिन्छ । बाह्य आधारका दृष्टिले अध्ययन गर्न निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति, अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषालाई प्रमुख आधार बनाएको देखिन्छ । ती आधारभित्र पनि अन्य उपआधारहरू तयार गरिएको देखिन्छ । आन्तरिक आधारका दृष्टिले अध्ययन गर्न पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण, प्रश्नका अन्य आधार बनाएको देखिन्छ । ती आधारभित्र पनि अन्य उपआधारहरू तय गरिएको देखिन्छ । उक्त आधारबाट प्रतिनिधि प्रश्नहरूो अध्ययन गर्दा बाह्य र आन्तरिक दुवै वैधताका दृष्टिले प्रश्नहरू कमजोर रहेका देखिन्छन् (बस्नेत, २०६२ : ४२) ।

यसैगरी **२०५८ सालमा उपयोग गरिएका कक्षा आठको नेपाली भाषाका प्रश्नहरूको विश्लेषण** शीर्षकको शोधपत्र दिलिपकुमार आचार्यले तयार पारेको देखिन्छ । यसमा पनि आन्तरिक र बाह्य दृष्टिले प्रश्नहरूको अध्ययन गरी प्रश्न निर्माणमा विविधता हुनुका कारणहरू पहिल्याउन सङ्कलन गरिएका प्रश्नहरूको विविध उप-आधारमा आधारित रही अध्ययन विश्लेषण गरी निष्कर्षमा पुगेको देखिन्छ (आचार्य, २०५९ : ५८) ।

**प्रवेशिका परीक्षा २०६४ का अनिवार्य नेपाली विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र भगवता पोखेलले गरेको पाइन्छ । उक्त अनुसन्धानमा प्रश्नहरूको तुलनात्मक अध्ययन, बाह्य र आन्तरिक आधारमा गरेको पाइन्छ । प्रवेशिका परीक्षा २०६४ का प्रश्नहरूको कमीकमजोरी पत्ता लगाउँदै सैद्धान्तिक विश्लेषण गरिएको छ । उक्त शोधपत्रमा पाँच विकासक्षेत्रमा भिन्न भिन्न प्रश्नहरू सोधिने हुँदा प्रश्नहरूको समग्र अवस्थाको मूल्याङ्कन र वैधानिकता मापन भएको देखिँदैन (पोखेल, २०६४ : ७०) ।

हिममाया पौडेलद्वारा **उच्च माध्यमिक तह अनिवार्य नेपाली विषयका (२०५६-०५९) प्रश्नपत्रहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । यसमा उच्च माध्यमिक तह नेपाली भाषा (अनिवार्य) का प्रश्नहरू (२०५६-०५९) को विभिन्न सैद्धान्तिक आधारबाट विश्लेषण गर्नु, प्रश्नपत्रका कमजोरी पक्षहरू पहिल्याउनु र प्रश्नको सुधारका लागि सुझाव पेश गर्नु जस्ता उद्देश्य रहेका छन् । विश्लेषणात्मक विधिका आधारमा तयार भएको उक्त शोधपत्रमा प्रश्न निर्माणका आन्तरिक र बाह्य आधारमा देखा परेका सबल र दुर्बल पक्षहरू देखाएर आवश्यक सुझावहरू समेत प्रस्तुत गरेको पाइन्छ ।

रेनुका गौतमद्वारा **कक्षा ८ को जिल्लास्तरीय परीक्षा २०६४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन** (२०६६) शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य आन्तरिक र बाह्य विशेषताका आधारमा प्रश्नहरूको सैद्धान्तिक अध्ययन गर्नु, प्रश्नपत्रहरूलाई पाठ्यक्रम तथा पाठ्यपुस्तक अनुरूपताका दृष्टिले अध्ययन गर्नु, विशिष्टीकरण तालिका अनुसार प्रश्न निर्माण गरे नगरेका कुरा पत्ता लगाई प्रश्नमा रहेका कमजोरी पहिल्याएर प्रश्नपत्र सुधारका लागि आवश्यक सुझावहरू दिनु रहेको पाइन्छ । सामग्री सङ्कलन गरी पुस्तकालयीय आधारका उपआधारहरूका आधारमा प्रश्न विश्लेषण गरी निर्देशन, अङ्कविभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, कागजको स्तर र छपाइ आदिका दृष्टिले प्रश्नपत्रहरू कमजोर रहेको निष्कर्ष निकाली आवश्यक सुधारात्मक सुझावहरू समेत प्रस्तुत गरेको पाइन्छ (गौतम, २०६६ : ४७) ।

२०६६ मा चन्द्रकला सुवारद्वारा **प्रवेशिका परीक्षा २०६६ का अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य परिवर्तित नयाँ पाठ्यक्रमअनुसार नेपाली भाषा विषयका प्रश्नहरूको आन्तरिक र बाह्य आधारमा प्रश्नको तुलनात्मक अध्ययन गरी निर्देशन, अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, कागजको स्तर र छपाइ आदिका दृष्टिले प्रश्नहरूको गुणस्तरको तुलनात्मक अध्ययन गरिएको पाइन्छ ।

पुष्पा शाहले **कक्षा ८ को जिल्लास्तरीय परीक्षा २०६५ मा उपयोग गरिएको प्रश्नहरूको अध्ययन** (**२०६५**) शीर्षकमा शोधपत्र तयार गरेको पाइन्छ । प्रस्तुत शोधपत्रमा बाह्य र आन्तरिक आधारलाई मुख्य आधार मानी प्रश्नहरूको विश्लेषण गरी कमीकमजोरी पहिल्याई आवश्यक सुझाव दिनु जस्ता उद्देश्यमा आधारित छ । प्रस्तुत शोधमा निर्देशन, अङ्क विभाजन, समय निर्धारण, प्रस्तुति अनुक्रम, पाठ्यक्रम अनुरूपता आदिका आधारमा प्रश्नपत्रहरू कमजोर रहेको निष्कर्ष निकाली आवश्यक सुझाव समेत दिइएको छ ।

बलराम भट्टराईद्वारा **२०६७ सालको जिल्लास्तरीय परीक्षा** (कक्षा-८) **सुनसरी जिल्लामा सोधिएका नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकमा शोधपत्र तयार भएको पाइन्छ । उक्त शोधपत्रको उद्देश्य प्रश्न निर्माणका सैद्धान्तिक पृष्ठभूमिमा आधारित रही भाषिक प्रश्न निर्माणका आन्तरिक र बाह्य आधारहरू पहिचान गर्नु बाह्य र आन्तरिक आधारका दृष्टिले जिल्लास्तरीय परीक्षा २०६७ मा उपयोग गरिएका सुनसरी जिल्लाका

नेपाली भाषाका प्रश्नको सैद्धान्तिक अध्ययन गरी प्रश्न निर्माणमा देखा परेका कमीकमजोरीहरूको पहिचान गरी निराकणात्मक सुझाव पेश गर्नु रहेको छ ।

यसरी हालसम्म कुनै पनि अध्येताले जिल्लास्तरीय परीक्षा कक्षा ८ को मोरङ र सुनसरी जिल्लाका सरकारी विद्यालयका अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन विषयमा अध्ययन अनुसन्धान कार्य नगरेको हुँदा यो अध्ययन नै यस क्षेत्रको प्रारम्भिक अनुसन्धान भएको छ ।

## १.६ अध्ययनको औचित्य र महत्त्व

परिवर्तित नयाँ पाठ्यक्रम अनुसार नेपाली भाषा विषयका प्रश्नहरूको तुलनात्मक अध्ययन गरी के कति उपयुक्त र स्तरयुक्त छन्, के कति कमीकमजोरी हटाउन प्रश्न निर्माण गर्ने विद्यमान अवस्थामा सुझावहरू प्रस्तुत गरी तुलनात्मक अध्ययन गर्नु सान्दर्भिक हुने ठानिएको छ । परीक्षणलाई स्तरीय बनाउने विभिन्न उपाय मध्ये प्रश्न विश्लेषण पनि एक हो तर नि.मा.वि.तहको नेपाली भाषा विषयको प्रश्न विश्लेषण भने कमै मात्रामा भएको पाइन्छ । यस्तो हुनुमा सम्बन्धित पक्षको ध्यानाकर्षण नहुनु, शिक्षकहरूमा विषयवस्तु र प्रश्न निर्माणसम्बन्धी अनुभवको कमी हुनु, योजनाबद्ध तरिकाले विशिष्टीकरण तालिकाको प्रयोग नगरी खाँचो टार्ने उद्देश्यले मात्र जथाभावी प्रश्न निर्माण गरिनु आदिलाई मानिन्छ । परीक्षामा सोधिने प्रश्नहरू नै दोषयुक्त हुँदा विद्यार्थीको सही मूल्याङ्कन हुन नसक्नुका साथै शिक्षणको प्रभावकारिता समेत पहिचान गर्न सकिँदैन । त्यसैले विद्यार्थीको सही मूल्याङ्कन गर्ने परीक्षणमा सोधिने प्रश्नहरू पाठ्यक्रम अनुरूपता, उद्देश्यपरकता, विशिष्टता, व्यावहारिकता, स्पष्टता र उपयुक्तताका दृष्टिले गुणस्तरयुक्त हुन आवश्यक मानिन्छ । त्यसैले सम्बन्धित शिक्षक, परीक्षक, प्रश्ननिर्माणकर्तालाई स्तरीय प्रश्न निर्माण गरी परीक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउनु यस शोधपत्रको औचित्य रहनेछ ।

## १.७. अध्ययनको सीमा

सुनसरी र मोरङका सरकारी विद्यालयमा जिल्लास्तरीय परीक्षा (२०६८) कक्षा ८ मा अनिवार्य नेपाली विषयका प्रश्नपत्रमा मात्र केन्द्रित रहेको छ । यस अनुसन्धानको सीमाङ्कन निम्नानुसार छ :

क) कक्षा आठका अनिवार्य नेपाली विषयका प्रश्नहरूको मात्र अध्ययन विश्लेषण गरिएको छ ।

ख) यस अध्ययनमा २०६८ मा सोधिएका मोरङ र सुनसरी जिल्लामा अनिवार्य नेपाली विषयका प्रश्नहरूको मात्र अध्ययन गरिएको छ ।

ग) उक्त प्रश्नहरूको सैद्धान्तिक आधारमा मात्र अध्ययन विश्लेषण गरिएको छ ।

घ) प्रश्नहरूको विश्वसनीयता र वैधताका आधारमा अध्ययन गरिएको छ ।

## १.८ अध्ययनको विधि र प्रक्रिया

भाषिक प्रश्ननिर्माणका बाह्य र आन्तरिक आधारहरूको सहयोगले प्रश्नहरूको अध्ययन विश्लेषण र तुलना गरिएको छ । प्रश्नमा रहेका तथ्यलाई उद्घाटित गर्न प्रमुख विषयवस्तुहरूलाई तालिकीकरण गरिएको छ । प्रतिनिधि प्रश्नहरूलाई बाह्य र आन्तरिक आधारका विभिन्न उपआधारहरूको समेत उपयोग गरेर पुस्तकालयीय विधि र तुलनात्मक विधिबाट यो शोधपत्र तयार पारिएको छ ।

## १.९ अध्ययनको रूपरेखा

यो शोधको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : भाषिक प्रश्ननिर्माणको सैद्धान्तिक विश्लेषण

अध्याय तीन : प्रश्नपत्रको बाह्य आधारमा विश्लेषण

अध्याय चार : आन्तरिक आधारमा प्रश्नपत्रको अध्ययन

अध्याय पाँच : निष्कर्ष तथा सुझाव

# अध्याय - दुई

# भाषिक प्रश्ननिर्माणको सैद्धान्तिक विश्लेषण

## २.१ मूल्याङ्कनको अवधारणा

मूल्याङ्कनको इतिहासलाई अध्ययन गर्दा यसको प्रचलन धेरै पहिले चीनबाट सुरु भएको बुझिन्छ । वस्तु वा व्यक्तिको गुणदोष प्रमाणित गर्ने पद्धति नै मूल्याङ्कन हो ( पराजुली र अन्य, २०६६ : ५६) । मूल्याङ्कनलाई परीक्षाको नामले प्रयोग गर्ने परम्परागत चलन देखिन्छ । शिक्षणीय सन्दर्भबाट हेर्दा विद्यार्थीले कुनै अध्ययनीय विषय कतिसम्म घोकेर लेख्छ र मुखाग्र गरेर सुनाउन सक्छ । त्यसैका आधारमा मूल्याङ्कनको स्वरूप निर्धारण भएको देखिन्छ । तर समय परिवर्तन सँगसँगै मूल्याङ्कनको अवधारणामा पनि परिवर्तन हुँदै गयो ।

जुनसुकै कार्यक्रमपछि मूल्याङ्कन गरिने र त्यसबाट कार्यक्रमको लेखाजोखा हुने गर्दछ । शिक्षा क्षेत्रमा निर्धारित उद्देश्य प्राप्तिका लागि शिक्षण सिकाइ कार्यक्रम सञ्चालन हुन्छन् । शैक्षिक सिकाइबाट अपेक्षित उपलब्धि हासिल भए वा भएनन् र विद्यार्थीको अनुहारका के-के परिवर्तन आयो वा आएन जस्ता कुराको लेखाजोखा गर्ने प्रक्रिया मूल्याङ्कन हो । यसबाट उद्देश्य पूरा हुन नसक्नुका कारणहरू खोजी शिक्षण सिकाइमा सुधार गर्नका लागि सुधारात्मक शिक्षण योजना बनाउन सकिन्छ (सुवार, २०६६ : ५) ।

जीवनका लागि कारवाहीमा व्यक्तिले गल्ती गर्न सक्छ । त्यसको पहिचान गरी तिनलाई आगामी दिनमा दोहोरिन नदिन मूल्याङ्कनले मार्गदर्शन दिन्छ । विद्यार्थीको उपलब्धिलाई परीक्षा तथा अन्य साधनहरूबाट पनि परीक्षण गरिन्छ । शैक्षिक कार्यक्रमको सिङ्गो रूपमा मूल्याङ्कन गरेर कार्यक्रमकै कमीकमजोरी भए सुधार्ने सन्देश समेत मूल्याङ्कनले दिने हुँदा शैक्षिक क्षेत्रमा यसको भूमिका महत्त्वपूर्ण रहेको ठानिन्छ (पराजुली, २०६६ : १९) ।

## २.२ परीक्षा र मूल्याङ्कन

परम्परागत रूपमा यो दुई शब्दलाई समानार्थी रूपमा प्रयोग गर्ने गरेको पाइन्छ तर यी दुईमा फरक अवस्था छ । मूल्याङ्कनका लागि मापन अनिवार्य शर्त हो भने परीक्षा मापनको एउटा प्रक्रिया हो (शर्मा र अन्य, २०६१ : १४९) । परीक्षा अवलोकन आदिको

सहयोगको मापनले कुनै पनि वस्तु वा व्यक्तिको कोरा प्रमाण तयार गर्दछ तर निर्णय गर्न सक्दैन र मापनका सबै सूचनाको विश्वसनीयता र वैधता पनि निश्चित गर्न सक्दैन । यस्तो सही र गलत विश्वसनीय र वैध-अवैधको निर्णय मूल्याङ्कनबाट हुन्छ । वस्तुतः मूल्याङ्कन भनेको ब्यापक, विस्तृत र निरन्तर चल्ने निर्णय प्रक्रिया हो । परीक्षा भने मूल्याङ्कनको एउटा साधन मात्र हो ।

परीक्षा मूल्याङ्कनको साधन मात्र भए पनि शैक्षिक क्षेत्रमा यसको ठूलो महत्त्व छ । कुनै कार्यक्रमको उद्देश्य पाठ्यक्रम, साधन, सामग्री, प्रक्रिया, शिक्षक दक्षता, विद्यार्थीको अभिक्षमता तथा उपलब्धि पक्षको सही प्रमाण ठानी जटिलता, सरलता र स्तरयुक्तता, उपयुक्तता र प्रभावकारीता आदिको सूचना दिएर संशोधन र परिष्कार गर्ने निदानात्मक एवम् पृष्ठपोषणीय मूल्याङ्कनलाई परीक्षाले नै वास्तविक सहयोग पुऱ्याउँछ । शिक्षा क्षेत्रमा शैक्षणिक उद्देश्य सिकाइ अनुभव र मूल्याङ्कनका बीचमा सम्बन्ध जोड्ने काम परीक्षाले नै गर्दछ ।

मूल्याङ्कनको कार्यक्षेत्र ब्यापक भए पनि मूलरूपमा यो शैक्षिक, प्रशासनिक, पथप्रदर्शनीय तथा अनुसन्धानात्मक कार्यमा संलग्न हुन्छ । विषयको प्रकृति र उद्देश्य अनुसार परीक्षाका पनि अनेक भेद हुन्छन् । प्रवेश परीक्षा, स्तरयुक्त परीक्षा, सामयिक परीक्षा, वार्षिक परीक्षा, रूची परीक्षा, बौद्धिक परीक्षा र सीपगत परीक्षा आदि ।

परीक्षाका विभिन्न भेद उपभेद भए पनि हाल प्रचलित मौखिक, लिखित र प्रयोगात्मक परीक्षाहरू नै सबै प्रकारका परीक्षाका आधारहरू हुन् ।

## २.३ भाषिक मूल्याङ्कन र परीक्षण

भाषिक मूल्याङ्कन भाषिक सीप र सुनाइ, बोलाइ, पढाइ, लेखाइहरूसँग जोडिएको हुन्छ । परम्परागत दृष्टिमा भाषिक मूल्याङ्कन केवल लेखाइ कार्यबाट मात्र हुने गरेको र अन्य पक्षलाई उपेक्षा गरिएको थियो तर हाल भाषिक सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई तहगत आधार बनाएर मूल्याङ्कन गर्ने प्रचलन आइसकेको छ (पौडेल र अन्य, २०६० : २१२) । तल्लो तहमा सुनाइ र बोलाइलाई विशेष ध्यान दिइएको हुन्छ भने माथिल्लो तहमा पढाइ र लेखाइलाई बढी अङ्कभार दिई समय निर्धारण गर्ने गरेको पाइन्छ । मूलतः भाषाको ग्रहण पक्ष (सुनाइ पक्ष) र अभिव्यक्ति पक्ष (बोलाइ र लेखाइसँग) सम्बन्धित सीप र कलाको लेखाजोखा गरी पृष्ठपोषण दिनुमा नै केन्द्रित रहेको पाइन्छ ।

भाषिक मूल्याङ्कनको उपयोगिता शिक्षक र विद्यार्थीको आन्तरिक भाषा पाठ्यक्रम निर्माता, भाषाविद् तथा शिक्षाविद् र भाषा पाठ्यपुस्तक, पाठ्यसामग्री निर्माताका लागि समेत उत्तिकै रहेको छ । यसले भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्मातालाई सम्बन्धित स्तरीय तथा प्रभावकारी लेखाजोखा गरी स्तर निर्धारण गर्न भाषाविद् एवम् शिक्षाविद्लाई सम्बद्ध भाषिक क्षमताको आँकलन गरी एकभाषिकता, द्विभाषिकता वा बहुभाषिकता आदिका कारण सहज बन्न पुगेको सिकाइ भाषिक मूल्याङ्कनबाट नै प्राप्त हुन्छ (पौडेल, २०६१ : २१९) ।

## २.४ भाषिक मूल्याङ्कनको प्रकृति

भाषिक मूल्याङ्कनको प्रकृतिलाई हेर्दा मूलतः भाषिक सीपहरूको परीक्षण प्रयोग फरक प्रकृतिको र भाषिक धारणाहरूको परीक्षण सैद्धान्तिक प्रकृतिको देखा पर्दछ । भाषा शिक्षणको अभिप्राय भाषिक सीपको कुशलतापरक विकासमा केन्द्रित रहने हुनाले यसको परीक्षण प्रयोगपरक प्रकृतितर्फ झुक्नुपर्छ तथापि भाषिक सीपलाई सहायक हुने भाषिक धारणाहरूको परीक्षण सैद्धान्तिक प्रकृतितर्फ झुक्नु अस्वभाविक होइन । नयाँ पाठ्यक्रम अनुसार २०५७/०५८ देखि विद्यालय तहको भाषा विषय मध्ये अङ्ग्रेजी सुनाइ, बोलाइ परीक्षाको थालनी भएको छ । जसमा २० पूर्णाङ्क विभाजन गरिएको छ । तर नेपाली शिक्षामा प्रा.वि.तहमा मात्र यस्तो व्यवस्था भएकाले सुनाइ, बोलाईलाई माथिल्ला कक्षामा कम महत्त्व दिइएको पाइन्छ । भाषिक सीपहरूको मूल्याङ्कन विभिन्न प्रकृतिबाट हुने भए पनि प्रचलनमा रहेका परीक्षण तरिकाबारे चर्चा गर्न सान्दर्भिक ठानिएको छ (शर्मा र पौडेल, २०६० : २२८) ।

### २.४.१ एकीकृत र पृथकीकृत परीक्षण

भाषिक सबै सीपहरूलाई एकमुष्ठ रूपमा परीक्षण गर्नुलाई एकिकृत परीक्षण भनिन्छ (पौडेल र अन्य, २०६० : १३) । यस्तो प्रकृतिको परीक्षणले भाषाका चारवटै सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइको परीक्षण गर्न सक्षम हुन्छ तर यस्तो परीक्षणलाई जटिल र कम विश्वसनीय मानिन्छ । नेपाली भाषाका पाठ्यक्रम समावेश गरिएका बुँदा टिपोट, सारांश, संक्षेपीकरण र बोधका साथै अनुच्छेद लेखन, टिप्पणी लेखन, चिठी लेखन, निबन्ध प्रतिवेदन लेखन, दैनिकी लेखनजस्ता सीपको परीक्षणमा एकीकृत पद्धति अँगाल्नु राम्रो हुन्छ ।

### २.४.२ पहिचानात्मक र उत्पादनात्मक परीक्षण

पाठ्यवस्तुहरूको परीक्षण पहिचानात्मक र उत्पादनात्मक दुवै ढङ्गले गर्न सकिन्छ । व्याकरणले सैद्धान्तिक ज्ञानसँग सम्बन्धित पाठ्यपुस्तकहरूको परीक्षण बहुवैकल्पिक, खाली ठाउँ भर्ने, जोडा मिलाउने, समूह छुट्याउने आदि प्रश्नहरूको आधारमा पनि गर्न सकिन्छ । शब्द भण्डारको परीक्षणका लागि यस्ता प्रश्नहरू उपयोगी हुन्छन् र उक्त प्रश्नद्वारा परीक्षण पहिचानात्मक प्रकृतिको हुन्छ । जब पाठ्यपुस्तकहरूको ज्ञान सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूद्वारा जाँच्न खोजिन्छ तब त्यस किसिमको परीक्षण पहिचानात्मक नभई उत्पादनात्मक प्रकृतिको हुन्छ । संज्ञानात्मक खालका ज्ञान जाँच्न सङ्क्षिप्त उत्तरात्मक वा निबन्धात्मक खालको प्रश्न यस अन्तर्गत पर्छन् तर सुनेको, पढेको र कण्ठस्थ गरेकोसँग सम्बन्धित प्रश्नद्वारा सैद्धान्तिक ज्ञानभन्दा प्रयोग पक्ष जाँच्न खोजिएको हुन्छ । त्यसैले त्यस्ता प्रश्नको झुकाव उत्पादनात्मकता तिर हुन्छ । अभिव्यक्ति सीपसँग सम्बन्धित सबै पाठ्यवस्तुहरूको परीक्षण पूर्णतः उत्पादनात्मक प्रकृतिको हुन्छ (पौडेल, २०६१ : २४०) ।

### २.४.३ औपचारिक र अनौपचारिक परीक्षण

भाषिक सीपको परीक्षण निश्चित पाठ्यक्रमकै आधारमा निर्णयात्मक दृष्टिले गरिन्छ । त्यस्तो प्रकृतिको परीक्षणलाई औपचारिक परीक्षण भनिन्छ । यस्तो परीक्षणबाट विद्यार्थीलाई उत्तीर्ण अनुत्तीर्ण घोषित गर्नमा केन्द्रित गराइन्छ । यस्तो परीक्षण शिक्षण सिकाइको साधन नभएर साध्य बन्न पुग्छ ।

अनौपचारिक परीक्षण अभ्यासात्मक हुन्छ जसले मूल्याङ्कनलाई औपचारिक कार्यहरूमा संलग्न गराई शिक्षण परीक्षण पुनः परीक्षण तथा पुनः शिक्षण परीक्षणको चक्रीय प्रक्रिया अँगालेर परीक्षाबाट प्राप्त परिणामहरूलाई विद्यार्थीको सिकाइ र शिक्षकको शिक्षण प्रक्रियामा सुधार ल्याउने काममा प्रयोग गरिनुपर्छ ।

### २.४.४ परीक्षाका अन्य युक्तिहरू

हाल प्रचलनमा रहेका परीक्षाका तीन युक्तिहरू छन् : लिखित, मौखिक र प्रयोगात्मक । यिनीहरूको सङ्क्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

### २.४.४.१ लिखित परीक्षा

लिखित परीक्षा निर्णयात्मक र निर्माणात्मक दुवै कार्यका दृष्टिले उपयोगी मानिन्छन् । भाषिक अभिव्यक्ति सीप र त्यसका अन्य पक्षहरूको परीक्षणका लागि लिखित परीक्षा अनिवार्य मानिन्छ । बोध क्षमता भाषामुताविक धारणा र यसको परीक्षणमा पनि लिखित परीक्षा उपयोग गर्ने गरिन्छ । यसबाट श्रुतिबोध, पठनबोध र लेखाइ सीपको परीक्षण सम्भव भए तापनि संवाद, वादविवाद, मनोवाद आदि पक्षहरूको परीक्षण सम्भव देखिँदैन । लिखित परीक्षा अपनाउँदा निकै सचेतताको आवश्यकता पर्दछ । लिखित परीक्षा वस्तुगत र विषयगत प्रश्नहरूको निर्माण गरी परीक्षण गर्ने प्रचलन छ । ठीक, बेठीक छुट्याउने, खाली ठाउँ भर्ने, जोडा मिलाउने र बहुवैकल्पिक प्रश्न वस्तुगत हुन् । वस्तुगत प्रश्न निर्माण गर्न गाह्रो तर परीक्षणमा सरल हुन्छ । विषयगत प्रश्न निर्माण गर्न सजिलो तर परीक्षणमा कठिन हुन्छ (बस्नेत, २०६२ : ११) ।

### २.४.४.२ मौखिक परीक्षा

प्रत्यक्ष सम्पर्क गरी मौखिक रूपमा प्रश्नोत्तर गर्ने कार्यलाई मौखिक परीक्षा भनिन्छ । यो परीक्षकद्वारा दिइएको प्रश्नमा परीक्षार्थीले दिएको उत्तरको स्तर, सत्यता मात्रा, विशेषता र गुणका आधारमा परीक्षार्थीको स्तर निर्धारण गर्ने प्रक्रिया हो । लिखित र प्रयोगात्मक परीक्षाबाट लेखाजोखा गर्न नसकिएका कतिपय पक्षहरूको मूल्याङ्कन गर्न यसको प्रयोग गरिन्छ । यस्तो जाँचबाट सुनाइ, बोलाइ सम्बन्धी सीपहरू र वस्तुगत तथा चित्र वर्णन, सस्वर पठन, उच्चारण, शब्दप्रयोग जस्ता कुराहरूको मूल्याङ्कन गर्न सकिन्छ ।

### २.४.४.३ प्रयोगात्मक परीक्षा

लिखित र मोखिक परीक्षाबाट मापन गर्न नसकिने पाठ्यवस्तुको परीक्षणका लागि प्रयोगात्मक परीक्षाबाट मूल्याङ्कन गर्ने गरिन्छ । खासगरी प्रयोगात्मक परीक्षाको क्षेत्र व्यक्तिको गति, क्रिया, सीपसँग सम्बन्धित हुने गर्दछ । प्रयोगात्मक परीक्षाले विद्यार्थीको मनोक्रियात्मक क्षेत्रले व्यवहारिक परिवर्तन एवम् विकासको मापन गर्ने गर्दछ । यो विद्यार्थीले हाँसिल गरेका सीपको मूल्याङ्कन गर्न सकिन्न । यसले सिद्धान्तलाई मूर्त रूप दिन व्यवहारिक प्रयोगमा जोड दिने लिखित नतिजालाई पूरक रूपमा पुष्टि गर्न व्यवसायिक एवम् पेसागत सीप विकासको समेत अवसर दिने हुनाले यसको मूल्याङ्कन एवम् परीक्षणको

क्षेत्रमा महत्त्वपूर्ण स्थान छ । यस्तो परीक्षा चुनौतिपूर्ण भए पनि परीक्षण र मापनमा सकेसम्म वैध र विश्वसनीय कार्य होस् भन्ने हेतुले जाँचसूची, श्रेणीमापन जस्ता साधनको प्रयोग गरिन्छ । सुनाइएको एकाग्रता, बोलाइएको हाउभाउ र चेष्टा सस्वर पढाइको अवरोह, गति, यति, लय, उच्चारण जस्ता कुराहरूको जाँच प्रयोगात्मक परीक्षाबाट हुने गर्दछ ।

## २.५ परिक्षणका प्रचलित तरिका

शिक्षणको उद्देश्य र प्रयोजन अनुसार परीक्षणका विभिन्न तरिका अपनाए तापनि सिद्धान्ततः तीनलाई निम्नलिखित दुई वर्गमा बाँडेर हेर्न सकिन्छ ।

### २.५.१ स्तरयुक्त परीक्षा

यो एउटा पूर्वघोषित परीक्षा हो । स्तरयुक्त परीक्षा लिनु अघि पूर्व निरीक्षण गरिन्छ । विभिन्न विशेषज्ञद्वारा प्रश्न निर्माण गरिन्छ । स्तरयुक्त परीक्षा योजनाबद्ध र विस्तृत रूपमा सञ्चालन गरिन्छ । ज्ञान र दक्षतालाई बढी समेटी प्रश्नको उत्तर उच्च बनाइन्छ (भट्टराई र धामी, २०६७ : २१६) ।

### २.५.२ अध्यापक निर्मित परीक्षा

यस्तो प्रकारको विषय शिक्षणको क्रममा कक्षाको आवश्यकता अनुसार शिक्षकद्वारा अपनाइने परीक्षण प्रक्रियामा आधारित हुन्छ । स्तरयुक्त परीक्षाको दाँजोमा यो किफायत प्रविधिमा सुलभ र कम समयमा प्रयोग गर्न सकिन्छ । यस्तो प्रकृतिको परीक्षा निर्माणात्मक किसिमको हुने गर्दछ (भट्टराई र धामी, २०६७ : २१८) ।

स्थानीय स्रोत, साधन र आवश्यकताको उपयोगका दृष्टिले पनि अध्यापक निर्मित परीक्षा सरल, सगम र व्यावहारिक भएको पाइन्छ । शिक्षणीय विषयवस्तुको सीमाभित्र बाँधिएर अभिप्रेरणामूलक शिक्षण सिकाइ कार्य सञ्चालन गर्न निराकरणात्मक शिक्षण प्रक्रियाहरू रोज्न तथा वाञ्छित उद्देश्य अनुरूपका अपेक्षित उपलब्धिहरू विद्यार्थीहरूमा स्तरयुक्त ढङ्गले विकास गर्नमा अध्यापक निर्मित परीक्षा सहायक हुन्छ । तालिमप्राप्त शिक्षकहरूको अभाव, कार्यबोध, अधिकता र अत्याधुनिक मापन र मूल्याङ्कनले गर्दा अवधारणाहरूको कम जानकारी, स्रोत र साधनहरूको अभाव, आर्थिक अभाव, वस्तुगत समस्याले अध्यापक निर्मित परीक्षा राम्रोसँग व्यवहारमा उत्रन नसकेको देखिए तापनि यी

समस्याहरूको समाधानको उपायहरू खोजी उपयुक्त व्यवस्था मिलाउन सकेको खण्डमा वाञ्छित लक्ष्यसम्म पुग्न सक्ने देखिन्छ (बस्नेत, २०६२ : १२) ।

## २.६ भाषिक परीक्षण योजना

भाषिक सीप परीक्षणको हालसम्मको स्थितिलाई हेर्दा हतारहतारमा हचुवाको भरमा प्रश्नपत्रहरू निर्माण गर्ने प्रचलन रहेको छ । यसरी प्रश्नपत्रहरू निर्माण गर्दा जुन सीपको परीक्षण हुनुपर्ने हो, त्यसरी नभएको पनि देखिन्छ । तसर्थ भाषिक परीक्षणका लागि योजनाबद्ध ढङ्गले प्रश्नपत्रहरू निर्माण गर्दा सामान्यतः निम्नानुसारका चरणहरू पूरा गर्नुपर्ने हुन्छ (ज.ब.रा. र अन्य, २०५८ : ६५) ।

### २.६.१ पाठ्यक्रम विश्लेषण

के, कति, कसरी, कहिले शिक्षण गर्ने भन्ने कुराको निर्धारण पाठ्यक्रमले गर्ने हुनाले परीक्षण योजना निर्माण गर्दा पाठ्यक्रमको अध्यापन, विश्लेषणपश्चात् परीक्षण योजना गर्दा परीक्षा वैध र विश्वसनीय बन्ने गर्दछ ।

### २.६.२ परीक्षण उद्देश्यको निर्धारण

निश्चित तह वा कक्षाका विद्यार्थीहरूको कुनै खास शैक्षिक सत्रको अवधिमा हासिल हुनुपर्ने भाषिक सीप र ती सीप परिपूर्ति गर्न अपनाइएका शिक्षण विधि तथा सामग्रीहरू लगायत विद्यार्थीहरूको क्षमता स्तर आदि कुराहरूमा विचार पुर्‍याई परीक्षण उद्देश्यको निर्धारण गरिनुपर्दछ । पाठ्यक्रमको अपेक्षा स्तर आदि परीक्षणका गुणहरूमा विचार पुर्‍याउनु पनि आवश्यक हुन्छ । परीक्षण र उद्देश्यका क्षेत्रहरूलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

#### २.६.२.१ संज्ञान क्षेत्र

कुनै पनि शैक्षिक कार्यक्रमको लक्ष्य संज्ञानात्मक क्षेत्रमा व्यावहारिक परिवर्तन गर्नु रहेको छ । परीक्षण योजना निर्माण गर्दा यी क्षेत्रहरूको ख्याल गरिनुपर्छ । संज्ञानात्मक क्षेत्रसँग सम्बन्धित व्यावहारिक परिवर्तन मापन गर्न सक्ने विषयवस्तु र प्रश्नहरूको छनोट गरी परीक्षण योजना तर्जुमा गर्नुपर्दछ । संज्ञानात्मक क्षेत्रमा निम्नलिखित उद्देश्य र विषयवस्तु समाविष्ट हुन्छन् (पराजुली र अन्य, २०६५ : ८६) ।

ज्ञान, बोध, प्रयोग, विश्लेषण, संस्लेषण, मूल्याङ्कन आदि ।

### २.६.२.२ प्रभावी क्षेत्र, भावनात्मक क्षेत्र

परिक्षण योजना निर्माण गर्दा विद्यार्थीका धारणा र अभिवृत्तिहरूलाई मापन गर्न सक्ने गरी बनाउनु पर्दछ । परीक्षण विषयवस्तु वा प्रश्नहरूको प्रभावी क्षेत्रका सीप एवम् सिकाइ अनुभवलाई मापन गर्न सकेनन् भने परीक्षणको औचित्य समाप्त हुन्छ । यस तहका विषयवस्तुको मूल ध्येय अनुभव, भावना, अभिरुचि र पक्षलाई समेट्ने उद्देश्यहरूको परीक्षण गर्नु हो (पराजुली, २०६६ : ८६) । यस क्षेत्र अन्तर्गत प्राप्त गर्नु वा ध्यानि दिनु, प्रतिक्रिया गर्नु, मूल्य प्रदान गर्नु, सङ्गठन गर्नु र चारित्रिकीकरण गर्नु आदि पर्दछन् ।

### २.६.२.३ मनोक्रियात्मक क्षेत्र

शरीरका विभिन्न अवयवहरूको स्नायुसँग समन्वय कायम गर्ने व्यवहारलाई वर्णन गर्ने, मापन गर्ने वा परीक्षण गर्ने क्षेत्रलाई मनोक्रियात्मक क्षेत्र भनिन्छ । यस क्षेत्रमा क्रिया, गति, तथा सीप जस्ता गुणहरू पर्दछन् । यस अन्तर्गत उत्प्रेरणा, निपुणता, नियन्त्रण, समायोजना र स्वभावीकरण  जस्ता कुराहरू पर्दछन् ।

### २.६.३ विशिष्टीकरण तालिकाको निर्माण र प्रयोग

पाठ्यक्रमका अपेक्षाहरूको विश्लेषण गरेर परीक्षणीय उद्देश्यहरूको निर्धारण गरिसकेपछि परीक्षणीय विषयवस्तु परीक्षण, प्रश्नका प्रकार, प्रश्नसङ्ख्या, अङ्कभार, समय तथा परीक्षणीय उद्देश्यका क्षेत्र एवम् तहहरूको स्पष्ट खाकालाई नै विशिष्टीकरण तालिका भनिन्छ (शर्मा र पौडेल, २०६० : २३०) । यस तालिकाको प्रयोगले प्रश्न निर्माणमा सरलता प्रदान गर्नुका साथै परीक्षणीय दृष्टिकोणले महत्त्वपूर्ण मानिएका पक्षहरू छुट्न पाउँदैनन् । विशिष्टीकरण तालिकाको प्रयोगले समय, पाठ्यभार र अङ्कभारको सन्तुलित वितरण भई स्तरीय प्रश्न निर्माण गर्न एवम् परीक्षण मूल्याङ्कन गर्नमा समेत मद्दत मिल्दछ ।

### २.६.४ प्रश्नरचना

पाठ्यक्रममा लिखित वा मौखिक ढङ्गले अपेक्षित उद्देश्यहरूको प्राप्ति, विद्यार्थीहरूमा के, कति मात्रामा भयो भनी मापन गर्ने प्रमुख आधारका प्रश्नहरू हुन् । प्रश्नहरू निर्माण गर्दा उद्देश्यपरकता, वैधता, विश्वसनीयता, व्यापकता, विभेदकारिता, व्यावहारिक योग्यता जस्ता वाह्य र आन्तरिक गुणले युक्त भएका, दोहोरो अर्थ नलाग्ने,

स्पष्ट निर्देशन, बहुमुखीरहित, पुच्छररहित प्रश्नहरूको निर्माण गर्नु पर्दछ । विषयवस्तुको व्यापकता, विविधता समेटिएका प्रश्नहरू निर्माण गर्नु आवश्यक हुन्छ (पराजुली र अन्य, २०६६ : ३४) ।

### २.६.४.१ प्रश्नका प्रकार

प्रचलनमा रहेका प्रश्नका प्रकारहरूलाई हेर्दा दुई प्रकारका प्रश्न भेटिन्छन् :

### २.६.४.१.१ वस्तुगत प्रश्न

लामो उत्तर लेखिरहन नपर्ने ठीक उत्तर मात्र छनोट गरे पुग्ने प्रश्नपत्रमा नै एक दुई शब्द वा पदावलीमा उत्तर दिने वा चिह्न लगाउने प्रश्नलाई वस्तुगत प्रश्न भनिन्छ (पराजुली, २०६६ : ११३) । वस्तुगत प्रश्नका उत्तरहरू पूर्व निर्धारित हुने गर्दछन् । पहिचानात्मक विशेषता भएका यस्ता प्रश्नहरू बोध, उच्चारण, शब्दार्थ, शब्दप्रयोग, वर्णविन्यास, व्याकरणात्मक तत्त्वहरूको पहिचान गर्ने प्रश्नहरूमा परीक्षणको व्यापकता र विश्वसनीयता कायम गर्न निकै उपयोगी मानिन्छ । शिक्षार्थीको भाषिक क्षमता जाँच्ने क्रममा परीक्षणको व्यापकता बढाउन वस्तुगत प्रश्नले निकै मद्दत पुऱ्याउने देखिन्छ । हाल प्रचलनमा रहेको वस्तुगत प्रश्नहरू यसप्रकार छन् :

### २.६.४.१.१.१ बहुविकल्पी/बहुवैकल्पिक प्रश्न

एउटा प्रश्नको धेरै विकल्प उत्तरहरू हुने प्रश्नलाई बहुविकल्पी प्रश्न भनिन्छ (पराजुली र अन्य, २०६६ : १०३) यस्ता प्रश्नमा तीनदेखि पाँचओटासम्म विकल्प उत्तरहरू प्रश्नसँगै दिइएका हुन्छन् । विद्यार्थीले सही उत्तरमा चिनो लगाउने गर्नु पर्दछ । यस्ता प्रश्नहरूलाई वस्तुगत प्रश्नहरूमध्ये सबैभन्दा उत्तम मानिन्छ । ती बोध र पठनबोधका परीक्षण गर्न तथा आंशिक रूपमा व्याकरणतत्त्व एवम् वर्णविन्यास सुरु समेतको परीक्षणका निम्ति यस प्रकृतिका प्रश्नहरूको उपयोग गर्न सकिन्छ । यस प्रकृतिका प्रश्नहरूको विद्यार्थीको तर्क, योग्यता, स्मरण, समझदारी विभाजन र तुलना गर्ने जस्ता क्षमताको विकास गराउनमा सघाउ पुऱ्याउने मानिन्छ ।

### २.६.४.१.१.२ खाली ठाउँ भर्ने प्रश्न

मुख्य मुख्य शब्द वा पदावली खाली राखी विद्यार्थीलाई भर्न लगाउने प्रश्नलाई खाली ठाउँ भर्ने प्रश्न भनिन्छ (पराजुली, २०६६ : १०४) । विशिष्ट तथ्यको ज्ञान, पदको ज्ञान, सिद्धान्तको ज्ञान, विधिको ज्ञान, विषयमा भएका विभिन्न मितिहरू, नामहरू, शब्दहरू, वाक्यांशहरू आदि विद्यार्थीलाई आउँछ आउँदैन भनी यस्ता प्रश्नको प्रयोग गरिन्छ ।

### २.६.४.१.१.३ जोडा मिलाउने प्रश्न

दुई विषयलाई दुई अलग अलग समूहमा मात्रा वा पङ्क्तिमा छ्यासमिस गरी राखेर तिनीहरूको सम्बन्धको आधारमा जोडा मिलाउने प्रश्नलाई जोडा मिलाउने प्रश्न भनिन्छ (पराजुली, २०६६ : १०४) । यस्ता प्रश्नको उत्तर दिँदा एक समूहमा दिइएको तथ्यलाई अर्को समूहसँग दाँज्नुपर्छ । तथ्य कुराहरू जाँच्न वा दुई वस्तुबीच सम्बन्ध जोड्ने क्षमता थाहा पाउन एउटा प्रश्नमा धेरै कुरा समेट्न समेत जोडा मिलाउने प्रश्नहरू निर्माण गरिन्छ । यस्ता प्रश्नको मापनमा विश्वसनीयता बढी हुन्छ । धर्को तानेर अथवा समूहको सङ्केतलाई अर्को समूहको निर्दिष्ट स्थानमा लेखेर जोडा मिलाउने प्रविधि यसमा मिलाइएको हुन्छ ।

### २.६.४.१.१.४ ठीक बेठीक छुट्याउने प्रश्न

दिइएको वाक्य ठीक वा बेठीक साँचो झुटो हो होइन भनी छुट्याउनु पर्ने प्रश्नलाई ठीक बेठीक प्रश्न भनिन्छ (शर्मा, २०६० : १६४) । विद्यार्थीहरूको स्मरणशक्ति जाँच्न सबै विषयका निम्ति यस्ता उपयोगी हुन्छन् तर यस्ता प्रश्नहरूमा माथिल्ला तह वा कक्षामा भन्दा तल्ला वा प्रारम्भिक तह र कक्षामा उपयोगी मानिन्छ । चिनो लगाउने वा ठीक बेठीक लेख्ने निर्दिष्ट स्थान यसमा तोकिएको हुन्छ ।

### २.६.४.१.२ विषयगत प्रश्न

विषयवस्तुलाई विशेष जोड दिएर विषयवस्तुको ज्ञान क्षमता जाँच्न निर्माण गरिने प्रश्नहरूलाई विषयगत प्रश्न भनिन्छ (पराजुली र अन्य, २०६६ : १०१) । सोधिएका विषयमा जोड दिएर उत्तर दिनुपर्ने भए तापनि विद्यार्थीहरूको व्यक्तिगत क्षमताको समेत समावेश हुने भएकाले यस्ता प्रकृतिका प्रश्नलाई विषयगत प्रश्न पनि भन्ने गरिन्छ । विषयगत प्रश्नलाई पनि विशेष गरी दुई भागमा बाँड्न सकिन्छ ।

### २.६.४.१.२.१ निबन्धात्मक प्रश्न

विद्यार्थीको विषयप्रतिको ज्ञान, विषयको अभिव्यक्ति, मौलिकता, विश्लेषण क्षमता, आलोचना, समालोचना आदि गर्न सक्ने क्षमताको मूल्याङ्कन गर्ने उद्देश्यले निर्माण गरिएका प्रश्नहरूलाई नै निबन्धात्मक प्रश्न भनिन्छ । लिखित अभिव्यक्ति सीप परीक्षणका लागि उपयुक्त मानिने उक्त प्रश्नहरू वाक्य रचनागत उपयुक्तता, शब्द प्रयोगता उपयुक्तता, वैचारिकता, सिलसिलाबद्धता, वर्णविन्यास, विराम चिह्न प्रयोग, किनारा छोडाई र रखाइ आदि समग्र पक्षको परीक्षणका निम्ति निबन्धात्मक प्रश्नहरू उपयुक्त ठानिन्छन् । विश्वसनीयता, वैधता, प्रमाणिकता जस्ता मापनीय गुणको भने कमी नै रहेको हुन्छ (पराजुली र अन्य, २०६६ : १०१) ।

### २.६.४.१.२.२ संक्षिप्त उत्तरात्मक प्रश्न

प्रश्नहरूको उत्तर छोटो, सरल तथा स्पष्ट तरिकाले लेख्नुपर्ने प्रश्नलाई सङ्क्षिप्त उत्तरात्मक प्रश्न पनि भनिन्छ । यो प्रश्न निबन्धात्मक र वस्तुगत प्रश्नका बीचको प्रश्न हो । व्यैयक्तिक शैली, प्रस्तुति सङ्गठन तथा वैचारिकता आदिका दृष्टिले निबन्धात्मकताको गुण र सङ्क्षिप्तता र विषयवस्तुको व्यापक ओगटाई सङ्ख्यात्मक बहुलता, प्रयोगपरता, प्रयोग पहिचानात्मकता आदिका दृष्टिले वस्तुगतताको गुणसमेत झल्कने यस्ता प्रश्नलाई वस्तुगत र विषयगत प्रश्नको मध्यमार्गी प्रश्न पनि भनिन्छ (पौडेल, २०५८ : ४५) । विद्यार्थीको विचार गर्ने शक्ति र सोच्ने शक्तिको विकास गर्न यस्ता प्रश्नहरू ज्यादै उपयोगी हुने गर्दछन् । वैयक्तिक शैली, प्रस्तुति, सङ्गठन तथा वैचारिकता आदिका दृष्टिले निबन्धात्मक प्रश्नको तुलनामा यस प्रकृतिका प्रश्नहरूको उत्तर परीक्षण गर्न सजिलो हुन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकको धेरै अंशलाई समेट्ने विद्यार्थीको कमजोरी छिट्टै पत्ता लगाउन सकिने उत्तरपुस्तिका परीक्षणमा सरलता, विश्वसनीयता र वैधता प्रशस्त हुने जस्ता विशेषताहरू यस्ता प्रश्नमा हुने गर्दछन् । विद्यार्थीको मौलिक तथा सङ्गठनात्मक लेखन क्षमताको जाँच गर्न यस्ता प्रश्नमा प्रायः सकिँदैन ।

## २.७ प्रश्नको सङ्गठन, निर्देशन र अन्तिम तयारी

प्रश्नहरूको निर्माण गरेर मात्र परीक्षण योजना पूरा हुँदैन । प्रश्नहरूलाई सरलदेखि जटिलताको क्रम निर्धारण गरेर हेरेर प्रश्नको जवाफ दिने तरिका, अपेक्षा गरिएको जवाफ

तथा अङ्कलन प्रक्रिया समेत स्पष्ट हुनुपर्दछ । स्पष्ट निर्देशन, स्पष्ट भाषामा गरिनुपर्दछ । यसरी प्रश्नको सङ्गठन र निर्देशन पश्चात् पुनः जाँचेर उचित सम्पादन गर्नु पर्दछ । प्रश्नहरूको सङ्ख्या परीक्षण समय र स्थान पहिला नै पर्याप्त व्यवस्था गरिनुपर्दछ (पोखेल, २०६७ : १९) ।

## २.८ परीक्षण प्रशासन र अङ्कन विधि

परीक्षण स्थान, परीक्षार्थीको सङ्ख्या, भवन, कोठा, फर्निचर, वातावरणीय सुरक्षा, कर्मचारी आदिको उचित प्रबन्ध र कार्यान्वयन नै परीक्षा प्रशासन हो । उचित व्यवस्थापन पछि उत्तरपुस्तिकाको सङ्कलन पश्चात् उत्तरहरूको अङ्कन कार्य गरिन्छ । अङ्कन प्रक्रिया सुरक्षित वैज्ञानिक, व्यवस्थित र अङ्कमापनमा पारदर्शिता ल्याउन परीक्षण प्रयास र अङ्कन विधिको समुचितता हुनुपर्दछ । अङ्कमापन कार्यमा जटिलता उत्पन्न गर्ने विषयगत प्रश्नको अङ्कमापन गर्दा मापनीय तरिका बुँदा र अङ्क विभाजन तालिकाको रूपरेखा सहित परीक्षण गरी अङ्क प्रदान गर्ने व्यवस्था समूचित ढङ्गबाट मिलाउनु पर्दछ । अङ्कन कार्यमा सरलता ल्याउने वस्तुगत प्रश्नहरूको सन्दर्भमा उपयोगी मानिएको प्रमुख अङ्कमापन विधिलाई यसरी देखाउन सकिन्छ (पराजुली र अन्य, २०६६ : ९८) ।

### २.८.१ बुँदागत अङ्कमापन

प्रश्नका परीक्षणीय आशयलाई विभिन्न बुँदामा परिणत गरी सो अनुरूप प्रश्नको अङ्कभारलाई विभाजित गरेर त्यसै बमोजिम उत्तरमात्र हेरी अङ्कमापन गर्ने विधिलाई बुँदागत अङ्कमापन भनिन्छ (शर्मा र पौडेल, २०६० : २३६) । प्रश्नका उत्तरलाई प्रश्न निर्माणसँग बुँदागत रूपमा तयार गरी तिनको अङ्क विभाजन समेत गरेर सोही अनुरुप बुँदाका आधारमा उत्तरपुस्तिकाको परीक्षण गर्दा वैधता र विश्वसनीयता कायम हुन्छ ।

### २.८.२ प्रश्नगत अङ्कमापन

उत्तरपुस्तिका परीक्षणका ऋममा एउटा उत्तरपुस्तिकाको एकैपटक सबै उत्तरहरूको मापन नगरी एउटा उत्तरपुस्तिकाको पनि सोही प्रश्नको मात्र उत्तर परीक्षण गर्ने प्रक्रिया नै प्रश्नगत अङ्कमापन हो (शर्मा, २०६० : १७२) । एउटा उत्तरपुस्तिकाको परीक्षण गरिसकेपछि अर्को उत्तरपुस्तिकाको परीक्षण गर्दा हुनसक्ने विविध परिस्थिति जस्तै परीक्षकको

मानसिक अवस्था, विचार, भावना आदि कारणहरूले परीक्षणमा विविधता नआओस् भन्ने हेतुले प्रश्नगत अङ्कमापन प्रणालीको विकास गरिएको हो ।

### २.८.३ बहुपरीक्षकद्वारा अङ्कमापन

परीक्षार्थीद्वारा उत्तर पुस्तिकालाई एउटा परीक्षकद्वारा मात्र अङ्कन नगराई तीन चारजना परीक्षकद्वारा अङ्कन गराउने र औसत अङ्कलाई निर्णायक अङ्कका रूपमा स्थापित गर्ने विधिलाई बहुपरीक्षकद्वारा अङ्कमापन भनिन्छ (शर्मा र पौडेल, २०६० : २६८) । अङ्कमा एकरूपता र विश्वसनीयता ल्याउन यो विधि उपयुक्त मानिन्छ ।

### २.८.४ समूहगत अङ्कमापन

परीक्षार्थीका उत्तरपुस्तिकाहरूलाई पहिले सरसर्ती हेरी अति उत्तम, उत्तम, मध्यम, निम्न र अति निम्न आदि समूहमा छुट्याई राख्ने र त्यसपछि एउटा समूहको उत्तर जाँचिसकेपछि क्रमशः अन्य समूहको उत्तर जाँच्ने विधिलाई समूहगत अङ्कमापन विधि भनिन्छ (शर्मा, २०६१ : १७१) । यसरी उत्तर पुस्तिकाको अङ्कन गर्दा वर्गीकरण गर्न कठिन हुने र बौद्धिक वर्गको समेत आवश्यकता पर्ने भए पनि यस विधिद्वारा अङ्कमापन गर्दा एकरूपता विश्वसनीयता र वैधता कायम हुने गर्दछ ।

## २.९ भाषिक परीक्षणका सन्दर्भमा विषयगत प्रश्नहरूको अङ्कमापन

भाषा सीपपरक विषय भएकाले भाषिक प्रश्नहरू अपेक्षाकृत सीपपरक हुनु स्वाभाविक हो (पौडेल र अन्य, २०६० : १७४) । ज्ञान पक्षसँग सम्बन्धित प्रश्नहरूको उत्तर मापन गर्ने आधार तय गर्दा प्रश्नको आशयलाई विश्लेषित गरेर आवश्यकता अनुसार विभिन्न बुँदामा अङ्क विभाजन गरी निबन्धात्मक पक्षलाई बढी जोड दिई मापनको जाँच गर्ने खालका हुन्छन् । यस्तो सीप एकीकृत वा समग्रात्मक ढङ्गको अङ्कमापन नै बढी उपयुक्त हुने देखिन्छ । भाषिक परीक्षणमा अङ्कमापन गर्दा केही कठीनाइहरू अवश्य उत्पन्न हुन्छन् । तुलनात्मक रूपमा अर्थअघातक त्रुटिभन्दा अर्थघातक त्रुटिहरू विशेष महत्त्वका हुने भएकाले परीक्षणको क्रममा उच्च, मध्यम र निम्न समूहका श्रेणीमा विभाजन गरी परीक्षण गर्ने कार्य अपनाउन सकिए पनि विषयपरक अङ्कमापनमा विश्लेषण पद्धतिभन्दा समग्रात्मक पद्धतिको अबलम्बन गर्नु फाइदाजनक हुने गर्दछ (शर्मा, २०६१ : १७१) ।

## २.१० प्रश्न विश्लेषणका आधारहरू

प्रश्न विश्लेषणलाई पदविश्लेषण, एकाइ विश्लेषण, भावी परीक्षाफलको विश्लेषण पनि भन्ने गरिन्छ, शैक्षिक मूल्याङ्कनका सन्दर्भमा प्रश्नको विश्लेषण गरिने हुनाले यसलाई प्रश्न विश्लेषण भन्नु उपयुक्त मानिन्छ । प्रश्नहरू विश्लेषण गर्दा प्रश्नमा हुनुपर्ने न्यूनतम शर्तहरू छन् या छैनन् भनी नियमित गर्ने काम गरिन्छ । प्रश्न विश्लेषणका आधारमा निम्नानुसार प्रचलनमा रहेका छन् (शर्मा र अन्य, २०५६ : १७४) ।

### २.१०.१ तथ्याङ्कशास्त्रीय आधार

प्रश्नपत्रहरूलाई पदविश्लेषण गरी तथ्यको अङ्कन गरी तिनको व्याख्या विश्लेषण गर्नु, तथ्याङ्कशास्त्रीय आधार हो । तथ्याङ्कशास्त्रीय आधारमा अध्ययन गर्दा तह, कक्षा र विषयगत आधारमा अध्ययन गरी गणितीय आधारबाट विश्वसनीयता र वैधता तथा कठिनाई स्तर समेतको लेखाजोखा गरेर उपयुक्त र अनुपयुक्तताको समेत पहिचान गरी निष्कर्ष निकालिन्छ । यस आधारमा प्रश्नको विश्लेषण गर्नु बढी प्रभावकारी भए पनि श्रम, साधन, स्रोत, अवधि, खर्च आदिका दृष्टिले हेर्दा व्यक्तिगत प्रयासबाट असम्भव देखिन्छ ।

### २.१०.२ सैद्धान्तिक आधार

प्रश्नलाई स्तरीय, विश्वसनीय, वैध तथा उद्देश्यमूलक बनाउन सबैभन्दा जिम्मेवार भूमिका खेल्ने आधार भनेकै आन्तरिक आधार हो । भाषिक सीप, सिर्जनात्मक कला, आदिको परीक्षणको निर्धारण प्रश्नपत्रको आधारले गर्दछ । आन्तरिक वैधताका दृष्टिले प्रश्नहरूको अध्ययन गरी उपयुक्तता र अनुपयुक्तताको निष्कर्षमा पुगेर त्रुटिमुक्त प्रश्नहरूको निर्माण गर्ने सुझाव प्रदान गर्नु भाषिक प्रश्न विश्लेषणको केन्द्रीय पक्ष हो (पोखेल, २०६४ : २२) ।

पाठ्यक्रम अनुरूपता भाषिक पक्षहरूको संयोजन र सन्तुलन प्रश्नमा हुनुपर्ने गुण र भाषाजस्ता प्रश्नका विविध पक्षहरूको आधारमा भाषिक प्रश्नहरूको आन्तरिक रूपले विश्लेषण गर्न सकिन्छ । प्रश्नहरू पाठ्यक्रमका उद्देश्य, सीमा, क्षेत्र, अङ्कभार र समय अनुसार निर्माण भएका छन् छैनन् भनी हेर्ने काम पाठ्यक्रम अनुरुपता भित्र पर्दछ । भाषिक पक्षहरूको संयोजन र सन्तुलनभित्र सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको उचित तवरले तालमेल मिले नमिलेको हेर्ने कार्य हुन्छ । प्रश्नमा हुनुपर्ने गुणहरू अन्तर्गत विश्वसनीयता, वैधता, विभेदकारिता, व्यावहारिकता जस्ता गुण भए नभएको केलाउने काम गरिन्छ ।

अर्थघातक त्रुटिहरू भए नभएको अध्ययन गरिन्छ । भाषाका विविध पक्षहरूको आधारमा विषयगत वा वस्तुगत कुन खालका प्रश्नहरू छन् ती प्रश्नहरू कति विविधतामूलक छन् आदिबाट हेर्ने वा केलाउने काम गरिन्छ ।

## २.११ सारांश

शैक्षिक मूल्याङ्कनले विद्यार्थीको उपलब्धि पहिल्याउन गुणात्मक र मात्रात्मक रूपमा जाँच गर्ने कार्य गरिन्छ । शैक्षिक प्रणालीको निर्माण गर्न परीक्षा प्रणालीमा सुधार गर्न, पाठ्यक्रम, पाठ्यपुस्तकमा सुधार गर्न, शैक्षिक अध्ययन अनुसन्धानमा सहयोग गर्ने जस्ता कार्यहरूमा शैक्षिक मूल्याङ्कनको उपयोगिता रहन्छ । यस्तै भाषिक मूल्याङ्कन पनि शैक्षिक मूल्याङ्कनकै एक पाटो भएकाले यसको सम्बन्ध भाषिक अपेक्षाहरूसँग रहेको हुन्छ । भाषिक अपेक्षाहरू भनेको भाषिक सीपहरू हुन् । यिनै भाषिक अपेक्षा पूर्ति भए नभएको अध्ययन गर्न भाषिक मूल्याङ्कनको आवश्यकता पर्दछ । यस्तो मूल्याङ्कनका लागि परीक्षा जाँचजस्ता साधनको आवश्यकता पर्दछ । लिखित, मौखिक र प्रयोगात्मक परीक्षा नै परीक्षाका रूपहरू भए पनि लिखित परीक्षा नै बढी प्रचलनमा रहेको देखिन्छ ।

खासगरी लिखित परीक्षाका लागि प्रश्नहरू निर्माण गर्ने गरिन्छ । ती प्रश्नमार्फत् लिइएको परीक्षा र मूल्याङ्कन कति उचित र अनुचित हो भन्ने कुराको पहिचान प्रश्नहरूको अध्ययन विश्लेषणबाट मात्र प्राप्त हुन्छ । प्रश्न विश्लेषणका दुई आधारहरू छन् । तथ्याङ्कशास्त्रीय आधार र सैद्धान्तिक आधार । गणितीय आधारबाट विश्वसनीयता, वैधता तथा कठिनाइको लेखाजोखा गरेर प्रश्नहरूको उपयुक्तता र अनुपयुक्तताको पहिचान गरी निष्कर्ष निकाल्ने काम तथ्याङ्कशास्त्रीय आधारमा हुन्छ भने सैद्धान्तिक आधारबाट प्रश्नहरूका विविध उपआधारहरू आन्तरिक आधार र बाह्य आधारमा प्रश्नहरूको उपयुक्तता अनुपयुक्तताको लेखाजोखा वा अध्ययन विश्लेषण गर्ने काम गरिन्छ । आन्तरिक आधार अन्तर्गत पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण, प्रश्नका विविध पक्ष र भाषा आदि पर्दछन् । त्यस्तै बाह्य आधार अन्तर्गत निर्देशन, अङ्कविभाजन र समय निर्धारण प्रस्तुत अनुक्रम प्रश्नपत्रको स्वरूप र भाषा आदि पर्दछन् । यिनै विभिन्न उपआधारहरूमा रही प्रश्नहरूको आन्तरिक र बाह्य स्वरूपको अध्ययन विश्लेषण गरिन्छ ।

# अध्याय - तीन

# प्रश्नपत्रको बाह्य आधारमा विश्लेषण

प्रश्नपत्र विश्लेषणको बाह्य आधार भनेको प्रश्नपत्रको औपचारिक स्वरूप हो । जसरी व्यक्तिको स्वरूपको थपघट वा गल्तीले विरूप तथा विकृत रूप लिन्छ र व्यक्तित्वमा आँच पुऱ्याउँछ, त्यसरी नै प्रश्नपत्रको पनि बाहिरी पक्षको स-सानो हेलचेक्र्याँइले गम्भीर असर पार्दछ । त्यसैले स्वरूपगत हिसाबमा प्रश्नपत्र उपयुक्त हुनुपर्छ । प्रस्तुत अध्ययनमा प्रतिनिधि प्रश्नहरूको आकृतिगत वैधताका अध्ययनका लागि निम्न प्रमुख आधारहरू तय गरिएका छन् । निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषा जस्ता आधारहरूमा विश्लेषण गर्ने प्रचलन रहेको छ (पोखेल, २०६४ : २४) ।

प्रश्नपत्रको बाह्य आकृति स्वच्छ, स्पष्ट, आकर्षक एवम् स्तरयुक्त भएन भने आन्तरिक पक्ष एवम् अपेक्षाहरूलाई समेत नकारात्मक असर परी परीक्षण निरर्थक र अवैध हुन सक्छ । प्रश्नका बाह्य पक्षको भूल र हेलचेक्र्याँइले प्रश्नमा फरक पर्न गई आशय, महत्त्व, सीमा जस्ता महत्त्वपूर्ण कुरा बङ्ग्याउन वा अलमल्याउन सक्छ । प्रश्नपत्र बाह्य बैधताले विश्वसनीयता, विभेदकारिता, व्यवहारिकता जस्ता आन्तरिक वैधतामा समेत असर पारी परीक्षण प्रयोजनलाई निस्प्रयोजन समेत बनाउन सक्छ । यस अध्ययनमा उल्लेखित आधारका दृष्टिले प्रश्नहरूको अध्ययन विश्लेषण गरिएको छ ।

## ३.१ निर्देशन

### ३.१.१ शीर्ष निर्देशन

समग्र प्रश्नहरूको मूल निर्देशन शीर्ष निर्देशन हो । उत्तर दिँदा/लेख्दा के कुरामा ध्यान पुऱ्याउने ? कसरी उत्तर लेख्ने आदि विषयमा दिइने निर्देशन शीर्षक निर्देशन हो (भट्टराई, २०६८ : १०७) । शीर्ष निर्देशनले प्रश्नको आशय, प्रक्रिया तथा सीमालाई निर्देशन गरेको हुन्छ । प्रश्नमा उल्लेखित समयको सीमा र प्रश्नको प्रकृति अनुसार परीक्षार्थीहरूलाई उत्तर लेख्ने निश्चित धारणा दिने भएकाले शीर्ष निर्देशन सरल, स्पष्ट र सटिक हुनु पर्दछ । शीर्ष निर्देशनको अध्ययन गर्दा जिल्लास्तरीय परीक्षा २०६८ को सुनसरी जिल्लाको प्रश्नपत्रको शीर्षभागमा जिल्लास्तरीय परीक्षा २०६८ लेखिएको छ भने मोरङ जिल्लाको प्रश्नपत्रमा निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा २०६८ लेखिएको छ । यसकारण प्रश्नपत्रको

शीर्ष निर्देशनमा एकरूपता पाइएको छैन । सुनसरी जिल्लामा सेट 'ए' र सेट 'बी' गरी दुई समूहमा प्रश्नपत्रहरू निर्माण गरिएका छन् भने मोरङ जिल्लाको प्रश्नपत्र एउटा मात्र रहेको छ । स्पष्ट रूपमा तह लेखिएको छ । दुवै जिल्लाका प्रश्नमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिने गर्नुपर्दछ भनी शीर्ष निर्देशन गरिएको पाइँदैन ।

### ३.१.२ प्रश्न निर्देशन

प्रत्येक प्रश्नका निर्देशनले प्रश्नको आशय, उद्देश्य, प्रक्रिया तथा सीमाहरू निर्धारण गरेको हुन्छ । त्यसैले प्रश्नपत्रलाई वैध, स्पष्ट, सोद्देश्यपूर्ण सरल एवम् प्रभावकारी तुल्याउन प्रश्न निर्देशन सहायक तत्त्व हो । एउटा प्रश्नभित्र विभिन्न उपप्रश्नहरू रहने स्थितिमा त निर्देशन अझ आवश्यक हुन्छ । निर्देशन विनाको प्रश्न अस्पष्ट, अन्योलपूर्ण, अपूर्ण, अवैधसमेत हुन्छ र अस्पष्टता जस्ता कुरामा भाषिक शुद्धतामा ध्यान पुऱ्याउनु आवश्यक छ (पराजुली र अन्य, २०६६ : ९८) ।

### ३.१.३ विकल्प निर्देशन

विकल्प भन्नासाथ यो अथवा त्यो भन्ने हुन्छ । सैद्धान्तिक रूपमा भन्दा व्यावहारिक रूपमा विकल्प निर्देशनको महत्त्व झल्किने गर्दछ । विकल्प निर्देशनका माध्यमबाट विद्यार्थीहरूले आफूलाई राम्ररी आउने प्रश्नको उत्तर दिन पाउने हुनाले प्रश्नको उत्तर दिन सरल हुने गर्दछ । विकल्प निर्देशन दिँदा समरूप प्रकृतिका प्रश्नमा 'वा', 'अथवा' जस्ता शब्दको प्रयोग गरिएको पाइन्छ भने कुनै प्रश्नहरूमा यतिओटा मात्र प्रश्नको उत्तर दिने भन्ने निर्देशन गरिएको पाइन्छ । यस्ता प्रश्नमा एउटा प्रश्नको विकल्पको रूपमा अर्को प्रश्न र अर्को प्रश्नको विकल्पको रूपमा अर्को प्रश्न रहेको हुन्छ । विकल्प अङ्क र अक्षर दुवैमा दिने प्रचलन रहेको पाइन्छ । विकल्प निर्देशन दिँदा प्रश्नको समय, अङ्कभार, उद्देश्य र समान कठिनाइस्तरलाई ध्यान दिनु आवश्यक मानिन्छ (शाह, २०६५ : ३७) ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको विकल्प निर्देशनको अवस्था निम्न बमोजिम रहेको पाइन्छ :

सुनसरी : सेट 'ए' प्र.नं. १ मा कुनै एक भनी अक्षरमा विकल्प दिइएको, प्र.नं. २ मा कुनै दुईवटा भनी अक्षरमै विकल्प दिइएको छ भने प्रश्न नं. ४ मा विकल्पको रूपमा अथवाको प्रयोग गरिएको पाइएको छ । प्रश्न नं. ५ मा कुनै एक भनी अङ्कमा विकल्प दिइएको छ भने प्र.नं. ६ मा कुनै एक भनी अक्षरमै विकल्पको

प्रष्ट निर्देशन दिइएको छ । त्यस्तैगरी सेट 'बी' मा प्र.नं. ४, ६, १२ मा कुनै एक भनी अक्षरमा निर्देशन गरिएको, प्र.नं. ७ मा निवेदनको साटो वादविवादलाई 'अथवा' भनी विकल्पको निर्देशन दिइएको छ । यस्तैगरी प्र.नं. ११ मा कुनै तीन भनी अङ्कमा विकल्पको निर्देशन गरिएको छ ।

मोरङ : प्र.नं. १ मा कुनै चार प्रश्न भनी अक्षरमा निर्देशन गरिएको प्र.नं. २, ५, ६, ८ र ९ मा कुनै एक भनी अक्षरमा विकल्प निर्देशन दिइएको पाइन्छ र प्र.नं. ७ मा कथालेखनको साटो संवादलाई 'अथवा' भनी प्रष्ट रूपमा विकल्प निर्देशन गरिएको छ ।

मोरङ र सुनसरीका प्रश्नपत्रहरूमा विकल्प निर्देशनको प्रयोग गर्दा अङ्क र अक्षरमा दिइने गल्ति सुनसरीको सेट 'बी' मा केही मात्रामा पाइएको छ । साथै कोष्ठ भित्र र कोष्ठक बाहिर विकल्प दिइने गल्ति देखिएको छैन तर कतै दुई र कतै कुनै चारवटा प्रश्नको उत्तर दिनुहोस् भनिएको पाइन्छ । यसरी हेर्दा विकल्प निर्देशनमा केही सुधारको अवस्था देख्न सकिन्छ ।

## ३.१.४ पृष्ठ निर्देशन

प्रश्नपत्र कागज, प्रश्न, प्रकृति, परीक्षण, उद्देश्य, प्रश्न सङ्ख्या आदिका आधारमा लामो र छोटो हुनसक्छ । खासगरी भाषाको प्रश्नपत्रहरू केही लामा नै हुने भएकाले एउटा पृष्ठमा अटाउँदैनन् । त्यसैले एकभन्दा बढी पृष्ठ प्रयोग गर्नुपर्ने हुन्छ । अर्को पृष्ठमा पनि छ भनी जानकारी दिनु र प्रश्न समाप्त भएको जानकारी दिनु पृष्ठ निर्देशन हो । जसले परीक्षार्थी र परीक्षक झुक्किने सम्भावनाबाट मुक्त हुन्छन् । पृष्ठ निर्देशन गर्ने क्रममा क्रमशः कृ.प.उ., अर्को पट्टि, तीर (→), पृष्ठ सङ्ख्या इत्यादि लेख्ने प्रचलन पाइन्छ । पृष्ठ निर्देशन दिँदा विद्यार्थीहरूलाई सम्पूर्ण प्रश्नको जानकारी हुने हुँदा प्रश्न छुट्ने संभावना कम हुन्छ । प्रश्नपत्र एउटै पृष्ठमा समेटिने भएमा पृष्ठ निर्देशन दिइरहनु आवश्यक पर्दैन तर पृष्ठ सङ्ख्या जनाउँदा शीर्षभागमा अङ्क र अन्त्य भागमा अन्य सङ्केतहरू लेख्ने चलन छ । प्रश्नपत्रमा कुनै पाना छुट भएको प्रश्नको केही भाग अर्को पाना भएको अगाडि पनि गर्नुपर्ने काम बाँकी छ कि भन्ने कुराको अग्रीम जानकारी लिन र प्रश्न समाप्त भएको सङ्केत पाउनका लागि समेत पृष्ठ निर्देशन अनिवार्य र महत्त्वपूर्ण मानिन्छ ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको तुलनात्मक रूपमा विश्लेषण गर्दा निम्नानुसारको अवस्था पाइन्छ :

सुनसरी सेट 'ए' : पृष्ठ निर्देशनको प्रयोग नगरिएको र अन्त्यमा प्रश्नहरूको अन्त्यमा पनि कुनै प्रकारको समाप्तीको सङ्केतको प्रयोग गरिएको छैन ।

सुनसरी सेट 'बी' : यस प्रश्नपत्रमा पनि पृष्ठ निर्देशनका साथै प्रश्नपत्र समापनमा कुनै सङ्केतको प्रयोग गरिएको छैन ।

मोरङ : यसमा पृष्ठ निर्देशनको प्रयोग नगरी समाप्त लेखेर प्रश्नपत्रको समापन गरिएको छ ।

उक्त आधारमा प्रश्नपत्रहरूलाई अध्ययन गर्दा मोरङ र सुनसरी दुवै जिल्लाका प्रश्नपत्रमा पृष्ठ निर्देशनको अभाव रहेको छ । त्यसैले यसलाई कमजोर पक्ष मान्न सकिए पनि मोरङ जिल्लाको प्रश्नपत्रमा पृष्ठ निर्देशन नभए पनि प्रश्न समाप्तिको जानकारी दिनुले भने यसलाई ठूलो त्रुटि मान्न सकिँदैन ।

## ३.२ अङ्क विभाजन र समय निर्धारण

अङ्क विभाजन र समय निर्धारण प्रश्नपत्रका लागि आवश्यक हुन्छ । प्रश्नको अङ्क अनुसार समय निर्धारण गरिने हुनाले यी दुवैका बीच सन्तुलन हुनु जरुरी छ । अङ्क र समयका बीच सन्तुलन नमिल्नाले बाह्य वैधताका साथै आन्तरिक वैधतामा समेत आँच आउने गर्दछ । अङ्क र समयबीच सन्तुलन नरहेका प्रश्नको उत्तर दिन कठिन हुनाका साथै अन्योल सिर्जना हुन जान्छ । त्यसैले अङ्क र समयका बीच सन्तुलन मिलाई विवेचनात्मक र सिर्जनात्मक उत्तरका लागि बढी समय लाग्ने भएकाले त्यस्ता प्रश्नका लागि बढी अङ्क राख्नुपर्ने हुन्छ । सङ्क्षिप्त र वस्तुगत प्रश्नका लागि भने कम अङ्क र समय निर्धारण गर्नु उचित मानिन्छ ।

यस दृष्टिकोणबाट प्रतिनिधि प्रश्नहरूको निम्न उपआधारबाट विश्लेषण गरिएको छः

### ३.२.१ पूर्णाङ्क र त्यसको वितरण

प्रश्नपत्रमा रहेको एकमुष्ट अङ्क नै पूर्णाङ्क हो । यसलाई प्रश्नपत्रको दायाँ शीरमा राख्ने गरिन्छ । प्रश्नको प्रकृति अनुसार पूर्णाङ्कलाई टुक्र्याएर वितरण गरिएको हुन्छ ।

विपरित अङ्कका बीच तालमेल मिलेमा मात्र परीक्षार्थीहरू प्रश्नको मूल्य छुट्याई उचित उत्तर दिन सक्छन् । त्यसैले पूर्णाङ्क र त्यसको वितरणमा विशेष ध्यान दिनु आवश्यक ठानिन्छ ।

उक्त आधारमा प्रतिनिधि प्रश्नहरूको विश्लेषण गर्दा देहाय बमोजिमको अवस्था रहेको पाइन्छ :

**तालिका नं. १**

**प्रश्न र पूर्णाङ्क वितरण**

| क्र. सं. | जिल्ला | जम्मा प्रश्न सङ्ख्या | जम्मा पूर्णाङ्क | प्रश्न सङ्ख्या र अङ्क वितरण | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 |
| 1 | ;'g;/L ;]^ …PÚ | 14 | 60 | 10 | 10 | 3 | 5 | 7 | 5 | 2 | 3 | 2 | 2 | 3 | 2 | 4 | 2 | | | |
| 2 | ;'g;/L ;]^ …aLÚ | 12 | 60 | 2 | 5 | 2 | 5 | 5 | 7 | 5 | 2 | 2 | 5 | 10 | 10 | | | | | |
| 3 | df]/ª | 17 | 100 | 20 | 10 | 5 | 5 | 5 | 5 | 5 | 10 | 5 | 3 | 4 | 6 | 2 | 5 | 2 | 3 | 5 |

माथि उल्लेखित तालिकाको आधारमा प्रतिनिधि प्रश्नहरूको विश्लेषण गर्दा सबै प्रश्नपत्रहरूको दायाँपट्टि शीरमा पूर्णाङ्क उल्लेख गरेको पाइन्छ । यसरी उल्लेख गरिएको पूर्णाङ्कमा समानता पाइन्छ । प्रश्नपिच्छे गरिएको पूर्णाङ्कको वितरणलाई हेर्दा विभिन्नता पाइन्छ तर पूर्णाङ्कको वितरण भने दुवै जिल्लाका प्रश्नपत्रहरूमा गरिएको पाइन्छ । सुनसरी जिल्लाको सेट 'बी' को प्रश्नपत्रमा उपप्रश्नहरूको अङ्कभारका लागि छुट्याइएको अङ्कलाई प्रश्न सङ्ख्याले गुणन गरी जम्मा अङ्क प्रस्तुत गरिएको छैन, एकमुष्ट अङ्क उल्लेख

गरिएको छ । सुनसरीको सेट 'ए' को प्र.नं. २ र मोरङको प्र.नं. १, १०, ११, १२, १३, १५, १६ र १७ मा मात्र उपप्रश्नहरूको अङ्कभारका लागि प्रश्न सङ्ख्याले गुणन गरी जम्मा अङ्क प्रस्तुत गरिएको छ । तर सुनसरीको सेट 'बी' का सबै प्रश्नपत्र, सेट 'ए' को प्र.नं. २ बाहेक र मोरङका प्रश्न नं. २, ३, ४, ५, ६, ७, ८ र ९ मा भने एकमुष्ट अङ्क दिइएको छ । त्यस्तै अङ्क र प्रश्न सङ्ख्या राख्ने क्रममा पनि दुवै जिल्लाका प्रश्नपत्रमा एकरूपता पाइएको छैन । सुनसरी जिल्लाकै सेट 'ए' र सेट 'बी' का प्रश्नपत्रमा समेत एकरूपता पाइएको छैन । त्यसैले पूर्णाङ्क र त्यसको वितरणका दृष्टिले मोरङ जिल्लाको प्रश्नपत्रलाई स्तरीय मान्न सकिन्छ भने सुनसरी जिल्लाको प्रश्नपत्रहरूमा समान पूर्णाङ्कको प्रश्नपत्रमा पनि प्रश्न सङ्ख्या घटबढ भएका कारण सुधार गर्नुपर्ने अवस्था देखिन्छ ।

सुनसरी जिल्लाका प्रश्नपत्रहरूमा आन्तरिक मूल्याङ्कनका लागि ४० अङ्क छुट्याइएको पाइन्छ भने मोरङ जिल्लाको प्रश्नपत्रमा आन्तरिक मूल्याङ्कनका लागि अङ्क छुट्याएको पाइँदैन । यसकारण मोरङ जिल्लाको प्रश्नपत्रमा रचनात्मक मूल्याङ्कनलाई ध्यान नदिइएको पाइन्छ । सुनसरी जिल्लाको सेट 'ए' अन्तर्गतको प्र.नं. २ मा दुईओटा प्रश्नको उत्तर दिनुपर्नेमा अङ्क राख्दा (५x२) राखिएको छ भने मोरङ जिल्लाको प्रश्नमा पनि प्र.नं. १०, ११, १२, १३, १४, १५, १६, १७ मा त्यस्तै गरी पूर्णाङ्क अगाडि र प्रश्न सङ्ख्या पछाडि राखिएको छ जुन त्रुटिपूर्ण देखिन्छ । एउटै प्रश्नको मात्र उत्तर दिनुपर्ने निर्देशन भएपछि पूणाङ्क राख्दा अङ्कभारले गुणन नगरी राखिएको छ यो सुधारयोग्य रहेको देखिन्छ । प्रश्नमा रहेका उपप्रश्न अनुसार विशिष्टीकृत अङ्क विभाजनमा पनि ध्यान दिनुपर्ने देखिएको छ ।

पूर्णाङ्क वितरणलाई हेर्दा दुवै जिल्लामा अर्थलेखनलाई २ अङ्क, खाली ठाउँ भर्नेलाई मोरङ जिल्लाको प्रश्नमा ३ अङ्क र सुनसरीमा २ अङ्क वाक्यमा प्रयोग गर्नेलाई सुनसरीको सेट 'ए' मा ४ अङ्क, सेट 'बी' मा ५ अङ्क र मोरङको प्रश्नपत्रमा ५ अङ्क, शुद्ध लेखनलाई सुनसरीको सेट 'ए' मा २ अङ्क, मोरङमा ५ अङ्क, वादविवाद वा मनोवादलाई दुवै जिल्लामा ५ अङ्क, निबन्ध लेखनलाई मोरङमा १० र सुनसरीमा ७ अङ्क, सप्रसङ्ग व्याख्यालाई दुवै जिल्लामा ५ अङ्क, संक्षिप्त उत्तरलाई सुनसरीमा १० र मोरङको प्रश्नपत्रमा २० अङ्क र विवेचनात्मक उत्तरलाई दुवै जिल्लामा १० अङ्क निर्धारण गरिएको छ । पूर्णाङ्क र त्यसको वितरणमा सुनसरी जिल्लाकै सेट 'ए' र सेट 'बी' का प्रश्नपत्रहरूमा

भिन्नता पाइन्छ भने मोरङ जिल्लाको प्रश्नपत्रमा पनि केही समानता र केही भिन्नता भने अवश्य देख्न सकिन्छ ।

### ३.२.२ उत्तीर्णाङ्क

पूणाङ्क अनुसार सफलताका लागि न्यूनतम अङ्कनलाई उत्तीर्णाङ्क भनिन्छ अथवा कुनै कक्षा उत्तीर्ण गर्नका लागि निर्धारण गरिएको न्यूनतम अङ्क पनि उत्तीर्णाङ्क हो । यही उत्तीर्णाङ्कलाई आधार मानी परीक्षार्थीलाई कक्षा चढाउने र नचढाउने जस्ता कुराको निर्णय गरिन्छ । परीक्षार्थीले उत्तीर्णाङ्क भन्दा बढी अङ्क ल्याएमा सफल मानिन्छ भने उत्तीर्णाङ्क भन्दा कम अङ्क प्राप्त गरेमा असफल मानिन्छ । त्यसैले प्रश्नपत्रहरूमा उत्तीर्णाङ्क राख्नु अनिवार्य ठानिन्छ । उत्तीर्णाङ्कको निर्धारण कक्षा, उमेर विषय अनुसार भिन्न भिन्न हुन्छ र यो जहिले पनि पूर्णाङ्कको ठीक मुनी राखिन्छ ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको तुलनात्मक विश्लेषण गर्दा मोरङ जिल्लाको प्रश्नपत्रमा पूर्णाङ्क १०० का लागि ३२ अङ्क उत्तीर्णाङ्क राखिएको छ भने सुनसरी जिल्लाको प्रश्नपत्रमा पूर्णाङ्क ६० का लागि एउटा सेटमा १९.२ र अर्को सेटमा १९.५ अङ्क उत्तीर्णाङ्क राखिएको छ । यो व्यवस्था दुवै जिल्लाका प्रश्नपत्रहरूमा पाइएकाले यसमा एकरूपता छैन ।

### ३.२.३ पढाइ सीप र अङ्क विभाजन

भाषाको अध्ययनको उद्देश्य भाषिक सीप हासिल गराउनु हो । भाषाका चारओटा सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ हुन् । चार सीपमध्ये बोलाइ र लेखाइलाई अभिव्यक्ति सीप र सुनाइ र पढाइलाई ग्रहणात्मक सीपमा वर्गीकरण गरिन्छ । यिनै सीपको मूल्याङ्कन गर्नु नै भाषिक मूल्याङ्कन हो । सुनाइ र बोलाइ सीपको विकास गर्ने काम प्रारम्भिक कक्षामा गरिन्छ तर माथिल्ला कक्षामा भने पढाइ र लेखाइ सीपमा जोड दिइन्छ । पढाइ सीपको परीक्षण बोध, सारांश, व्याख्या, वर्णन, स्वतन्त्र रचना, शब्दभण्डार आदिका माध्यमबाट गरिन्छ । प्रतिनिधि प्रश्नहरूमा भाषिक सीप परीक्षण कसरी गर्न खोजिएको छ भन्ने सन्दर्भमा निम्नानुसार अलग अलग छुट्याएर हेर्ने प्रयास गरिएको छ ।

#### ३.२.३.१ विशुद्ध पढाइ सीप र अङ्क विभाजन

निम्न माध्यमिक नेपाली भाषा पाठ्यक्रमले विशुद्ध पढाइ सीपको परीक्षण गर्न पाठगत प्रश्न र बोधप्रश्न जस्ता प्रश्नहरू निर्माण गरी पाठ्यक्रमका विभिन्न विधा समावेश गरेको छ । वास्तवमा पढाइ सीप लेख्य सामग्री उच्चारण गर्नुमात्र नभई उच्चरित सामग्रीबाट अर्थबोध गर्ने तथा लिपिबद्ध ज्ञान एवम् सूचनालाई मस्तिष्कमा सङ्गठित गर्ने क्षमता भएकाले प्रतिनिधि प्रश्नहरूको निर्माण गर्दा पाठ्यक्रमको उद्देश्य अनुरूप विशुद्ध पढाइ सीप परीक्षण भए नभएको देखाउन तलको तालिकाको उपयोग गरिएको छ ।

तालिका नं. २

पढाइ सीप र अङ्क विभाजन

| क.सं. | जिल्ला | पूर्णाङ्क | विवेचनात्मक प्रश्न | | संक्षिप्त उत्तरात्मक प्रश्न | | पठनबोध प्रश्न | | सप्रसङ्ग व्याख्या | | भाव व्यक्त गर्ने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | |
| १ | मोरङ | 100 | 1 | 10 | 4 | 20 | 5 | 5 | 1 | 5 | 1 | 5 | 45 |
| २ | सु.'ए' | 60 | 1 | 10 | 2 | 10 | 3 | 3 | 1 | 5 | 1 | 5 | 33 |
| ३ | सु.'बी' | 60 | 1 | 10 | 3 | 10 | 5 | 5 | 1 | 5 | – | – | 30 |

क.सं. : क्रम सङ्ख्या, प्र.सं. : प्रश्न सङ्ख्या, अ.वि. : अङ्क विभाजन, सु. : सुनसरी

माथि उल्लेखित तालिकालाई हेर्दा पढाइ सीप परीक्षणका लागि दुवै जिल्लाको अङ्क विभाजनमा समानता पाइँदैन किनकी मोरङ र सुनसरी जिल्लाको प्रश्नपत्रको पूर्णाङ्क विभाजन मै असमानता रहेको छ । सुनसरी जिल्लाको सेट 'बी' को प्रश्नपत्रमा भने भाव व्यक्त गर्ने प्रश्न नै दिइएको छैन ।

### ३.२.३.२ लेखाइ सीप र अङ्क विभाजन

लेखाइ भाषिक अभिव्यक्तिसँग सम्बन्धित सीप हो । शब्दभण्डार सम्बन्धी क्षमता व्याकरणात्मक धारणा आदिको परीक्षण समेत लिखित रूपबाट नै हुने भएकाले अक्षरलेखन, वर्णविन्यास जस्ता कुराहरू पनि लेखाइ सीपभित्र पर्ने हुनाले यसले अन्य पक्षको परीक्षण समेतको आधार बन्छ । विशुद्ध लेखाइ सीप परीक्षण गर्न स्वतन्त्र रचना अन्तर्गत निबन्ध, चिठी, दैनिकी, संवाद लेखनसम्बन्धी प्रश्न तथा निश्चित बुँदाहरू सोही आधारमा कथा जीवनी वा नियात्रा समेत विशुद्ध लेखाइ सीप अन्तर्गत पर्दछन् ।

लेखाइ सीप परीक्षण गर्न निम्नानुसारको तालिका निर्माण गरिएको छ ।

तालिका नं. ३
लेखाइ सीप परीक्षण र अङ्क विभाजन

| क.सं. | जिल्ला | नियन्त्रित रचना | | | | स्वतन्त्र रचना | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कथा, जीवनी लेखन | | निबन्ध लेखन | | चिठी, निवेदन लेखन | | वादविवाद लेखन | | संवाद लेखन | | मनोवाद लेखन | | |
| | | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | |
| १ | मोरङ | 1 | 5 | 1 | 10 | 1 | 5 | 1 | 5 | 1 | 5 | – | – | |
| २ | सु.'ए' | – | – | 1 | 7 | 1 | 5 | 1 | 5 | – | – | – | – | |
| ३ | सु.'बी' | 1 | 5 | 1 | 7 | 1 | 5 | 1 | 5 | – | – | – | – | |

क.सं. : क्रम सङ्ख्या, प्र.सं. : प्रश्न सङ्ख्या, अ.वि. : अङ्क विभाजन, सु. : सुनसरी

नोट : माथिको तालिकामा विकल्पका रूपमा आएका विधा र अङ्क उल्लेख गरिए पनि पूणाङ्कमा विकल्पमध्ये कुनै एक मात्रको अङ्क जोडिएको छ ।

माथि उल्लेखित तालिकाको आधारमा दुवै जिल्लाको लेखाइ सीप परीक्षणका लागि गरेको अङ्क विभाजनमा एकरूपता पाइएको छ । विशिष्टीकरण तालिका र नमुना प्रश्नपत्रलाई आधार मानी अङ्क विभाजन गरिएको पाइन्छ । विधा समावेश गर्ने क्रममा मोरङ जिल्लाले मात्र कथा लेखन, संवाद लेखन समावेश गरेको छ भने सुनसरी जिल्लामा कथा, संवाद र मनोवाद लेखनलाई प्रश्नमा समावेश गरेको छैन । संवाद र वादविवाद, कथा र जीवनीमध्ये एउटालाई राख्नुपर्ने आवश्यकता देखा पर्दछ । सामान्यतया दुवै जिल्लाका प्रश्नपत्रमा लेखाइ सीप परीक्षणका लागि गरिएको अङ्क विभाजन उपयुक्त नै छ ।

### ३.२.३.३ एकीकृत सीप परीक्षण (पढाइलेखाइ)

२०६८ मा विशुद्ध पढाइ सीप विशुद्ध लेखाइ सीप अतिरिक्त पढाइ र लेखाइ सीपका एकीकृत परीक्षण हुने खालका प्रश्नहरू पनि समावेश गरिएको देखिन्छ । उक्त प्रश्नहरूको अध्ययनका निम्ति निम्नानुसारको तालिका उपयोग गरिएको छ ।

तालिका नं. ४
पढाइ र लेखाइ (एकीकृत) सीप परीक्षण

| क.सं. | जिल्ला | पूर्णाङ्क | उत्तीर्णाङ्क | लामो उत्तरात्मक | | छोटो उत्तरात्मक | | व्याख्यानात्मक लेखन | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मोरङ | 100 | 32 | -2–1_ | 10 | -6–4_ | 20 | -2–1_ | 5 | 35 |
| २ | सु.'ए' | 60 | 19=5 | -2–1_ | 10 | -3–2_ | 10 | -2–1_ | 5 | 25 |
| ३ | सु.'वी' | 60 | 19=5 | -2–1_ | 10 | -6–3_ | 10 | -2–1_ | 5 | 25 |

क.सं. : क्रम सङ्ख्या, प्र.सं. : प्रश्न सङ्ख्या, अ.वि. : अङ्क विभाजन, सु. : सुनसरी

द्रष्टव्य : कोष्ठकमा उल्लेखित अघिल्लो अङ्कले जम्मा प्रश्न र पछिल्लो अङ्कले जम्मा उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या जनाउँछ ।

जिल्लास्तरीय परीक्षा २०६८ का मोरङ र सुनसरीका प्रश्नहरूको तुलनात्मक अध्ययन गर्दा विवेचनात्मक उत्तर आउने प्रश्नका निम्ति १० अङ्क निर्धारण गरिएको पाइन्छ भने यस प्रश्नलाई विकल्प सहित दिइएको छ । व्याख्यानात्मक लेखन वा सप्रसङ्ग व्याख्याका निम्ति ५ अङ्क, छोटो उत्तरात्मक लेखनका निम्ति मोरङ जिल्लाको प्रश्नपत्रमा २० अङ्क र सुनसरी जिल्लाको प्रश्नपत्रमा १० अङ्क कायम गरेको देखिन्छ । यसरी पढाइ र लेखाइ सीप परीक्षण गर्दा सुनसरी जिल्लाको सेट 'बी' को प्रश्नपत्रमा छोटो उत्तरात्मक प्रश्नमा प्रश्नसङ्ख्या ६ र उत्तर दिनुपर्ने प्रश्नसङ्ख्या तीन रहेको छ । यहाँ ३ ओटा प्रश्नलाई १० पूर्णाङ्क छुट्याइएकाले यसमा सामान्य त्रुटि देखिन्छ । मोरङ जिल्लाको प्रश्न १०० पूर्णाङ्कको भएकाले छोटो उत्तरात्मक प्रश्न २० पूर्णाङ्कको हुनु उचित नै रहेको छ । यसकारण मोरङ जिल्लाको प्रश्नपत्र गुणस्तरीय नै देखिन्छ । यस दृष्टिले २०६८ मा दुवै जिल्लामा पढाइ र लेखाइ सीपका निम्ति अङ्क विभाजन पूर्णाङ्कका आधारमा समान नै रहेको छ ।

### ३.२.३.४ शब्दभण्डार परीक्षण र अङ्क विभाजन

भाषा परीक्षणको महत्त्वपूर्ण परीक्षणीय अङ्ग शब्दभण्डार दक्षता पनि हो । शब्दभण्डार अन्तर्गत पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनेकार्थी, पारिभाषिक, प्राविधिक र अनुकरणात्मक शब्दका साथै शब्दको अर्थ लेख्ने, शब्दलाई वाक्यमा प्रयोग गर्ने आदि पर्दछन् । शब्दभण्डारले भाषिक दक्षता बढाउन सहयोग पुऱ्याउने हुनाले यसको

परीक्षण गर्नु आवश्यक मानिन्छ । कक्षा आठको पाठ्यपुस्तकको भावना अनुसार व्याकरण र शब्दभण्डारलाई २० प्रतिशत अङ्कभार छुट्याइएको छ ।

यस आधारमा प्रतिनिधि प्रश्नहरूमा गरिएको अङ्क विभाजन निम्नानुसार रहेको पाइन्छ :

तालिका नं. ५
शब्दभण्डार र अङ्क विभाजन

| क्र.सं. | जिल्ला | पूर्णाङ्क | शब्दार्थ | | वाक्यमा प्रयोग गर्ने | | खाली ठाउँ भर्ने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | |
| १ | मोरङ | 100 | 4 | 2 | 5 | 5 | 6 | 3 | 10 |
| २ | सुनसरी 'ए' | 60 | 4 | 2 | 4 | 4 | 4 | 2 | 8 |
| ३ | सुनसरी 'बी' | 60 | 4 | 2 | 5 | 5 | 4 | 2 | 9 |

क्र.सं. : क्रम सङ्ख्या, प्र.सं. : प्रश्न सङ्ख्या, अ.वि. : अङ्क विभाजन,

जिल्लास्तरीय परीक्षा २०६८ मा मोरङ र सुनसरीका प्रश्नपत्रमा शब्दार्थ लेखनमा समान अङ्क विभाजन गरिएको छ । यस्तै गरी वाक्य प्रयोगमा पनि अङ्क विभाजन दुवै जिल्लामा समान रूपले गरिएको छ । यसरी मोरङको प्रश्न १०० पूर्णाङ्क र सुनसरीको ६० पूर्णाङ्कको भए पनि शब्दभण्डारगत अङ्क विभाजनमा समानता पाइन्छ । मोरङमा शब्दभण्डार परीक्षणको निम्ति १० अङ्क र सुनसरीमा ८ र ९ अङ्क छुट्याइएको छ ।

## ३.२.३.५ व्याकरण र अङ्क विभाजन

भाषिक परीक्षणका सन्दर्भमा व्याकरण प्रयोग कुशलताको परीक्षण गर्नु अति आवश्यक मानिन्छ । यसले भाषिक सीप विकास गर्नमा सहयोग पुऱ्याउँछ । विशिष्टीकरण तालिकाले व्याकरणका लागि २० प्रतिशत अङ्क छुट्याइएको पाइन्छ । व्याकरण अन्तर्गत पदसङ्गति, काल र पक्ष, भाव, वाच्य, धातु आदि पर्दछन् ।

यस आधारमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा व्याकरणको परीक्षणका लागि निम्न बमोजिम अङ्क छुट्याइएको पाइन्छ ।

तालिका नं. ६

व्याकरण र अङ्क विभाजन

| क.सं. | जिल्ला | खाली ठाउँ भर्ने | | वाक्य परिवर्तन गर्ने | | कारक र विभक्ति प्रयोग गर्ने | | पदवर्ग छुट्याउने | शुद्ध गर्ने | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | प्र.सं. | अ.वि. | | | |
| १ | मोरङ | 4 | 4 | 6 | 6 | 4 | 2 | 3 | 5 | 20 |
| २ | सुनसरी 'ए' | 4 | 2 | 3 | 3 | 4 | 2 | 2 | 2 | 11 |
| ३ | सुनसरी 'बी' | 4 | 2 | 5 | 2 | 4 | 2 | – | – | 6 |

क.सं. : क्रम सङ्ख्या, प्र.सं. : प्रश्न सङ्ख्या, अ.वि. : अङ्क विभाजन,

माथिको तालिकालाई हेर्दा मोरङ जिल्लाले विशिष्टीकरण तालिका अनुसार नै व्याकरणका प्रश्न निर्माण र अङ्क विभाजन गरेको पाइन्छ । विशिष्टीकरण तालिकाले २० प्रतिशत अङ्क छुट्याएजस्तै मोरङ जिल्लाको प्रश्नपत्रमा २० प्रतिशत अङ्क नै छुट्याइएको पाइन्छ भने सुनसरी जिल्लाको प्रश्नपत्रमा त्यो अवस्था रहेको छैन । सुनसरी जिल्लाको प्रश्न जम्मा ६० पूर्णाङ्कको भएता पनि सेट 'ए' र सेट 'बी' कै प्रश्नपत्रमा पनि व्याकरणको अङ्क विभाजनमा असमानता रहेको छ । सुनसरी सेट 'ए' मा व्याकरणलाई ११ अङ्क र सेट 'बी' मा ६ अङ्क मात्र छुट्याइएको छ । सुनसरी सेट 'बी' को प्रश्नमा पदवर्ग छुट्याउने र शुद्ध पार्ने प्रश्न नै छुटाइएको छ । यसरी मोरङ र सुनसरी जिल्लाको प्रश्नपत्रमा व्याकरण र अङ्कविभाजनलाई नियाल्दा मोरङको प्रश्नपत्र उपयुक्त रहेको छ भने सुनसरीको प्रश्नपत्रमा व्याकरणका पक्षमा त्रुटि रहेको छ । एउटै प्रश्नको दुईओटा सेटमा पनि व्याकरणको अङ्क विभाजन असमान भएका कारण सुनसरीको प्रश्न विशिष्टीकरण तालिकाको अनुसार सामान्य त्रुटिपूर्ण रहेको छ ।

### ३.२.४ समय विभाजन

प्रश्नपत्रमा दिइएका प्रश्नहरूको उत्तर दिनका लागि निश्चित समय तोकिनुलाई समय निर्धारणले जनाएको हुन्छ । प्रश्नको प्रकृति, कठिनाइ स्तर, विद्यार्थीको लेख्न सक्ने औसत क्षमता र उत्तरमा समावेश गर्नुपर्ने विविध कुराहरूलाई ध्यानमा राखी समय निर्धारण गरिनु पर्दछ । समय निर्धारणका आधारमा प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा पूर्णाङ्क अनुसार समय निर्धारण गरिएको पाइन्छ । मोरङ जिल्लाले १०० पूर्णाङ्कका लागि ३ घण्टा समय निर्धारण गरेको छ भने सुनसरी जिल्लाले ६० पूर्णाङ्कका लागि २ घण्टा समय

निर्धारण गरेको छ । समय निर्धारण गर्दा दुवै जिल्लाले विशिष्टीकरण तालिका कै आधारमा गरेको पाइन्छ । प्रश्नपत्रहरूमा प्रायः जम्मा समय तोकिएको पाइए पनि प्रतिप्रश्न समय नतोकिने हुनाले प्रश्नगत अङ्कलाई नै आधार मानी समयको उपयोग गर्नुपर्ने हुन्छ । समय र अङ्कका बीच सन्तुलन भएमा मात्र अपेक्षित उद्देश्य हाँसिल गर्न सकिने भएकाले यसमा सम्बन्धित पक्षले विशेष रूपमा ध्यान दिनु आवश्यक मानिन्छ ।

प्रश्नगत रूपमा विश्लेषण गर्दा कथालेखनमा दुवै जिल्लाले ५ अङ्क राखे पनि खाली ठाउँ अनुसारको अङ्क निर्धारण गरिएको पाइँदैन । त्यस्तै सुनसरी जिल्लाको सेट 'बी' को वाक्य परिवर्तन गर्ने प्रश्नमा प्रश्नसङ्ख्या ५ र अङ्कभने २ छुट्याइएकाले यसमा पनि सन्तुलन पाइँदैन । यस्ता सामान्य कमीकमजोरी देखा परे पनि समय निर्धारणमा भने ध्यान पुऱ्याएकै पाइन्छ ।

## ३.३ प्रस्तुति अनुक्रम

परीक्षणका लागि तयार गरिएका प्रश्नपत्रहरूको रखाइ क्रम नै प्रस्तुति अनुक्रम हो । प्रश्नहरू विभिन्न प्रकृतिका हुन सक्छन् । जस्तै : विषयगत, वस्तुगत आदि र प्रश्नहरू सरल, मध्यम र जटिल पनि हुन सक्दछन् र तिनीहरूको समुहीकरण गरी सरलता र जटिलताको अनुक्रममा राख्ने गरिन्छ । प्रश्नहरू वस्तुगत वा विषयगत जुन प्रकृतिका भए पनि अनुक्रम मिलाएर राख्ने कुरामा भने विशेष ध्यान दिइनु राम्रो मानिन्छ । प्रश्नहरूको सही अनुक्रमले परीक्षणका समयमा विद्यार्थीहरू आत्तिने, हतोत्साहित हुने, अल्मलिने जस्ता कुराहरूबाट बचाउने गर्दछ । प्रस्तुति अनुक्रम नमिलाई जथाभावी प्रश्नहरूको समावेशबाट परीक्षार्थी र परीक्षक दुवैका लागि जटिल सावित हुन जान्छन् । प्रश्नहरूलाई सरलबाट जटिल वा जटिलबाट सरल तरिकाले प्रस्तुत गर्न सकिने भए पनि सरलबाट जटिल अनुक्रममा प्रस्तुत गर्दा उपयुक्त हुने कुरा पुष्टि भएको छ । प्रश्नहरू समूहमा क्रमबद्ध गर्दा पहिलो समूहमा वस्तुगत, दोस्रोमा सङ्क्षिप्त उत्तरात्मक र तेस्रोमा निबन्धात्मक प्रश्नहरू राख्नुलाई राम्रो मानिन्छ । यसरी प्रस्तुत गर्दा समूह भित्रकै प्रश्नहरूमा पनि क्रम मिलाउन भने बिर्सनु हुँदैन । यदि प्रश्नको प्रकृति अनुसार समूह विभाजन नगरी प्रश्न प्रस्तुत गर्नु परेमा पढाइ सीपसम्बन्धी संक्षिप्त उत्तर, पठनबोध, सारांश, व्याख्या, टिप्पणी, विवेचना र विस्तार आदि क्रममा राख्नु उपयुक्त हुन्छ । त्यसपछि लेखाइ सीपसम्बन्धी चिठी, दैनिकी, मनोवाद, वादविवाद राखी तेस्रो समूहमा शब्दभण्डार र चौथोमा व्याकरणात्मक प्रश्न राख्नुलाई उचित मानिन्छ ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा वस्तुगत प्रश्न राख्ने व्यवस्था छैन । प्रश्नहरूलाई मोरङ र सुनसरी जिल्लाको सेट 'ए' पाठ्यक्रम विकास केन्द्रले तयार पारेको नमुना अनुसार जटिलबाट सरलताको क्रममा अनुक्रम मिलाएको पाइन्छ । सुनसरी जिल्लाको सेट 'बी' प्रश्नपत्रलाई हेर्दा नमुना प्रश्नपत्रलाई आधार माने पनि सरलबाट जटिलको अनुक्रममा प्रश्नहरूलाई प्रस्तुत गरेको पाइन्छ । मोरङ र सुनसरी जिल्लाको सेट 'ए' को प्रश्नपत्रको अनुक्रम सङ्क्षिप्त उत्तरात्मक प्रश्न, विवेचनात्मक प्रश्न, अनुच्छेदसम्बन्धी बोधात्मक प्रश्न, भाव स्पष्ट गर्ने प्रश्न, स-प्रसङ्ग व्याख्या गर्ने प्रश्न, कथा वा संवाद लेख्ने प्रश्न, निबन्धलेखन प्रश्न, चिठी तथा स्वतन्त्र विचार अभिव्यक्त गर्ने प्रश्न, व्याकरणात्मक प्रश्न र शब्दभण्डार सम्बन्धी प्रश्नहरू रहेका छन् । सुनसरी जिल्लाको सेट 'बी' को प्रश्नपत्रमा भने माथिको अनुक्रमको ठीक उल्टो अनुक्रम रहेको पाइनछ । त्यसैले सुनसरी सेट 'बी' बाहेक मोरङ र सुनसरी सेट 'ए' का प्रश्नपत्रहरूमा पठनबोध र अभिव्यक्ति सीप परीक्षण गर्ने प्रश्नहरू पछिमात्र व्याकरण र शब्दभण्डारसम्बन्धी प्रश्नहरू दिइएको पाइन्छ । प्रस्तुति अनुक्रमका दृष्टिले दुवै जिल्लाका प्रश्नपत्रहरूलाई उपयुक्त नै मान्न सकिन्छ ।

## ३.४ प्रश्नपत्रको स्वरूप

प्रश्नपत्रको स्वरूप भन्नाले प्रश्नपत्रको आकृति र आकार प्रकार बुझिन्छ । यसअन्तर्गत प्रश्नपत्रको आदिभाग, मध्यभाग र अन्त्यभाग पर्दछन् । त्यसै क्रममा पूर्णाङ्क र उत्तीर्णाङ्क, समय निर्देशन, अङ्क विभाजन, प्रश्न सङ्ख्या, उपप्रश्न र पृष्ठ, प्रश्नको आकार, कागज, छपाइ, सफाइ, भाषा आदिले प्रश्नपत्रको स्वरूप तयार पार्दछन् । त्यसको उत्कृष्टता र निष्कृष्टताको सङ्केत गर्दछन् । यहाँ शीर्षभाग प्रश्न र पृष्ठ, कागजको स्तर, छपाइ र सफाइजस्ता आधारमा मोरङ र सुनसरी जिल्लाको प्रश्नपत्रको तुलनात्मक अध्ययन गरिएको छ ।

### ३.४.१ शीर्षभाग

प्रश्नपत्रको शीर्ष भाग भनेको प्रश्न सुरु हुनुभन्दा पहिलो भाग हो । प्रश्नका बारेमा प्रश्नसँग सम्बन्धित सूचनाहरूका बारेमा समष्टिगत केही भनिएको भाग नै शीर्ष भाग हो । प्रश्नपत्रको शीर्षभागमा लेखिएका कुराहरू सूचनामूलक शुद्ध, स्पष्ट तथा आकर्षक हुनुपर्दछ । यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन गर्दा निम्न अवस्था पाइन्छ :

**मोरङ : निम्नमाध्यमिक शिक्षा उत्तीर्ण परीक्षा २०६८**

| | | |
|---|---|---|
| कक्षा - ८ | विषय - नेपाली | पूर्णाङ्क - १०० |
| समय - ३ घण्टा | | उत्तीर्णाङ्क - ३२ |

**सुनसरी सेट 'ए' र 'बी' जिल्लास्तरीय परीक्षा २०६८**

| | | |
|---|---|---|
| विषय - नेपाली | कक्षा - ८ | पूर्णाङ्क - ६० |
| समय - २ घण्टा | | उत्तीर्णाङ्क - १९.५ |

दुवै जिल्लाका प्रश्नपत्रलाई हेर्दा जिल्लास्तरीय परीक्षा भनी जानकारी पाइन्छ भने शीर्षभागलाई हेर्दा सम्बन्धित जिल्लाको नाम उल्लेख गरेको पाइँदैन । यसलाई गोपनीयताको आधारमा उपयुक्त मान्न सकिए तापनि जिल्लाको नाम राख्दा नै राम्रो हुने देखिन्छ । यसरी मोरङ र सुनसरी जिल्लाको प्रश्नपत्रको शीर्षभाग फरक फरक किसिमको भए पनि स्पष्ट रूपमा दिइएका कारण दुवै जिल्लाको प्रश्नपत्रको शीर्षभाग स्तरीय नै रहेको छ ।

## ३.४.२ आकार

प्रश्नपत्र लामो, छोटो वा मध्यम कुन रूपको छ भन्नु नै आकार हो । प्रश्नपत्रको आकार यति नै हुनुपर्दछ भन्ने कुनै सर्वमान्य सैद्धान्तिक मान्यता नभए पनि मध्यम खालको भएमा उपयुक्त मानिन्छ । प्रश्नपत्रको आकार निर्धारण गर्दा प्रश्नको प्रकृति, परीक्षण उद्देश्य, समय र प्रश्न सङ्ख्याले प्रभाव पारे पनि भद्दा र अति लामो तथा अति छोटोको सट्टा सुहाउँदो आकारमा हुनु उचित मानिन्छ ।

यस आधारमा मोरङ र सुनसरी जिल्लाको प्रश्नपत्रको तुलनात्मक अध्ययन गर्दा उपयुक्त नै मानिन्छन् तर सुनसरी जिल्लाको प्रश्नपत्रको आकारमा भने एकरूपता कायम नभएको देखिन्छ । सुनसरीकै सेट 'ए' को प्रश्न १४ वटा २ पृष्ठमा रहेको छ भने सेट 'बी' को प्रश्नपत्र १२ वटा मात्र २ पृष्ठमा राखिएको छ । मोरङ जिल्लाको प्रश्नपत्रमा १७ प्रश्नसङ्ख्या रहेका छन् भने पृष्ठसङ्ख्या ४ रहेको छ । यसरी एउटै जिल्लाको प्रश्नपत्र पनि

समान आकारको नहुनाले सामान्य कमजोरी देखिए तापनि समग्र रूपमा मोरङ र सुनसरी जिल्लाका प्रश्नपत्रलाई आकारगत दृष्टिले उपयुक्त मानिन्छ ।

### ३.४.३ प्रश्न र पृष्ठ

प्रश्नपत्रमा विशिष्टीकरण तालिकाले निर्देशित गरेका प्रश्नहरू र प्रश्नसङ्ख्या राखिनु राम्रो मानिन्छ । कस्ता कस्ता प्रश्नहरूको निर्माण गर्ने भन्नेकुराको तय प्रश्नको निर्माण पूर्व नै गरिसक्नुपर्छ । प्रश्नपत्रमा प्रश्नहरूको समावेश गर्नुपर्दा कुनै एक प्रश्नपत्रको एकै पृष्ठमा राखेको हुनुपर्छ । त्यस्तै निर्देशन एउटा पृष्ठमा र प्रश्नहरू अर्को पृष्ठमा राखिनु राम्रो मानिदैन । यस्तो भएमा विद्यार्थीहरू प्रश्नको तालमेल नबुझी अलमलमा पर्ने गर्दछन् । परीक्षार्थीलाई झन्झट र अलमलबाट बचाउन प्रश्न र पृष्ठका बीच मिलान गरी प्रश्नपत्र निर्माण गरिनु राम्रो मानिन्छ ।

यस दृष्टिले सुनसरी र मोरङ जिल्लाको प्रश्नपत्रलाई हेर्दा निम्नानुसारको अवस्था देखिन्छ :

मोरङ : प्र.नं. ३ को अनुच्छेद एउटा पृष्ठमा र प्रश्नहरू अर्को पृष्ठमा दिइएको छ भने प्र.नं. ८ को निबन्ध लेखनको प्रश्न एक पृष्ठमा र विकल्पहरू अर्को पृष्ठमा दिइएको छ । यसरी नै प्र.नं. १५ मा पनि शब्दार्थ लेखनको प्रश्न एक पृष्ठमा र शब्दहरू अर्कै पृष्ठमा दिइएको छ ।

सुनसरी : प्र.नं. ५ को निबन्ध लेखनको प्रश्न एक पृष्ठमा र विकल्पहरू अर्कै पृष्ठमा दिइएको छ ।

उक्त आधारमा हेर्दा सुनसरी सेट 'बी' बाहेकका प्रश्नमा प्रश्न र पृष्ठसङ्ख्या सम्बन्धी, त्रुटि भेटिएकाले यसमा सुधार गर्नुपर्ने स्थिति देखा परे पनि पूर्णाङ्क अनुसार अन्य प्रश्न र पृष्ठका बीच सन्तुलन नै पाइन्छ । सुनसरीको सेट 'बी' भने यस आधारमा उपयुक्त नै छ ।

### ३.४.४ कागजको स्तर

प्रश्नपत्रको निर्माण गर्दा उपयोग गरिने कागज छपाइ गर्दा प्रश्नहरूलाई दुवैपट्टि उपयोग गर्न सकिने, चिल्लो, सफा र गुणस्तरीय हुनु राम्रो मानिन्छ । प्रश्नपत्रमै उत्तर

लेख्नुपर्ने अवस्थाको प्रश्नपत्र भएमा नफुल्ने, नछापिने, बाक्लो एवम् स्तरीय हुनु आवश्यक मानिन्छ । त्यस्तै कागजको रङको कुरा गर्दा सादा र रङ्गीन दुवैको प्रयोग गर्न सकिन्छ ।

यस आधारमा मोरङ र सुनसरी जिल्लाका प्रश्नपत्रको तुलनात्मक अध्ययन गर्दा सुनसरी जिल्लाको तुलनामा मोरङ जिल्लाको प्रश्नपत्र गुणस्तरहीन देखिन्छ । मोरङ जिल्लाको प्रश्नपत्रको कागज पातलो र कमजोर रहेको छ भने सुनसरीको प्रश्नपत्रको कागज केही हदसम्म स्तरीय रहेको छ ।

### ३.४.५ छपाइ र सफाइ

प्रश्नपत्र शुद्ध, नफुल्ने कागजमा र स्पष्ट छपाइ हुनु आवश्यक छ । प्रश्नपत्र छपाइ गर्दा कागजको दुवैपट्टि गर्नु राम्रो मानिन्छ । छपाइ गर्दा अर्कोपट्टि मसी नछापिने गरी स्तरीय कागजमा शुद्ध र स्पष्ट तरिकाले सफासँग गर्नु आवश्यक ठानिन्छ । प्रश्नपत्रमा केरमेट, भद्दापन, अशुद्धता जस्ता कमजोरी रहेमा प्रश्नपत्रको स्वरूप निम्नस्तरको भएर बाह्य वैधतामा आँच आउने मात्र नभई आन्तरिक वैधतामा समेत असर पर्न सक्छ । यसका साथै विद्यार्थीहरूलाई उत्तर दिन समेत कठिनाइ हुने गर्दछ । प्रश्नपत्र छपाइ र सफाइका दृष्टिले उपयुक्त हुनु राम्रो मानिन्छ । यस कुरालाई प्रश्नपत्र निर्माण गर्दा ध्यान पुऱ्याउनु पर्छ ।

यस आधारमा मोरङ र सुनसरी जिल्लाको प्रश्नपत्रको तुलनात्मक अध्ययन गर्दा दुवै जिल्लाका प्रश्नपत्रमा त्रुटि पाइँदैनन् भने मोरङको प्रश्नपत्रको कागजको स्तर कमजोर भएका कारण प्रश्नपत्र भद्दा देखिएको छ । सुनसरीको प्रश्नपत्र छपाइ र सफाइका दृष्टिले उपयुक्त नै छ ।

## ३.५ भाषा

प्रश्नपत्रको भाषा अत्यन्तै महत्त्वपूर्ण पक्ष हो । प्रश्नपत्रमा प्रयोग गरिएको भाषा शुद्ध, सहज एवम् विद्यार्थीको स्तरसँग मिल्ने खालको हुनु राम्रो मानिन्छ । यदि प्रयुक्त भाषामा त्रुटि भएमा अर्थको अनर्थ समेत लाग्न सक्ने भएकाले अपेक्षित उत्तर समेत नआउने सम्भावना देखिन्छ । यसले स्वरूपगत वैधताका साथै आन्तरिक वैधतामा समेत आघात पुऱ्याउने गर्दछ । प्रश्नपत्रको भाषामा वर्णविन्यास, पदयोग र वियोग, चिह्न प्रयोग र लोप, वर्ण वा अक्षरलोप, विभक्तिको प्रयोग र लोप, शासन र सङ्गति आदि सम्बन्धी त्रुटिहरू

पाइन्छन् । यहाँ निम्न आधारका दृष्टिले मोरङ र सुनसरी जिल्लाका प्रश्नपत्रको तुलनात्मक अध्ययन गरिएको छ :

### ३.५.१ वर्णविन्यास

वर्णविन्यास भनेको वर्णहरूको व्यवस्थित रखाइक्रम हो । वर्णहरूको सही प्रयोग नै वर्णविन्यास हो । वर्णको गलत प्रयोगलाई वर्णविन्याससम्बन्धी त्रुटि भनिन्छ । यस अन्तर्गत ह्रस्वदीर्घ, चन्द्रविन्दु, शिरविन्दु, हलन्त-अजन्त, व-ब, श-ष-स, य-ए, द्य-ध, रेफ-रकार, पञ्चम वर्ण, विसर्गको प्रयोग आदि सम्बन्धी त्रुटिहरू पर्दछन् ।

यस आधारमा मोरङ र सुनसरी जिल्ला प्रश्नपत्रको तुलनात्मक अध्ययन गर्दा दुवै जिल्लाका प्रश्नपत्रमा पञ्चम वर्णको प्रयोगमा एकरूपताको अभाव रहेको देखिन्छ । सुनसरी जिल्लाको प्रश्नपत्रमा सामान्य प्रकृतिका त्रुटि मात्र देखिएकाले यिनीहरूलाई उपयुक्त नै मान्न सकिए पनि मोरङ जिल्लाको प्रश्नपत्रमा तुलनात्मक रूपमा बढी त्रुटिहरू रहेका छन् । शीर्ष भागमा उतीर्णाङ्क (हुनुपर्ने उत्तीर्णाङ्क), प्र.नं. ३ को अनुच्छेदमा वनेको (हुनुपर्ने बनेको), प्र.नं. ३ मै इटा (हुनुपर्ने इँटा) लेखी शिरविन्दु, चन्द्रविन्दु, व र ब को प्रयोग सम्बन्धी त्रुटिहरू गरिएको पाइन्छ । यसको मुख्य कारण छपाइलाई पनि मान्न सकिन्छ ।

### ३.५.२ पदयोग र पदवियोगसम्बन्धी त्रुटि

एउटै शब्दमा लेख्नुपर्नेलाई टुक्र्याएर लेख्दा र टुक्र्याएर लेख्नुपर्ने शब्दलाई जोडेर लेख्दा हुने त्रुटिलाई पदयोग र वियोगसम्बन्धी त्रुटि भनिन्छ ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको तुलनात्मक अध्ययनको क्रममा दुवै जिल्लाका प्रश्नपत्रमा पदयोग र पदवियोगसम्बन्धी त्रुटिहरू देखिएकाले यी दुवै जिल्लाका प्रश्नपत्रलाई उपयुक्त नै मानिन्छ । विशेषगरी यो त्रुटिको क्षेत्रमा सुनसरी जिल्लाको सेट 'बी' अन्तर्गतको प्रश्नपत्रमा प्रमुख कृतिहरू हुनुपर्नेमा प्रमुखकृतिहरू रहेको छ ।

### ३.५.३ चिह्न प्रयोगसम्बन्धी त्रुटि

चिह्न प्रयोग गर्नुपर्ने ठाउँमा प्रयोग नगरिनु र एउटा चिह्नका ठाउँमा अर्को चिह्नको प्रयोग गर्नुलाई चिह्न प्रयोगसम्बन्धी त्रुटि भनिन्छ । यसभित्र पूर्णविराम, अर्धविराम, अल्पविराम, प्रश्नचिह्न, उद्धरण चिह्न आदि पर्दछन् । चिह्न प्रयोगको कारणले प्रश्नको

अर्थमा असर पर्ने हुनाले यसप्रति सचेत रहनु आवश्यक छ । चिह्नको सही प्रयोग भए नभएको अध्ययन यस अन्तर्गत गरिन्छ ।

चिह्न प्रयोगसम्बन्धी अध्ययन गर्दा मोरङ जिल्लाको प्र.नं. ११, १२, १३, १६ का उपप्रश्नहरूमा कोष्ठक सुरु हुनुभन्दा अगावै पूर्णविराम चिह्नको प्रयोगले त्रुटिपूर्ण मानिन्छ । सुनसरी जिल्ला सेट 'ए' को प्रश्न नं. १० र ११ सेट 'बी' को प्र.नं. ३ र ८ मा पनि उही गल्ती दोहोरिएको छ । यसकारण मोरङ र सुनसरी दुवै जिल्लाका प्रश्नपत्रमा पूर्णविराम प्रयोग सम्बन्धी सचेतता अपनाउनु पर्ने अवस्था रहेको छ ।

यसरी दुवै जिल्लाका प्रश्नपत्रमा रहेका त्रुटिहरूलाई समग्रमा तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ७

त्रुटिका क्षेत्रहरू

| क.सं. | जिल्ला | ह्रस्वदीर्घ | | चिह्न प्रयोग | | वर्ण छनोट | | पदयोग/पदवियोग | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | भएको | हुनुपर्ने | भएको | हुनुपर्ने | भएको | हुनुपर्ने | भएको | हुनुपर्ने |
| १ | मोरङ | | | ईटा | इँटा | उतीर्णाङ्क वनेका वाँदरका दरवार | उत्तीर्णाङ्क बनेका बाँदरका दरबार | | |
| २ | सुनसरी 'ए' | सूधार लागी | सुधार लागि | प्रैरित | प्रेरित | सृजनात्क | सृजनात्मक | | |
| ३ | सुनसरी 'बी' | | | गर : संग | गर सँग | वनजङ्गल गागो | बनजङ्गल गाग्रो | प्रमुखकृतिहरू | प्रमुख कृतिहरू |

## ३.६ सारांश

प्रश्नपत्रको बाह्य आधारले बाह्य स्वरूपगत विशेषता वा निर्देशन, अङ्कविभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषालाई जनाउँछ । बाह्य आधारले आन्तरिक आधारको प्रभावकारीतामा समेत प्रभाव पार्ने हुनाले प्रश्नपत्रमा आन्तरिक आधारका साथै बाह्य आधारहरू पनि सबल हुनु आवश्यक मानिन्छ । अन्य विषयको

प्रश्नपत्र भन्दा भाषा विषयको प्रश्नपत्र निर्माण गर्दा प्रश्नपत्रको स्वरूपदेखि लिएर वर्णविन्यासगत पक्षलाई विशेष रूपमा ध्यान दिई निर्माण गरिनु पर्दछ । बाह्य आधारका कुनै पक्षमा हुन गएको सानो गल्तीले अपेक्षित उत्तरलाई असर पार्ने हुनाले प्रश्नपत्र निर्माता बढी सजग एवम् संवेदनशील हुनुपर्ने कुरामा दुईमत देखिदैन । त्रुटिपूर्ण प्रश्नपत्रले परीक्षणीय उद्देश्य प्राप्तिमा बाधा पुऱ्याउने हुनाले सफा, स्पष्ट, त्रुटिरहित प्रश्नपत्रको निर्माण गरिनु पर्दछ । त्यसैले प्रश्नपत्रमा दिइने निर्देशन स्पष्ट हुनु, अङ्क विभाजन र समय निर्धारणबीच तालमेल मिल्नु, प्रस्तुति अनुक्रम मिलेको हुनु, प्रश्नपत्रको आधार मध्यम हुनु र भाषा शुद्ध हुनुलाई अपरिहार्य मानिन्छ ।

यसरी मोरङ र सुनसरी जिल्लाका प्रश्नपत्रको बाह्य आधारमा तुलनात्मक अध्ययन विश्लेषण गर्दा दुवै जिल्लाका प्रश्नपत्रमा शीर्षनिर्देशनको अभाव रहेको छ । विकल्प निर्देशन प्रयोगको अवस्था सुधारयोग्य रहेको छ । पूर्णाङ्क वितरणलाई आधार मानेर प्रश्नपत्र विश्लेषण गर्दा सुनसरी जिल्लाको प्रश्नपत्रहरू ६० पूर्णाङ्कका छन् । मोरङ जिल्लाको प्रश्नपत्र १०० पूर्णाङ्कको छ । यस आधारमा प्रश्नको पूर्णाङ्क वितरण वा अङ्क विभाजन विशिष्टीकरण तालिका अनुसार नै रहेको छ । प्रश्नगत रूपमा विश्लेषण गर्दा कथा लेखनमा दुवै जिल्लाले ५ अङ्क राखे पनि खाली ठाउँ अनुसारको अङ्क निर्धारण गरिएको पाइँदैन । त्यस्तै सुनसरी जिल्लाको सेट 'बी' को वाक्य परिवर्तन गर्ने प्रश्नमा प्रश्नसङ्ख्या ५ र अङ्क भने २ मात्र छुट्याइएकाले यसमा पनि सन्तुलन पाइएन । यस्ता सामान्य कमीकमजोरी देखा परे पनि समय निर्धारणमा भने ध्यान पुऱ्याएकै पाइएको छ । प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप, शीर्षभाग, प्रश्नको आकार, प्रश्न र पृष्ठ, कागजको स्तर, छपाइ र सफाइ, भाषा, वर्णविन्यास आदि पक्षको समेत दुवै जिल्लाको प्रश्नपत्रमा सन्तुलित प्रयोग रहेको छ ।

## अध्याय - चार

# आन्तरिक आधारमा प्रश्नपत्रको अध्ययन

भाषापाठ्यपुस्तकका आन्तरिक पक्ष अन्तर्गत पाठ्यवस्तु, शब्दभण्डार, भाषा, अभ्यास, चित्र, शब्दार्थ, टिप्पणी, सङ्केत आदिको स्तर के-कस्ता र कति उपयुक्त किसिमका छन् भनेर हेर्ने र नियाल्ने काम गरिन्छ भने प्रस्तुतिगत विशेषता अन्तर्गत भाषापाठ्यपुस्तकमा राखिएका पाठ्यवस्तुहरू छनोट र स्तरणका दृष्टिले के-कस्ता र कति उपयुक्त छन् भन्ने कुराको अध्ययन गरिन्छ (शर्मा र पौडेल, २०६० : ३५७) ।

प्रश्नपत्रको वास्तविक स्वरूप त्यसको आन्तरिक वैधताले निर्धारण गर्दछ । कतिपय अवस्थामा बाह्य वैधतालाई प्रश्नपत्रको आन्तरिक तत्त्वको रूपमा मान्न सकिन्छ । प्रश्नपत्रको आन्तरिक बनोटले परीक्षणको दिशा निर्धारण गर्दछ, सीमाङ्कन गर्दछ र मूल्याङ्कनको उद्देश्य हासिल गराउन मार्गनिर्देशन गर्दछ (बस्नेत, २०६२ : ५९) ।

प्रश्नपत्रको वास्तविक स्वरूप त्यसको आन्तरिक वैधताले निर्धारण गर्दछ । कतिपय अवस्थाहरूमा बाह्य स्वरूपले आन्तरिक स्वरूपलाई प्रभावित गर्छ तर बाह्य वैधतालाई प्रश्नपत्रको औपचारिक तहको रूपमा मान्न सकिन्छ । प्रश्नपत्रको आन्तरिक बनोटले परीक्षणको दिशा निर्धारित गर्दछ, सीमाङ्कन गर्छ र मूल्यको उद्देश्य हासिल गराउन मात्र निर्देशन गर्दछ । प्रश्नको आन्तरिक पक्षले प्रश्नहरूको वास्तविक गुण र स्तर निर्धारण गर्नमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यस पक्षलाई विश्लेषणको अनिवार्य महत्त्वपूर्ण पक्ष मानिन्छ । प्रश्नको उद्देश्यपरकता, स्तरयुक्तता, उपयुक्तता तथा प्रक्रियागत प्रभावकारीताको लेखाजोखा प्रश्नपत्रको बनोटको अध्ययनबाट निर्क्यौल गर्न सकिन्छ । यस अध्यायमा मोरङ र सुनसरीका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन गर्न निम्न आधारलाई मुख्य आधार मानिएको छ :

क) पाठ्यक्रम अनुरूपता

ख) भाषिक पक्षहरूको संयोजन र सन्तुलन

ग) प्रश्नमा हुनुपर्ने गुणहरू

घ) भाषा

ङ) प्रश्नका अन्य पक्षहरू

## ४.१ पाठ्यक्रम अनुरूपता

परीक्षणका लागि उपयोगमा ल्याउने प्रश्नहरू पाठ्यक्रम अनुरूपताका हुनु आवश्यक मानिन्छ वा ती प्रश्नहरूले पाठ्यक्रमको समग्रताको प्रतिनिधित्व गर्न सक्नुपर्छ । यदि उपयोगमा ल्याइने प्रश्नपत्र पाठ्यक्रमको भावना र मर्मबमोजिम नभए यस्ता प्रश्नपत्रबाट गरिने परीक्षण नै दोषपूर्ण हुन गई शिक्षणको सार्थकतामा नै प्रश्नचिह्न खडा हुने गर्दछ । पाठ्यक्रम अनुरूपताका दृष्टिले विधा वा विषववस्तुको उद्देश्य र प्रश्न, विधा वा विषयवस्तुको सीमा र प्रश्न, विधाको अङ्कभार र प्रश्न सन्तुलन तथा विधागत समय र प्रश्न सापेक्षता आदि उपआधारहरूलाई विचार गर्ने प्रयास गरिन्छ (भट्टराई, २०६८ : ४१) । यहाँ यिनै आधारहरूलाई अबलम्वन गरी पाठ्यक्रमको उद्देश्य, विधा, क्षेत्र, अङ्कभार, समय आदि अनुसार प्रतिनिधि प्रश्नहरूको उपयुक्तताको अध्ययन गर्ने प्रयास गरिएको छ ।

पाठ्यक्रम विकास केन्द्रले कक्षा आठको पाठ्यपुस्तकमा उल्लेखित उद्देश्यपूर्ण भए नभएको मूल्याङ्कनका लागि बनाउनु पर्ने प्रश्नको नमुना तथा विशिष्टीकरण तालिका निर्माण गरी जिल्ला शिक्षा कार्यालयमार्फत् विद्यालयलाई उपलब्ध गराइएको छ । यसलाई समेत आधार बनाएर पाठ्यक्रम अनुरूपताका दृष्टिले प्रतिनिधि प्रश्नपत्रको उपयुक्तताको तुलनात्मक अध्ययन गरिएको छ ।

### ४.१.१ विधा वा विषयवस्तुको उद्देश्य र प्रश्न

निम्न माध्यमिक तहको नेपाली पाठ्यक्रम (२०६४) ले कथा, कविता, निबन्ध, रूपक, जीवनी, चिठी, शब्दभण्डार र व्याकरण जस्ता विधाहरूलाई भाषिक सीपका साथै शब्दभण्डार र व्याकरणको विकास गराउने उद्देश्यले समावेश गरेको पाइन्छ । नेपाली भाषा विषयका निम्ति पूर्णाङ्क १००, प्रतिहप्ता पाठ्यभार ५ र वार्षिक पाठ्यभार १५० तोकिएको छ ।

पाठ्यक्रममा उल्लेखित कथा, जीवनी, कविता विधाको प्रयोजन पढाइ सीपको अभिवृद्धि गर्नु हो । निबन्ध विधाको मुख्य प्रयोजन लेखाइ सीपको अभिवृद्धि गर्नु भएता पनि आंशिक रूपमा पढाइ सीपको विकास गर्नु पनि हो । चिठी र दैनिकी विधाको प्रयोजन लेखाइ सीपको अभिवृद्धि गर्नु हो । संवाद, वादविवाद, वक्तृत्त्व, एकाङ्की जस्ता रूपक विधाको उद्देश्य सुनाइ बोलाइ सीपको अभिवृद्धि गर्नु रहे पनि मूल्याङ्कनीय दृष्टिकोणले लेखाइ सीपको परीक्षण गर्न एकाङ्की समावेश पढाइ सीपको परीक्षण गर्नु हो । संवाद,

वादविवाद र वक्तृता आदिको अभिव्यक्तिगत रचनालाई लिखित अभिव्यक्तिमार्फत् कुनै न कुनै रूपमा परीक्षण गर्न सकिने भएकाले यी विधालाई रचनात्मक सीप परीक्षणका निम्ति भाषागत शब्दभण्डार तथा उखान टुक्काजस्ता विधाको समावेश व्याकरण धारणा र शब्दभण्डार अभिवृद्धि तथा भाषिक सबलता प्रदान गरेको देखिन्छ (बस्नेत, २०६२ : ६०) ।

प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा पाठ्यक्रमले निबन्ध/प्रबन्ध विधालाई विधा क्षेत्रमा समावेश गरेको भए पनि पाठ्यपुस्तक निर्माण गर्दा प्रबन्ध विधामात्र छनोट गरेको कारणले निबन्ध विधा छुटेको देखिन्छ । स्वतन्त्र निबन्ध लेखनका लागि दुवै जिल्लाका प्रश्नपत्रमा १० अङ्क छुट्याइएको देखिन्छ । सुनसरी र मोरङ दुवै जिल्लाका प्रश्नपत्रमा पढाइ सीपको परीक्षण गर्न पाठगत प्रश्न र बोधप्रश्न जस्ता प्रश्नहरू समावेश गरिएका छन् भने लेखाइ सीप परीक्षणका लागि निबन्ध, चिठी, वादविवाद आदि रचनासम्बन्धी प्रश्नहरू समावेश गरिएका पाइन्छन् । पढाइ र लेखाइ एकीकृत सीप परीक्षण गर्न विवेचनात्मक प्रश्न, व्याख्यात्मक प्रश्न र सारांश लेखन सम्बन्धी प्रश्नहरू समावेश गरिएका छन् । यसका अतिरिक्त भाषिक सबलता परीक्षण गर्ने व्याकरणात्मक प्रश्न, शब्दभण्डारगत प्रश्न र शुद्धीकरण गर्ने जस्ता प्रश्नहरू राखिएका पाइन्छन् । प्रतिनिधि प्रश्नपत्रहरूलाई हेर्दा दुवै जिल्लाका प्रश्नपत्रहरू विशिष्टीकरण तालिका अनुरूपको नमुना प्रश्नपत्र अनुसार बनेका पाइन्छन् ।

प्रश्नपत्रमा प्रायः सबै विधाहरूलाई समावेश गरी विधागत उद्देश्यहरू समेट्न सक्नेगरी प्रश्नहरू समावेश गरिए पनि सुनाइ र बोलाइ सीपको परीक्षण गर्न प्रयोगात्मक परीक्षणको व्यवस्था नगरिएकाले भाषिक सीपहरूको समुचित परीक्षण भने हुन सकेको छैन । नेपाली भाषा विषयमा सुनाइ र बोलाइ सीपको परीक्षण गर्ने निश्चित व्यवस्था नै नगरिएकाले यी सीपहरूको परीक्षण गर्न नसकिएको भन्न सकिन्छ ।

## ४.१.२ विषयवस्तुको सीमाक्षेत्र र प्रश्न

प्रश्न निर्माण गर्दा पाठ्यक्रमले तोकेको सीमाक्षेत्रमा रही प्रश्न निर्माण गरिनुलाई राम्रो मानिन्छ । पाठ्यक्रमको अपेक्षा भन्दा न्यून र उच्च दुवै स्तरका प्रश्न दोषपूर्ण हुनाले विषयवस्तुको सीमाक्षेत्रको आधारमा प्रश्न निर्माण गरिनु पर्दछ । वर्तमान नि.मा.वि.तहको पाठ्यक्रमले नेपाली विषयका लागि कथा, कविता, जीवनी, निबन्ध, चिठी, रूपक, व्याकरण र शब्दभण्डार गरी जम्मा ८ वटा विधा निर्धारण गरेको छ । यी विधाहरूलाई विभिन्न क्षेत्रहरूमा वर्गीकरण गरी सीमा समेत निर्धारण गरेको पाइन्छ ।

यस आधारमा प्रतिनिधि प्रश्नहरूको तुलनात्मक अध्ययन गर्दा दुवै जिल्लाका प्रश्नपत्रहरू उपयुक्त नै छन् । दुवै जिल्लाले पाठ्यक्रमले तोके बमोजिमका विधा तथा सीमा क्षेत्रलाई आधार मानी प्रश्न निर्माण गरेकाले यस दृष्टिले दोषमुक्त छन् भन्न सकिन्छ । रूपक विधालाई पाठ्यक्रमले मौखिक अभिव्यक्ति क्षमता परीक्षणका लागि छुट्याए पनि दुवै जिल्लाले यस विधाबाट लेखन क्षमताको परीक्षण गरेको पाइन्छ । यसलाई त्रुटिका रूपमा लिन सकिन्छ ।

### ४.१.३ विधागत अङ्कभार

कुनै पनि प्रश्नपत्रमा रहेका प्रश्नहरूको पाठ्यक्रममा तोकिएका अङ्कभारलाई अनुशरण गरी सन्तुलन मिलाइएको हुनुपर्छ । वर्तमान निम्न माध्यमिक शिक्षा पाठ्यक्रमले विधा अनुसार अङ्कभार कायम गरी कुन प्रश्नलाई कति अङ्कभार दिने भन्ने कुराको आधार विशिष्टीकरण तालिकामा तय भए बमोजिम निर्धारण गरिएको छ । उक्त तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ८

मूल्याङ्कन र अङ्कभार

| qm=;+= | क्षेत्र - पढाइ र लेखाइ | विधा | hDdf cª\s |
|---|---|---|---|
| 1 | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | कथा, कविता, प्रबन्ध, जीवनी र रूपक | 20 |
| 2 | लामो उत्तर दिने प्रश्न | कथा, कविता, जीवनी | 10 |
| 3 | बोध प्रश्न | कथा, जीवनी, प्रबन्ध वा अन्य लेख रचना | 5 |
| 4 | सारांश | कथा, जीवनी, निबन्ध/प्रबन्ध | 5 |
| 5 | क) भाव विस्तार<br>ख) सप्रसङ्ग व्याख्या | कथा, कविता, जीवनी, प्रबन्ध/निबन्ध रूपक<br>कथा, कविता, जीवनी, प्रबन्ध/निबन्ध रूपक | 5 |
| 6 | निर्देशित रचना | कथा, संवाद | 5 |
| 7 | स्वतन्त्र रचना | क) निबन्ध / प्रबन्ध<br>ख) चिठी / वादविवाद | 10<br>5 |
| 8 | व्याकरण | शब्दवर्ग, काल, पक्ष र भाव, पदसङ्गति, वाच्य परिवर्तन र वाक्य परिवर्तन, कारक | 20 |

| | | | |
|---|---|---|---|
| | | विभक्ति, वर्णविन्यास र लेख्य चिह्न | |
| 9 | शब्दभण्डार | शब्दार्थ, शब्द पहिचान, वाक्य निर्माण | 10 |

(विशिष्टीकरण तालिका, २०६१ : ५-६) ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रको तुलनात्मक अध्ययन गर्दा मोरङ जिल्लाको प्रश्नपत्र उपयुक्त नै रहेको छ । सुनसरी जिल्लाको प्रश्नपत्रमा भने संक्षिप्त उत्तरात्मक प्रश्न १० अङ्कमा सोधिएका छन् तर पाठ्यक्रमले संक्षिप्त उत्तरात्मक प्रश्नका लागि २० अङ्क छुट्याइएको छ । यस आधारमा सुनसरी जिल्लाको प्रश्नपत्रमा कमजोरी रहेको पाइन्छ ।

## ४.१.४ विधागत सयम र प्रश्न सापेक्षता

पाठ्यक्रममा विधाको लागि पाठ्यसमय निर्धारण गरिएको छ । प्रश्न निर्माण गर्दा तत्तत् समयलाई ख्याल गरेर प्रश्न निर्माण गरिनु आवश्यक छ । थोरै मेहनत गर्नुपर्ने विधाका लागि धेरै समय र धेरै मेहनत गर्नुपर्ने विधाका लागि थोरै समय निर्धारण भएका प्रश्न अवैध मानिन्छन् तसर्थ यस बारेमा सचेत भएर प्रश्न निर्माण गरिनुपर्छ (बस्नेत, २०६२ : ६२) ।

निम्न माध्यमिक शिक्षा पाठ्यक्रमले २०६१ ले विधागत आधारमा अङ्क विभाजन गरेको छ । तर विधा स्पष्ट हुनेगरी समय निर्धारण भने गरेको छैन । निर्धारित अङ्कभारलाई कुल समयले भागगरी आएको नतिजाको आधारमा समय निर्धारण गर्न सकिने देखिन्छ । पाठ्यपुस्तक शिक्षणका निम्ति पाठ्यभार निर्धारण गरेको देखिन्छ । विधागत हिसाबले समयको निर्धारण गर्ने काम उक्त पाठ्यक्रमले गरेको देखिदैन ।

यस आधारमा २०६८ का प्रतिनिधि प्रश्नपत्रको अध्ययन गर्दा कक्षा ८ को पाठ्यवस्तुमा मात्र आधारित रहेर देहायबमोजिमको विशिष्टीकरण तालिका अनुसार निर्दिष्ट भई प्रश्न निर्माण गरेको देखिन्छ ।

## ४.२ भाषिक पक्षहरूको संयोजन र सन्तुलन

भाषिक पक्षहरूभित्र परीक्षणीय दृष्टिले प्रश्नपत्रमा समावेश गरिने पढाइ सीप, लेखाइ सीप, व्याकरणीय ज्ञान र शब्द भण्डारको प्रयोगसम्बन्धी क्षमताहरू पर्दछन् (बस्नेत, २०६२ : ६३) । प्रश्नहरूको निर्माण गर्दा भाषिक पक्षलाई समेटिने गरी गरिनु पर्दछ । भाषिक पक्षहरू भाषिक सीपसँग सम्बन्धित हुने हुनाले यसभित्र पढाइ सीप, लेखाइ सीप, शब्दभण्डार क्षमता तथा व्याकरणिक ज्ञान र प्रयोग सम्बन्धी क्षमताहरू पर्दछन् । सुनाइ सीप र बोलाइ सीपको परीक्षण भने कक्षागत परीक्षणको रूपमा मात्र लिइएको पाइन्छ । यहाँ भाषिक पक्षको संयोजन र सन्तुलनका दृष्टिले प्रतिनिधि प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन यसप्रकार गरिएको छ :

तालिका नं. ९

भाषिक क्षेत्र र अङ्कभार वितरण


| क्षेत्र | विधा | $c^{a}$\s |
|---|---|---|
| पढाइ र लेखाइ<br>क) पाठगत प्रश्न<br>ख) बोध - दृष्टांश/अदृष्टांश<br>ग) सारांश<br>घ) भावविस्तार/व्याख्या<br>ङ) रचना<br>— निर्देशित<br>— स्वतन्त्र | <br>कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी, रूपक<br>कथा, प्रबन्ध/निबन्ध, जीवनी<br>कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी<br>कथा, कविता, प्रबन्ध/निबन्ध, जीवनी<br><br>प्रबन्ध/निबन्ध<br>चिठी, निवेदन, संवाद, विवादात्मक अभिव्यक्ति, कथात्मक अभिव्यक्ति | 30<br>5<br>5<br>10<br><br>10<br><br>10 |
| व्याकरण | पहिचान र प्रयोग | 20 |
| शब्दभण्डार | शब्दको अर्थ वाक्यमा प्रयोग | |

### ४.२.१ पढाइ / लेखाइ सीप

नि.मा.तहको पाठ्यक्रममा पढाइ सीप विकासका निम्ति कथा, जीवनी, कविता र प्रबन्ध विधा पढाइ, लेखाइ दुवैका लागि उपयोग गर्न सकिने देखिन्छ (भट्टराई, २०६८ : ४५) । रूपक (संवाद, वादविवाद, चिठी) सस्वर पढाइका साथै सुनाइ, बोलाइ सीप

विकासका  लागि तिनै सम्बन्धी लिखित रचना अभ्यासका लागि राखिएका पाइन्छन् । सुनाइ, बोलाइ सीपलाई पढाइ र लेखाइ सीपमै एकिकृत गरी अध्ययन गरिन्छ । यहाँ पढाइ लेखाइ सीप, पढाइ सीप र लेखाइ (रचना) सीपलाई पाठ्यक्रम र प्रतिनिधि प्रश्नको आधारमा निम्न आरेखबाट प्रष्ट पारिएको छ ।

आरेख सङ्ख्या - १




यसरी हेर्दा मोरङ र सुनसरी दुवै जिल्लामा पढाइ र लेखाइको अङ्कभार जसमा सङ्क्षिप्त, विवेचनात्मक, भावप्रष्ट र व्याख्यामा २०, १०, ५,५ गरी ४० प्रतिशत हुन्छ । दुवै जिल्लाका प्रश्नपत्रमा समान अङ्क विभाजन गरेको पाइन्छ ।


माथिको आरेखमा २०६८ का प्रश्नहरूमा पढाइ र लेखाइ सीपको एकीकृत परीक्षण गर्ने प्रश्नहरूको निर्माण गरेको देखिन्छ । एकीकृत सीपको परीक्षण गर्न विवेचनात्मक प्रश्नका निम्ति विकल्पसहित १० अङ्कभार निर्धारण भएको पाइन्छ । संक्षिप्त उत्तरात्मक प्रश्नका लागि पनि विकल्पसहित १० अङ्कभार तय गरिएको छ । सप्रसङ्ग व्याख्या गर्ने प्रश्नलाई ५ अङ्कमात्र दिइएको छ भने व्याख्यात्मक प्रश्नका लागि ५ अङ्क निर्धारण गरिएको छ । यहाँ मोरङ जिल्लाको प्रश्नपत्र १०० पूर्णाङ्कको र सुनसरीको ६० पूर्णाङ्कको भएको कारण मोरङ जिल्लाको प्रश्नपत्रमा पढाइ र लेखाइ सीप परीक्षणका लागि ४० अङ्कभार कायम गरिएको छ भने सुनसरीको प्रश्नपत्रमा ३० अङ्कमात्र छुट्याइएको छ । जुन प्रश्नपत्रको पूर्णाङ्कका आधारमा उपयुक्त नै मानिन्छ ।

### ४.२.२. पढाइ सीप

पढाइ भनेको लेख्य सामग्री मात्र उच्चारण गर्नु नभई उच्चारित सामग्रीबाट अर्थबोध गर्ने तथा लिपिबद्ध ज्ञान एवम् सूचनालाई मस्तिष्कमा सङ्ग्रहित गर्ने क्षमता पनि हो (सुवार,

२०६६ : ३९) । परीक्षणीय दृष्टिले भाषिक सीप मध्येको प्रमुख एक सीप पढाइ सीप हो । नि.मा.तहको नेपाली पाठ्यक्रम तथा पाठ्यपुस्तकमा पढाइ सीप विकासका लागि स्पष्ट रूपमा बोध र सारांश क्षेत्रअन्तर्गत रही कथा प्रबन्ध/निबन्ध, कविता, जीवनी विधाबाट दृष्टांश/अदृष्टांश गरी १० अङ्कभार वितरण गरेको पाइन्छ । यसलाई तलको आरेखबाट प्रष्ट पारिन्छ ।

आरेख सङ्ख्या - २





पढाइ सीपको परीक्षणका लागि छुट्याइएको अङ्क मोरङ र सुनसरी दुवै जिल्लाका प्रश्नहरूमा बराबर भएकाले यसमा एकरूपता रहेको पाइन्छ ।

## ४.२.३ लेखाइ सीप

पाठ्यक्रममा लिखित रचनाले पूर्णाङ्कको २० प्रतिशत अङ्क पाउनुपर्ने देखिन्छ । यस रचना अभ्यासका लागि निर्धारित विधाहरूमा प्रबन्ध, निबन्ध, चिठ्ठी, निवेदन, संवाद, वादविवाद, कथात्मक अभिव्यक्ति समावेश गरिउको पाइन्छ । मौखिक रचनाका लागि रूपक विधा कायम गरिएको भए पनि मौखिक मूल्याङ्कन नहुने गरको परिप्रेक्षमा कुनै रूपमा लिखित विधाबाटै मापन गर्नुपर्ने ठान्दै रूपक विधालाई लिखित रचनाको रूपमा परीक्षण गरिएको छ (भट्टराई, २०६७ : ४७) । यसरी हेर्दा कथा/संवाद, निबन्ध, चिठ्ठी, वादविवाद रचना कौशलमा क्रमशः ५, १०, ५ अङ्क परीक्षणको लागि छुट्याइएको पाइन्छ । यसलाई निम्नानुसारको आरेखबाट पनि प्रष्ट पार्न सकिन्छ ।

आरेख सङ्ख्या - ३



यस दृष्टिले मोरङ र सुनसरी जिल्लाका प्रश्नपत्रहरूको विश्लेषण गर्दा दुवै जिल्लाका प्रश्नपत्रमा लेखाइ सीप परीक्षणका लागि समान अङ्कभार दिइएको पाइँदैन । मोरङ जिल्लाको प्रश्नपत्र १०० पूर्णाङ्कको भएका कारण उक्त प्रश्नपत्रमा पाठ्यक्रमले निर्धारण गरेको जति नै अङ्क लेखाइ सीप परीक्षणमा प्रयोग गरिएको छ । सुनसरी जिल्लाको प्रश्नपत्र ६० पूर्णाङ्कको भएका कारण यहाँ कथा वा संवादलाई ५ अङ्क चिठी वा वादविवादलाई ५ अङ्क र निबन्धलाई ७ अङ्क प्रदान गरिएको छ । सुनसरी जिल्लाको सेट 'ए' प्रश्नपत्रमा लेखाइ सीप परीक्षण गर्ने कथा वा संवाद विधा नै नभएकाले यसलाई प्रश्नपत्रको कमजोरी मानिन्छ । समग्रमा पूर्णाङ्क अनुसार दुवै जिल्लाका प्रश्नपत्रमा लेखाइ सीप परीक्षण निर्धारण गरिएको अङ्कभार उपयुक्त नै देखिन्छ ।

## ४.२.४ व्याकरणात्मक परीक्षण

ठीक बेठीक शुद्ध अशुद्धको ज्ञान गराउने शास्त्रलाई नै व्याकरण भनिने हुनाले यसको मूल प्रयोजन भनेको भाषिक शुद्धता कायम गराउनु हो (सुवार, २०६६ : ४३) । यस तहमा व्याकरण शिक्षण गर्नुको उद्देश्य बालबालिकाहरूलाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गर्नु हो । अतः व्याकरणलाई नियमहरूमा केन्द्रित गरी परिभाषा र उदाहरणद्वारा पुष्ट्याईं गर्ने परम्परा त्यागी विद्यार्थीहरूमा उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठ भित्रैबाट नियमको खोजी गर्ने उत्सुकता जगाइदिनु उपयुक्त हुन्छ । यसका अतिरिक्त विद्यार्थीहरूकै आफ्नो भाषा प्रयोगमा व्याकरणको व्यवस्था खोज्न लगाउनु र त्यसमा परिष्कार ल्याउन व्याकरणात्मक सुझको उपयोग गर्नु पनि वाञ्छनीय छ (भट्टराई, २०६७ : ४८) । यस तहमा छुट्टै पाठ्यपुस्तकको आधारमा व्याकरण शिक्षण गर्नु बोझिलो हुने र उद्देश्यअनुकूल नहुने पनि मननीय छ (नि.मा.तहको पाठ्यक्रम, २०६४ : १०) । व्याकरणको परीक्षण व्यावहारिक सीपको मूल्याङ्कन गर्ने किसिमको हुनुपर्छ र रहेको पाइन्छ । यहाँ व्याकरण परीक्षणको लागि २०% अङ्क छुट्याइएको छ ।

प्रतिनिधि प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन विश्लेषण गर्दा यस क्षेत्रअन्तर्गत शब्दवर्ग, काल, पक्ष, अर्थ (भाव), पदसङ्गति, वाह्य परिवर्तन, वाक्य परिवर्तन, कारक, विभक्ति, वर्णविन्यास र लेख्य चिह्नमा अङ्क विभाजन गरेको पाइन्छ । दुवै जिल्लाका प्रश्नमा उक्त बुँदामा अङ्क समावेश गरेको पाइन्छ । त्यसलाई तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

तालिका नं. ८

व्याकरण परीक्षण तालिका

| क्र. सं. | जिल्ला | सेट | पूर्णाङ्क | शब्दवर्ग | काल, पक्ष, भाव (अर्थ) | पदसङ्गति, वाच्य र वाक्य परिवर्तन | कारक र विभक्ति | वर्णविन्यास (शुद्ध गर) | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मोरङ | - | १०० | ३ | ४ | ६ | २ | ५ | २० | २० |
| २ | सुनसरी | ए | ६० | २ | ३ | ३ | २ | २ | १२ | १२ |
| ३ | सुनसरी | बी | ६० | x | x | २ | २ | x | ४ | ४ |

तालिका अध्ययन गर्दा मोरङ जिल्लाको प्रश्नपत्रमा पाठ्यक्रमले निर्धारण गरे जतिनै अङ्कभार व्याकरणात्मक परीक्षणमा प्रयोग गरेको पाइयो । प्रश्नपत्रमा व्याकरणका सम्पूर्ण विधाहरू समावेश गरिएको छ । सुनसरी जिल्लाको प्रश्नपत्रमा पाठ्यक्रमले तोकेबमोजिम व्याकरणात्मक सीप परीक्षण गर्ने प्रश्नपत्रहरू रहेको पाइँदैन । सुनसरी जिल्लाको प्रश्नपत्र ६० पूर्णाङ्कको मात्र भएकाले सेट 'ए' को प्रश्नपत्रमा सामान्य कमजोरी भए पनि सम्पूर्ण विधा समावेश गरेकाले उपयुक्त नै मानिन्छ । सुनसर जिल्लाको सेट 'बि' प्रश्नपत्र व्याकरणात्मक सीप परीक्षणका दृष्टिले एकदमै त्रुटिपूर्ण देखिन्छ । प्रश्नपत्रमा व्याकरणात्मक सीप परीक्षणका लागि जम्मा ४ अङ्कभार मात्र छुट्याइएको छ । उक्त प्रश्नपत्रमा शब्दवर्ग, काल, भाव (अर्थ), पक्ष र वर्णविन्यास परीक्षणका लागि प्रश्न नै निर्माण गरिएको छैन । यसकारण व्याकरणात्मक सीप परीक्षणका दृष्टिले मोरङ र सुनसरी जिल्ला सेट 'ए' को प्रश्नपत्र उपयुक्त भएपनि सुनसरी जिल्ला सेट 'बि' को प्रश्नपत्र त्रुटिपूर्ण रहेको छ । समान स्तर र प्रकृतिका विद्यार्थीहरूका लागि निर्माण गरिएका प्रश्नपत्रमा यस्तो असमानता पाइनु निश्चयनै राम्रो कुरा होइन । विशिष्टिकरण तालिका र पाठ्यक्रमको उद्देश्यलाई ध्यानमा राखी प्रश्न निर्माण गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ४.२.५ शब्द भण्डारगत परीक्षण

निर्दिष्ट पाठ्यपुस्तक तथा पाठ्यसामग्रीमा प्रयुक्त विभिन्न किसिमका शब्द तथा उखान टुक्काको शिक्षण गर्नाले भाषिक बोध तथा अभिव्यक्ति सामर्थ्य बढाउन मद्दत पुग्छ । पाठमा प्रयुक्त पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनेकार्थी, पारिभाषिक/प्राविधिक, अनुकरणात्मक आदि शब्दहरू र उखान टुक्काहरूको अर्थ र सन्दर्भपूर्ण प्रयोगको अभ्यास गराउनु अपेक्षित छ (नि.मा.पाठ्यक्रम विकास केन्द्र, २०६४ : १०) । यस क्षेत्रमा पाठ्यक्रम अनुसार १० प्रतिशत अङ्कभार छुट्याइएको पाइन्छ । यसलाई तलको तालिकाबाट प्रष्ट पारिन्छ ।

तालिका नं. ९

शब्दभण्डार परीक्षण तालिका

| क्र.सं. | जिल्ला | सेट | पूर्णाङ्क | शब्दार्थ | शब्द पहिचान | वाक्य निर्माण | जम्मा अङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मोरङ | - | १०० | २ | ३ | ५ | १० | १० |
| २ | सुनसरी | ए | ६० | २ | २ | ४ | ८ | १३.३४ |
| ३ | सुनसरी | बी | ६० | २ | x | ५ | ७ | ११.६७ |

माथिको तालिका अध्ययन विश्लेषण गर्दा मोरङ जिल्लाको प्रश्नपत्र शब्दभण्डार परीक्षणका लागि उपयुक्त देखिन्छ । सुनसरी जिल्लाको सेट 'ए' को प्रश्नपत्र पनि पूर्णाङ्क अनुसार उपयुक्त मानिन्छ । सुनसरी जिल्ला सेट 'बी' को प्रश्नपत्र चाहिँ त्रुटिपूर्ण रहेको छ । ६० पूर्णाङ्कको मात्र भए पनि उक्त प्रश्नपत्रमा शब्दभण्डार परीक्षण गर्न ७ प्रतिशत अङ्कभार मात्र छुट्याइएको छ । प्रश्नपत्रमा शब्द पहिचान गर्ने प्रश्न नै दिइएको छैन । त्यसैले एउटै जिल्लाको सेट 'ए' र 'बी' को प्रश्नपत्रमा पनि असमानता हुनाले सुनसरी जिल्लाको प्रश्ननिर्माणमा धेरै सजगता अपनाउनु पर्ने अवस्था रहेको देखिन्छ ।

## ४.३ प्रश्नपत्रमा हुनुपर्ने गुण

परीक्षणमा समावेश गरिने प्रश्नहरू गुणस्तरयुक्त हुनु पर्दछ । यिनीहरूले विद्यार्थीको शैक्षिक उपलब्धिको गुणस्तरलाई शुद्धतापूर्वक र भरपर्दो तरिकाले लेखाजोखा गर्नसक्नु पर्दछ । यसले राम्रो र नराम्रो विद्यार्थी बीचको अन्तरलाई स्पष्ट रूपमा देखाउन सक्नुपर्छ । प्रश्नहरू धेरै गाह्रो वा सजिलो नभएर मध्यम स्तरको हुनु पर्दछ । प्रश्नका यी सबै

गुणहरूबारे सुनिश्चित गर्न यिनीहरूको प्रत्यक्ष अनुभवमा आधारित विश्लेषण गरिनु पर्दछ (ज.ब.रा. र अन्य, २०५८ : १७२) ।

परीक्षामा सोधिने प्रश्नहरूको छनोट र निर्माण प्राविधिक रूपमा स्तरीय/असल बनाउन सक्नुपर्छ भने अर्कातर्फ व्यावहारिक/प्रयोगात्मक रूपमा सान्दर्भिक पनि हुनुपर्छ । त्यसरी नै उद्देश्यसँग मेल खाने, विद्यार्थीको तह, स्तर, रूचि, आवश्यकता र क्षमता अनुकूल परीक्षामा मात्र उपयोगिता र तुलनात्मकताको गुण कायम हुन सक्छ (भट्टराई र धामी, २०६६ : २०१) ।

प्रश्नपत्रमा आन्तरिक गुणको स्तरीयताले परीक्षणलाई सार्थक र उद्देश्यपूर्ण बनाउँछ । ती आन्तरिक गुणहरूमा विश्वसनीयता, वैधता, विभेदकारिता र व्यावहारिकता मुख्य हुन् । यिनै गुणहरूको आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन गरिएको छ ।

### ४.३.१ विश्वसनीयता

विश्वसनीयता भनेको मापनको साधनमा पाइने त्यो गुण हो, जसले यस साधनद्वारा गरिएको मापनको शुद्धता अर्थात् पटकपटकको मापनमा समान गुणलाई समान रूपले मापन गर्न सक्ने क्षमताबारे जानकारी गराउने साधनलाई विश्वसनीय भनिन्छ (ज.ब.रा.र अन्य, २०५८ : १७२) ।

विश्वसनीयताले मापनद्वारा जानकारीको स्थिरता, एकरूपता, शुद्धताको बारेमा जानकारी गराउँछ । अस्पष्ट प्रश्न अत्याधिक विकल्प भएको प्रश्न, पुच्छ्रे प्रश्न, सुराक दिने प्रश्न आदिले विश्वसनीयतामा ह्रास ल्याउने गर्दछ (शर्मा, २०६० : १४९) ।

विश्वसनीयता मापनको साधनको त्यो गुण हो जसलाई विद्यर्थीहरूमा विकास भएको ज्ञान, सीप, अभिवृत्ति जस्ता पक्षहरू मापन गर्न पटकपटक प्रयोग गर्दा नतिजामा एकरूपता देखा पर्दछ (पराजुली र अन्य, २०६५ : १५०) ।

विश्वसनीयताको प्रश्नद्वारा गरिएको परीक्षणको शुद्धताबारे जानकारी दिने गर्दछ । वस्तुगत प्रश्नमा जस्तो विषयगत प्रश्नमा विश्वसनीयता हुबहु त हुँदैन तर समानता भने हुन्छ । परीक्षार्थीको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक स्थिति, वातावरणीय प्रभाव तथा परीक्षकमा स्वभाविक रूपमा रहने वैयक्तिक धारणाको भिन्नताले विश्वसनीयतामा फरक त पर्छ तापनि सर्वाधिक रूपमा प्रश्नको आन्तरिक बनोटले नै यसमा भूमिका खेलेको

हुन्छ । विश्वसनीयताको तात्पर्य कुनै परीक्षणको त्यो विशेषतासँग सम्बन्धित गुण हो, जसअनुसार विभिन्न अवसरहरूमा सही व्यक्तिले परीक्षण गर्दा समान अङ्क प्राप्त हुन्छ । यसरी एउटा परीक्षणलाई एकपटक जाँच्दा प्राप्त अङ्कहरूको सङ्गति भयो भने त्यसलाई विश्वसनीय भनिन्छ । यसरी एउटा परीक्षणलाई केही पटक केही समयको अन्तरालमा विद्यार्थीहरूको एउटा समूहलाई दिइन्छ र विद्यार्थीहरूको प्राप्ताङ्कमा कुनै उल्लेखनीय फरक आएन भने परीक्षण विश्वसनीय हुने गर्दछ । धेरै विकल्प भएका, असमान विकल्प भएका, पुच्छ्रेप्रश्न, सुराक पत्ता लाग्ने प्रश्न, कण्ठाग्र गरेर लेख्न मिल्ने, सार्ने वा चोर्ने प्रश्न तथा अनिश्चित आयतन, स्तर प्रतिकूल र अस्पष्ट प्रश्नहरूले विश्वसनीयतामा बाधा पुऱ्याउँछन् । विश्वसनीयतामा प्रभाव पार्ने तत्त्वहरूलाई हटाइ विश्वसनीयता कायम राख्न सकिने प्रचलित विधिहरू परीक्षण, पुनः परीक्षण विधि, समानान्तर प्रारूप विधि र आन्तरिक एकरूपता विधि । यी विधिहरूको उचित प्रयोग गर्न सकेमा प्रश्नहरूलाई विश्वसनीय मान्न सकिन्छ । त्यसैले विश्वसनीय हुन प्रतिनिधि प्रश्नहरूमा निम्नानुसारका कुराको आवश्यकता देखिन्छ :

### ४.३.१.१ स्पष्टता

प्रश्नपत्र निर्माण गर्दा स्पष्ट भाषामा दोहोरो अर्थ नलाग्ने, विद्यार्थी नअल्मलिने गरी मापनीय प्रश्नहरू निर्माण गर्नुपर्छ । प्रतिनिधि प्रश्नपत्रलाई हेर्दा कतिपय ठाउँमा सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् भनिएको पाइन्छ । यसले खाली ठाउँमा लेख्ने कि उत्तरपत्रमा लेख्ने भन्ने कुरा अस्पष्ट बनाएको पाइन्छ । विवेचनात्मक उत्तरमा कहीँ पुष्टि गर्नुहोस्, कहीँ चर्चा गर्नुहोस्, आफ्नो विचार व्यक्त गर्नुहोस् भनेर अस्पष्ट बनाएको पाइन्छ । यस आधारमा सुनसरी जिल्लाको प्रश्नपत्रमा यस्तो कुनै किसिमको अस्पष्ट प्रश्न दिइएको पाइँदैन भने मोरङ जिल्लाको प्रश्नपत्रमा भने खाली ठाउँ भर्ने र विवेचनात्मक प्रश्नमा अस्पष्टता पाइन्छ । मोरङ जिल्लाका प्रश्नपत्रमा यस्ता अस्पष्टता अझै विद्यमान रहेको पाइन्छ ।

### ४.३.१.२ पुच्छ्रेप्रश्न

एउटा प्रश्नमा अर्को प्रश्न जोडेर दिनुलाई पुच्छ्रेप्रश्न भनिन्छ । पुच्छ्रेप्रश्नले उत्तर मापनमा अन्योलपूर्ण स्थिति सिर्जना हुन्छ । पुच्छ्रेप्रश्नका कारण परीक्षार्थीलाई उत्तर दिँदा अल्मलिने र कुन प्रश्नलाई कति महत्त्व दिने भन्ने कुरा अस्पष्ट हुन्छ । त्यसैले यस्ता प्रश्न राख्नु हुँदैन र राख्नुपर्ने भए अङ्कभार छुट्ट्याएर राख्नुपर्छ (भट्टराई, २०६७ : ५२) ।

यहाँ मोरङ र सुनसरी जिल्लाको प्रश्नपत्रमा पुच्छेप्रश्नको बाहुल्यता ज्यादै न्यून रहेको देखिन्छ । यस आधारमा दुवै जिल्लाका प्रश्नहरू उपयुक्त देखिन्छन् ।

### ४.३.१.३ सुराक दिने प्रश्न

एउटै प्रश्नपत्र भित्र एउटा प्रश्नको उत्तरसँग मिल्ने अर्को प्रश्न भएमा त्यही उत्तर सार्ने हुनाले प्रश्नको विश्वसनीयता नहुन सक्छ । प्रश्नपत्रमा सुराक दिने प्रश्न ज्यादै न्यून भए पनि यस्ता प्रश्नको सम्भावना भने रहन्छ ।

यहाँ मोरङ र सुनसरी जिल्लाको प्रश्नपत्रमा यस्तो सुराक दिने प्रश्नपत्र नरहेको अवस्था पाइन्छ ।

### ४.३.१.४ असम्बद्ध विकल्पन (असमान विकल्प)

परीक्षणीय उद्देश्य भिन्नाभिन्नै भएका प्रश्नहरूलाई विकल्पका रूपमा राख्नाले मापनीय विश्वसनीयतामा ठूलो आघात पर्दछ । परीक्षणीय उद्देश्य अनुसार प्रश्नका उत्तर प्रक्रियाहरू फरक फरक हुने भएकाले असम्बद्ध विकल्पहरूको व्यवस्था प्रश्नमा गरिनु हुँदैन (बस्नेत, २०६२ : ७१) । एउटा सीपमा सक्षम विद्यार्थी अर्को सीपमा पनि समान रूपमा सक्षम हुन्छन् भन्न सकिँदैन । यसैगरी कुनै एउटा मूल प्रश्न भित्र राखिने उपप्रश्नबाट केही मात्र प्रश्नको उत्तर दिन लगाइन्छ भने ती प्रश्नको कठिनाई स्तर पनि समान हुनुपर्दछ । उक्त दृष्टिले मोरङ र सुनसरी जिल्लाको प्रश्नपत्रको तुलनात्मक अध्ययन विश्लेषणबाट दुवै जिल्लाको प्रश्नमा सङ्क्षिप्त, विवेचनात्मक, व्याख्यात्मक, निबन्ध, कथा, संवाद, चिठी, वादविवादमा विकल्प दिइएको पाइन्छ । यहाँ सुनसरी जिल्लाको सेट 'ए' को प्रश्न नं. २ र सुनसरी कै सेट 'बी' को प्रश्न नं. ११ मा असमान विकल्प दिइएको छ । व्याख्या र निबन्ध लेखनमा समान विकल्प भए पनि सङ्क्षिप्त उत्तरमा असमान विकल्पको अवस्था रहेकाले विश्वसनीयताको गुण ग्रहण गर्न सकेको देखिँदैन ।

### ४.३.१.५ कण्ठस्थीकरण

प्रश्नहरूको विश्वसनीयतामा प्रभाव पार्ने प्रमुख तत्त्वमध्ये कण्ठस्थीकरण गर्ने खालका प्रश्नहरूमा जोड दिनु पनि हो । उत्पादनात्मक गुण भएका प्रश्नमा भन्दा प्रतिस्मरणात्मक गुण भएका प्रश्नहरूमा कण्ठस्थीकरणलाई प्रोत्साहन मिल्छ । यस्ता प्रश्नबाट कण्ठ गर्ने विद्यार्थीले बढी अङ्क ल्याउने र राम्रो विद्यार्थी पछि पर्ने हुन्छ । चोरेर, अर्काको सारेर कमजोर विद्यार्थी पनि अनुमानात्मक किसिमले उत्तर मिलाउने हुँदा त्यस्ता प्रश्नमा विश्वसनीयताको गुण कम रहन्छ तर नेपालमा प्रचलनमा प्रयोगरत प्रश्नमा यस्तै प्रश्नको बाहुल्य देखिन्छ (बस्नेत, २०६२ : ७३) ।

यस आधारमा दुवै जिल्लाका प्रतिनिधि प्रश्नहरूलाई हेर्दा कण्ठस्थीकरणलाई निरुत्साहित नै गर्न खोजेको पाइन्छ । खासगरी सैद्धान्तिक प्रश्नहरूमा जोड दिइने प्रश्नले कण्ठस्थीकरणलाई निरुत्साहित पार्ने गर्दछ । व्याकरणका सैद्धान्तिक प्रश्न नसोधेर प्रयोगात्मक प्रश्न सोध्ने गर्नाले घोकेर दिइने उत्तरलाई निरुत्साहित गर्छ । यसका साथै पाठ्यपुस्तकको अभ्यासबाट सिधै प्रश्न राख्दा कण्ठस्थीकरणलाई प्रोत्साहन मिल्ने हुन्छ । यी कुरामा ध्यान दिएर प्रश्नमा विश्वसनीयता थप्नुपर्दछ ।

त्यसैले प्रश्नको विश्वसनीयताको गुण वृद्धि गर्न कण्ठस्थीकरण खालका प्रश्नभन्दा उत्पादनात्मक किसिमका प्रश्न निर्माण गरिनु पर्दछ । प्रतिनिधि प्रश्नपत्रमा मोरङ र सुनसरी दुवै जिल्लामा विवेचनात्मक उत्तर र संक्षिप्त उत्तरात्मक प्रश्नमा कण्ठस्थीकरणको अवस्था सकारात्मक रहेको देखिन्छ भने दुवै जिल्लाका व्याकरणात्मक प्रश्नमा भने कण्ठस्थीकरणको अवस्था रहेको देखिन्छ । यसकारण दुवै जिल्लाको प्रश्नपत्रको विश्वसनीयतामा चोट पुगेको देखिन्छ ।

## ४.३.२ वैधता

जुन विषय र उद्देश्यको परीक्षण एवम् मापन गर्नका लागि प्रश्न बनाइएको हो त्यही कुराको सफल परीक्षण वा मापन हुनसक्ने स्थिति प्रश्नहरूमा देखिएमा त्यस्ता प्रश्नलाई नै वैध भनिन्छ (आचार्य, २०५९ : ४६) । यसरी परीक्षण गर्न खोजिएको कुरालाई दुरुस्त र त्रुटिरहित ढङ्गबाट परीक्षण गर्ने गुण नै प्रश्नपत्रको वैधताको उदाहरण हो ।

एल.इ.ऋनव्याचले कुनै परीक्षणमा जाँच्न खोजिएको कुरा दुरुष्त र ठीक जाँच्न सक्ने गुण छ भने त्यो परीक्षा वा प्रश्नपत्रको प्रामाणिकता वा वैधता ठहर्छ । तसर्थ परीक्षाले जाँच्न

खोजिएको कुरा कति मात्रामा जाँचेको छ भन्ने कुरालाई नै त्यो परीक्षणको वैधता हो भनेका छन् (भट्टराई र धामी, २०६६ : २०८) ।

वैधता कुनै पनि जाँचको साधनमा हुनुपर्ने अत्यावश्यक गुण हो । यस गुणको अभावमा कुनै पनि परीक्षणले आफ्नो उद्देश्य हासिल गर्न सक्दैन । वैधता भनेको जाँचको साधनमा पाइने त्यो गुण हो जसको आधारमा कुनै परीक्षणले ती गुणहरू नै परीक्षण गरेको कुरा सुनिश्चित गरिन्छ जुन गुण परीक्षण गर्नलाई तयार गरिएको हुन्छ । अर्थात् जब कुनै जाँचको साधनले ती गुणहरू नै परीक्षण गर्दछ, जसको परीक्षण गर्ने उद्देश्यले त्यसलाई तयार गरिएको हुन्छ ; तब त्यस जाँचको साधनलाई वैध मानिन्छ । यसले कुनै परीक्षणको जाँच्न खोजेको विषयवस्तु नै परीक्षण गरेको हो भन्ने कुरा सुनिश्चित गर्दछ (ज.ब.रा. र अन्य, २०५८ : १८८) ।

परीक्षण गर्न खोजिएका कुरालाई दुरुस्त र त्रुटिरहित तरिकाबाट परीक्षण गर्ने गुण नै प्रश्नपत्रको वैधता उदाहरण हो । प्रश्नहरू आन्तरिक र बाह्य रूपबाट त्रुटिरहित हुन जरुरी छ । आन्तरिक रूपबाट प्रश्न वैध हुनुलाई विश्वसनीयता चाहिन्छ । विश्वसनीयता हुँदैमा वैध हुन्छ भन्न सकिँदैन । वैधता नभएका साधनको प्रयोगबाट गरिएको परीक्षण उपलब्धिमूलक नहुने हुनाले वैधतायुक्त साधन निर्माण गरिनु पर्दछ । वैधतालाई परीक्षाको लम्बाइ, भाषा, निर्देशन, विषयवस्तुको समेटाइ, प्रश्नको कठिनाइस्तर, सामाजिक र सांस्कृतिक भिन्नता आदिले वैधतामा प्रभाव पार्दछन् । त्यसैले उपयुक्त प्रभाव पार्ने तत्त्वमा विशेष सावधानी अपनाइनु पर्दछ । यसले प्रश्नका मानवीय समरूपता र एकरूपताको मात्र आँकडा दिन्छ । वैधताले विश्वसनीयताको प्रमाणिकताको लेखाजोखा गर्दछ र उपयुक्त निर्णयमा पुग्न मूल्याङ्कनलाई मद्दत गर्दछ । वैधताका विषयगत, रचनात्मक, अनुमानात्मक, समवर्ती जस्ता पक्षहरूको आधारमा मोरङ र सुनसरी जिल्लाका प्रश्नहरूलाई निम्नानुसार अध्ययन विश्लेषण गरिन्छ ।

### ४.३.२.१ विषयगत वैधता

पाठ्यक्रमका उद्देश्यहरू र त्यसअनुरूप निर्धारण गरिएका विषयवस्तुहरूको पर्याप्ततालाई यथोचित ख्याल गरेर प्रश्नहरू निर्माण गरिनु पर्दछ । यसरी पाठ्यक्रमका उद्देश्य, विषयवस्तु र विषयवस्तुका सीमाहरूलाई समग्ररूपमा ढाक्ने र त्यसै अनुरूप विद्यार्थीका उपलब्धिहरूलाई परीक्षण गर्न सक्षम प्रश्नहरू नै विषयगत वैधता भित्र पर्दछन् ।

जब पाठ्यक्रमबाट परीक्षणको सहसम्बन्ध स्थापित गरी वैधता पत्ता लगाइन्छ भने यस्तो वैधतालाई विषयगत वैधता भनिन्छ (शर्मा, २०६१ : १४६) ।

विषयगत वैधतामा स्तर अनुसारका प्रश्नमा शुद्धता, सरल भाषा, पाठ्यक्रमलाई समेटेको पाठ्यांश र अङ्कभारको अनुपात समान प्रश्नअनुरूप जस्ता कुरालाई आधार मानिन्छ । परीक्षणमा समावेश गरिएका प्रश्नहरूले सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व गर्दछन् भने त्यस्तो जाँचमा विषयगत वैधता रहेको मानिन्छ (ज.ब.रा. र अन्य, २०५८ : १९०) । त्यसैले पाठ्यक्रमबाट परीक्षणको सहसम्बन्ध स्थापित गरी वैधता पत्ता लगाइन्छ भने त्यस्तो वैधताालाई विषयगत वैधता भनिन्छ । विषयगत वैधता भएका प्रश्नहरूको पाठ्यक्रमका उद्देश्यहरू, विषयवस्तु र सीमालाई समग्र रूपमा ढाक्न सक्ने हुन्छन् । यस्ता प्रश्नहरूबाट मात्र विद्यार्थीको उपलब्धि परीक्षण वास्तविक रूपमा हुने गर्दछ । विषयगत वैधताका लागि स्तर अनुकूलका प्रश्न, प्रश्नमा रहेको निर्देशन, भाषा, शुद्धता, पाठ्यांश र प्रश्न अनुक्रमलाई मुख्य आधार मान्न सकिन्छ । यिनै कुराहरूका आधारमा विषयगत वैधता रहे नरहेको छुट्याउन सकिन्छ ।

यस आधारबाट प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा सबै प्रश्नपत्रहरू परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरले प्रकाशन गरेको विशिष्टीकरण तालिका र नमुना प्रश्नपत्र अनुरूप नै देखिन्छ । नि.मा.वि.तहको पाठ्यक्रम (२०६४) ले भाषाका चारैवटा सीपको परीक्षण गर्ने उद्देश्य लिए पनि पढाइ र लेखाइलाई विशेष जोड दिएको पाइन्छ । सुनाइ र बोलाइ सीपको परीक्षण भने कक्षागत रूपमा वा निर्माणात्मक तहमा गरी सोको केही प्रतिशत निर्णयात्मक मूल्याङ्कनमा जोड्ने व्यवस्था गरेकाले सुनाइ र बोलाइ सीपको उपयुक्त मात्रामा परीक्षण हुन सकेको छैन । यो व्यवस्था नि.मा.वि.तह (२०६४) को पाठ्यक्रममा भएकाले पाठ्यक्रमकै कमजोरीका रूपमा लिन सकिन्छ । रूपक विधाको प्रयोजन पढाइ सीपसँग सम्बन्धित पक्षको विकास गर्नु रहे पनि सम्पूर्ण प्रश्नपत्रमा समाविष्ट रूपक विधाहरूले लेखाइ सीपको परीक्षण गरेको पाइन्छ ।

मोरङ र सुनसरी दुवै जिल्लाका प्रश्नपत्रहरूमा पढाइ र लेखाइ सीपको परीक्षणका लागि पर्याप्त सामग्री समेटिएका पाइन्छन् । त्यस्तै व्याकरणात्मक र शब्दभण्डार क्षमताको विकासको लागि पनि पाठ्यक्रमले निर्देशित गरे बमोजिमका विषयवस्तु समावेश गरी प्रश्न सोधिएकाले यी सबै प्रश्नपत्रमा विषयगत वैधता कायम रहेको पाइन्छ ।

### ४.३.२.२ रचनात्मक वैधता

विद्यार्थीको परीक्षाको प्राप्ताङ्कलाई तिनको आचरण वा गुणको आधारमा व्याख्या गरिन्छ भने त्यसलाई रचनात्मक वैधता भनिन्छ (शर्मा, २०६१ : १४८) । त्यसैले कुनै जाँचले के-के मनोवैज्ञानिक योग्यताहरूको मापन गर्दछ खोजी गरेर त्यसको मूल्याङ्कन गर्ने कार्यलाई रचनात्मक वैधता भनिन्छ । परीक्षणीय प्रश्नहरूले सम्बन्धित विषयको ज्ञान र प्रयोग क्षमताको मात्र परीक्षण नगरेर विद्यार्थीका अन्तर्निहित भावना एवम् प्रवृत्तिहरूको पनि परीक्षण गर्न सक्नु पर्दछ ।

कुनै परीक्षण सम्बन्धित गुणको परीक्षणसँग जति निकट हुन्छ त्यस परीक्षणमा त्यति नै बढी मात्रामा रचनात्मक वैधता भएको भनिन्छ (ज.ब.रा.र अन्य, २०५८ : १९४) । रचनात्मक वैधता विद्यार्थीका बुद्धिमता, व्यक्तित्व, तार्किकता, मौलिकता एवम् सिर्जनात्मक कुशलता जस्ता मनोवैज्ञानिक गुणको परीक्षणसँग सम्बद्ध हुन्छ । त्यसैले रचनात्मक वैधता भन्नाले परीक्षणबाट प्राप्त अङ्कलाई विद्यार्थीको वास्तविक प्रतिभा र क्षमताको आधारमा व्याख्या गरिने वैधता बुझिन्छ । प्रश्नहरू केवल कण्ठस्थ गर्ने, चोरी गर्ने वा नक्कल गर्ने प्रवृत्तिका भए तिनका आधारमा गरिएको परीक्षणले मात्र वास्तविक उपलब्धिको मापन गर्न नसकिने भएकाले विद्यार्थीको तार्किक, बौद्धिक, मौलिक एवम् सिर्जनात्मक क्षमताको परीक्षण गर्नसक्ने प्रश्नहरूबाट गरिएको परीक्षाबाट वास्तविक उपलब्धि मापन गर्न सकिने भएकाले रचनात्मक वैधता अन्य वैधता भन्दा महत्त्वपूर्ण हुने गर्दछ । रचनात्मक वैधता भएको परीक्षणबाट नै विद्यार्थीको अन्तर्निहित क्षमताको प्रस्फुटन हुन्छ र यसका आधारमा भावी योजना समेत बनाउन मद्दत मिल्दछ ।

यस आधारमा मोरङ र सुनसरी जिल्लाका प्रश्नपत्रहरूलाई हेर्दा यहाँ दिइएका विवेचनात्मक, संक्षिप्त उत्तरात्मक, बोध प्रश्न एवम् शब्दभण्डार र व्याकरणका प्रश्नहरूमा हुबहु पाठ्यपुस्तक उतार नभएको र सैद्धान्तिकतालाई मात्र जोड नदिइएको पाइन्छ । यस आधारमा प्रश्नहरू त्यति घुमाउरो नभई विद्यार्थीको मौलिकतालाई समेत ध्यान दिने खालका देखिन्छन् । व्याकरणमा सैद्धान्तिक प्रश्न राखेको पाइँदैन साथै शब्दभण्डारका प्रश्नमा धेरै जस्तो विभिन्न खालका शब्दहरूलाई राख्न खोजिएको देख्दा यहाँ दुवै जिल्लाका प्रश्नपत्रहरूले रचनात्मक वैधतामा जोड दिन खोजेको पाइन्छ यद्यपी संक्षिप्त उत्तरात्मक प्रश्नहरूमा अझै बढी रचनात्मक प्रश्नहरूलाई ठाउँ दिँदै जाँदा रचनात्मक वैधतामा पूर्णता आउने देखिन्छ ।

### ४.३.२.३ अनुमानात्मक वैधता

परीक्षाका प्रश्नहरूले विद्यार्थीको भावी योजना उपलब्धिको पनि पूर्वकथन गर्न सक्नुपर्छ । यस्तो क्षमता वा गुण भएका प्रश्नहरूलाई अनुमानात्मक वैधता भएका प्रश्न भनिन्छ (बस्नेत, २०६२ : ७६) । जब परीक्षणको प्राप्ताङ्कको आधारमा भविष्यका क्रियाकलापलाई पूर्वानुमान गरिन्छ भने यसप्रकारको वैधतालाई अनुमानात्मक वैधता भनिन्छ । वास्तवमा कुनै पनि परीक्षार्थीद्वारा क्षमता प्रदर्शन भएर पनि उसको भविष्यबारे कुनै न कुनै अनुमान गर्न सकिँदैन भने त्यस्ता प्रकृतिका प्रश्न अनुमानात्मक वैधताका दृष्टिले अवैध मानिन्छ ।

प्रतिनिधि प्रश्नहरूमा देखिएका विषयगत र रचनात्मक वैधताको अवस्थाले अनुमानात्मक वैधतामा पनि असर पुऱ्याएको पाइन्छ । सम्पूर्ण विषयवस्तुलाई समेट्न नसक्नु, ठोस उत्तर नआउने प्रश्न निर्माण गरिनु, कुनै विधालाई बढी र कुनैलाई कम प्राथमिकता दिई निर्माण गरिएका प्रश्नहरूको विद्यार्थीका विषयवस्तु र तत्सम्बन्धी क्षमताहरूको भरपर्दो नतिजा देखाउन नसक्ने भएकाले भावी दक्षताहरूको पूर्वानुमान गर्न गाह्रो छ ।

यस दृष्टिले मोरङ र सुनसरी जिल्लाका प्रश्नहरूको तुलनात्मक अध्ययन गर्दा पाठ्यपुस्तकका अभ्यासलाई सर्वोपरी महत्त्व दिई तिनै अभ्यास खण्डबाट हुबहु उत्तर दिनेगरी बनाइएका प्रश्नले अनुमानात्मक वा पूर्वकथनात्मक वैधतालाई कमजोर पुऱ्याएको पाइन्छ । यसको उदाहरणका रूपमा तलका प्रश्नलाई अध्ययन गरौँ :

मोरङ

प्रश्न नं. १ (क) हाम्रो नेपाली किताब कक्षा-८ पृ.नं. १०७ प्र.नं. ९ 'ग'

प्रश्न नं. १ (ग) हाम्रो नेपाली किताब कक्षा-८ पृ.नं. ३ प्र.नं. ७ 'ङ'

प्रश्न नं. १ (ङ) हाम्रो नेपाली किताब कक्षा-८ पृ.नं. ४२ प्र.नं. १०

सुनसरी

प्रश्न नं. २ (क) हाम्रो नेपाली किताब कक्षा-८ पृ.नं. ६९ प्र.नं. ५ 'ख' सेट 'ए'

प्रश्न नं. २ (ख) हाम्रो नेपाली किताब कक्षा-८ पृ.नं. ८९ प्र.नं. २ 'छ' सेट 'ए'

प्रश्न नं. ११ (क) हाम्रो नेपाली किताब कक्षा-८ पृ.नं. २९ प्र.नं. २ 'ग' सेट 'बी'

प्रश्न नं. ११ (ख) हाम्रो नेपाली किताब कक्षा-८ पृ.नं. ६९ प्र.नं. ५ 'ख' सेट 'बी'

प्रश्न नं. ११ (ग) हाम्रो नेपाली किताब कक्षा-८ पृ.नं. ८९ प्र.नं. २ 'छ' सेट 'बी'
प्रश्न नं. ११ (घ) हाम्रो नेपाली किताब कक्षा-८ पृ.नं. ९९ प्र.नं. ८ 'घ' सेट 'बी'
प्रश्न नं. ११ (ङ) हाम्रो नेपाली किताब कक्षा-८ पृ.नं. ११३ प्र.नं. ८ 'ङ' सेट 'बी'
प्रश्न नं. ११ (च) हाम्रो नेपाली किताब कक्षा-८ पृ.नं. ८४ प्र.नं. ६ 'घ' सेट 'बी'

यसरी हेर्दा सुनसरी जिल्लाको प्रश्न नं. ११ का प्रश्नहरू हुबहु पाठ्यपुस्तकका जस्तै भएका कारण ति प्रश्नहरू रचनात्मक वैधताका दृष्टिले उपयुक्त मानिदैन ।

## ४.३.२.४ समवर्ती वैधता

वर्तमान अवस्थामै एक परीक्षण र अर्को परीक्षणका बीचको सम्बन्धका आधारमा वैधता जाँच्नुलाई समवर्ती वैधता भनिन्छ (शर्मा एण्ड शर्मा, २०६१ : २२३) । यदि पहिले गरेको परीक्षण र पछि गरेको परीक्षणबाट प्राप्त प्राप्ताङ्कमा निकटवर्ती समानता भयो भने त्यस्तो प्रश्नपत्रमा समवर्ती वैधता रहेको पाइन्छ । समवर्ती वैधताले समस्तरीय परीक्षणबाट लिइएको परीक्षणको प्राप्ताङ्कको समानता वा निकटताको पहिचान गर्ने काम गर्दछ ।

यस अध्ययन विश्लेषणमा जिल्लास्तरीय परीक्षा २०६८ मा मोरङ र सुनसरी जिल्लामा प्रयोग गरिएका प्रश्नहरूको तुलनात्मक अध्ययन मात्र गरिने भएकाले प्रश्नको स्तरगत रूपमा सङ्क्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

यो परीक्षा जिल्लास्तरीय परीक्षा भएकाले पाठ्यक्रम पाठ्यपुस्तकको मर्मलाई ध्यानदिँदै दुवै जिल्लाको समग्र भाषिक स्तरलाई ख्यालगरी सोही अनुसार नेपाली भाषाका परीक्षण प्रश्नहरू बन्नुपर्ने हो तर यहाँ प्रश्नको ढाँचा प्रायः एस.एल.सी.को प्रश्नपत्रबाट प्रभावित भई सोही अनुसारका नमुनामा आधारित रहेको देखिन्छ । विशेषगरी विवेचनात्मक प्रश्न, व्याख्यात्मक प्रश्न, केही सङ्क्षिप्त उत्तरका प्रश्न, रचनासम्बन्धी प्रश्नको स्तर प्रायः एस.एल.सी.भन्दा कमजोर देखिदैन तर यस्ता प्रश्न कक्षागत रूपमा स्तर प्रतिकूल पाइन्छ ।

उक्त दृष्टिकोणले प्रतिनिधि प्रश्नहरू एस.एल.सी.बाट प्रभावित भएकाले समवर्ती वैधता न्यून रहेको पाइन्छ ।

## ४.३.३ विभेदकारिता

विभेद गर्न सक्ने गुण भएका प्रश्नहरूलाई नै प्रश्नहरूको विभेदकारिता गुण हो भनिन्छ । एउटा कक्षामा वैयक्तिक भिन्नताका कारणले प्रत्येक विद्यार्थीका तार्किक क्षमता, सीपगत कुशलता, बौद्धिक क्षमता र शैलीगत सृजनताको स्तर फरक फरक हुन्छ । त्यसैले परीक्षामा प्रश्नहरूले उच्च, मध्यम र निम्न स्तरका सबैखाले परीक्षार्थीहरूको स्थान निर्धारण गर्ने क्षमता राख्नुपर्छ (भट्टराई, २०६८ : ५८) ।

जहाँ प्रश्नहरूमा वैधता र विश्वसनीयताको उच्च गुण हुन्छ त्यहाँ विभेदकारिता गुण सिर्जना हुन्छ । त्यसैले कण्ठ गर्ने र अर्काको सारेर वा चोरेर सही उत्तर लेख्न सकिने प्रश्नले सही रूपमा विभेदकारिताको गुणलाई यकिन गर्न सकिँदैन । त्यसैले वैधता र विश्वसनीयतामा आघात परेका प्रश्नबाट विभेदकारितामा पनि आघात परेको मानिन्छ । अतः परीक्षाका प्रश्नहरूको उपलब्धि स्तर फरक भएकाले तेज, मध्यम र मन्द सबैखाले विद्यार्थीहरूको स्थान निर्धारण गर्ने क्षमता राख्नु आवश्यक हुन्छ (आचार्य, २०५९ : ४९) ।

यस आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन गर्दा मोरङ जिल्लाका तुलनामा सुनसरी जिल्लाका प्रश्नपत्रहरू हुबहु सारिएका हुनाले तिनै सारिएका केही प्रश्नले यसमा ह्रास ल्याए पनि पहिचानात्मक एवम् उत्पादनात्मक प्रकृतिका प्रश्नको निर्माण गरी विशुद्ध पढाइ सीप, विशुद्ध लेखाइ सीप, पढाइ र लेखाइको एकीकृत सीप, शब्दभण्डारगत सीप तथा व्याकरणात्मक सीपहरूको परीक्षण गर्ने प्रश्नहरूको निर्माण गरेकाले यसबाट विभेदकारिता सम्बन्धी गुण परीक्षण गर्न खोजिएको पाइन्छ । त्यसैले प्रतिनिधि प्रश्नपत्रहरूमा विभेदकारिताको गुण रहेकै मान्न सकिन्छ ।

## ४.३.४ व्यावहारिकता

कुनै पनि परीक्षणका लागि निर्मित प्रश्नमा व्यवहारिकताको गुण हुनु अनिवार्य हुन्छ । यदि निर्मित प्रश्नहरू सैद्धान्तिक मात्र भए र व्यवहारिक भएनन् भने त्यस्ता प्रश्नबाट गरिएको परीक्षण उपलब्धिमूलक हुन सक्दैन । प्रश्नपत्रको समयावधि, लम्बाइ र अङ्कन प्रक्रिया सजिलैसँग व्यवहारमा ल्याउन सकिने किसिमको हुनुलाई व्यवहारिकताले इङ्कित गर्दछ (ज.ब.रा. र अन्य, २०५८ : १९) । त्यसैले प्रश्नपत्रलाई व्यावहारिक बनाउनका लागि उत्तरलेखनका लागि उपयुक्त समयावधि , अनुकूल वातावरण र अङ्कन प्रक्रिया पनि सरल र सजिलै बुझ्न सकिने हुनु पर्दछ । त्यस्तै आवश्यक पर्ने प्राविधिक एवम् आर्थिक स्रोत र साधन समेत उपयुक्त खालको हुनु पर्दछ । परीक्षणका लागि उपयोगमा ल्याइएका प्रश्नहरू

विश्वसनीय, वैध, सरल, स्पष्ट निर्देशन हुनुका साथै अङ्कभार र समयबीच सन्तुलन मिलेका, स्तरीय कागजमा प्रष्ट अक्षर भएका र कम खर्चमै सरल तरिकाले परीक्षण गर्न सकिने किसिमका छन् भने तिनलाई व्यावहारिक प्रश्न मानिन्छ ।

यस आधारमा मोरङ र सुनसरी जिल्लाका प्रश्नपत्रको तुलनात्मक अध्ययन गर्दा दुवै जिल्लाका प्रश्नहरू खर्चका दृष्टिले मितव्ययी र मध्यमस्तरीय कागज प्रयुक्त भएका छन् । मोरङ जिल्लाको प्रश्नपत्रको कागज निम्नस्तरको रहेको छ । यस तहमा वस्तुगत प्रश्नको व्यवस्था नभएकाले विषयगत प्रश्नहरूको अङ्कन गर्न गाह्रो देखिए पनि व्याकरण र शब्द भण्डारगत प्रश्नहरूको अङ्कन गर्न भने सरल नै देखिन्छ । त्यस्तै प्रश्नपत्रमा दिइएका प्रश्न र तोकिएको समय बीच सन्तुलन रहेको पाइन्छ । यसरी अध्ययन गर्दा केही अमापनीय प्रश्न बाहेक अरू प्रश्न व्यावहारिक नै देखिन्छन् ।

## ४.४ भाषा

प्रश्नका आन्तरिक गुण प्रभाव पार्ने विभिन्न तत्त्वहरूमध्ये भाषा पनि प्रमुख तत्त्व हो । भाषा प्रयोगको शुद्धता र अशुद्धता, स्पष्टता र अस्पष्टता तथा सरल र जटिलताको प्रश्न प्रभावित हुन्छ । भाषाको अर्थघातक प्रयोगलाई आन्तरिक दृष्टिले हेरिन्छ । प्रश्न सोधाइको घुमाउरोपन, जटिल शब्द र वाक्य संयोजन वर्ण विन्यासका त्रुटिले ल्याएका अर्थ भिन्नता, चिह्न प्रयोगका दृष्टिले गरिएका गलत सूचना तथा सङ्गतिगत अशुद्धताले देखाएका कमिकमजोरी इत्यादिलाई आन्तरिक वैधताका दृष्टिले केलाएर हेर्न सकिन्छ (शर्मा र पौडेल, २०६० : ३६१) ।

उक्त आधारमा अध्ययन गर्दा प्रश्नपत्रमा भएका त्रुटिहरूलाई प्रश्न विश्लेषणको बाह्य आधारमा चर्चा गरिएको हुँदा भाषाको अर्थघातक प्रयोगलाई मात्र यहाँ उल्लेख गरिएको छ । मोरङ जिल्लाको प्रश्नपत्रको शीर्षभागमा उतीर्णाङ्क (हुनुपर्ने उत्तीर्णाङ्क) लेखी त्रुटि गरेको छ । त्यसैगरी क्रियापदहरू पनि विवादास्पद पाइन्छन् । मोरङ जिल्लाकै प्रश्न नं. १० मा शब्दवर्गको ठाउँमा पदवर्ग लेखेर त्रुटि गरेको छ भने सुनसरी जिल्लाको सेट 'ए' को प्रश्न नं. ७ मा शब्दवर्गको ठाउँमा पदवर्ग लेखेर त्रुटि गरेको छ । त्यस्तै दुवै सेटको प्रश्नहरूमा पूर्णविरामपछि संयोजक प्रयोग गरेका प्रशस्त वाक्यहरू छन् भने वर्णविन्यास र चिह्न प्रयोगसम्बन्धी त्रुटिहरू पनि देखिन्छन् ।

प्रश्नपत्र निर्माण गर्दा सानासाना त्रुटिले अर्थमा फरक पर्ने र प्रश्नको अपेक्षालाई नै बङ्ग्याउने हुनाले सही वर्णविन्यास, शुद्धभाषा, उचित चिह्न प्रयोग गरी प्रश्न निर्माण गर्नुपर्दछ । यसको लागि प्रश्न निर्माणको अन्तिम चरणमा पनि प्रश्नहरूको भाषाशैलीले प्रश्नको अपेक्षा समेट्न सकेको छ कि छैन हेरीसकेपछि मात्र प्रयोगमा ल्याउनुपर्छ ।

## ४.५ प्रश्नका अन्य पक्षहरू

लिखित परीक्षामार्फत् परीक्षण गर्दा दुईओटा साधनहरू छन, विषयगत प्रश्न र वस्तुगत प्रश्न । केही यस्ता प्रश्नहरू पहिचानात्मक प्रकृतिका हुने गर्दछन् । केही यस्ता प्रश्नहरू समावेश गरिएको हुन्छ जुन प्रश्नहरूद्वारा परीक्षार्थीको उत्पादनात्मक क्षमताको परीक्षण गरिएको हुन्छ । विषयगत प्रश्न व्यक्तिनिष्ठ हुन्छन् । त्यसैले यस्ता प्रश्नपत्रहरूद्वारा गरिएका परीक्षणबाट प्राप्त प्राप्ताङ्कमा एकरूपता हुनसक्छ (सुवार, २०६६ : ५०) । वर्णनात्मक, विवेचनात्मक, तुलनात्मक, संश्लेषणात्मक, तार्किक आदि प्रकृतिका प्रश्नहरू विषयगत प्रकृतिका प्रश्नहरू हुन् । उच्चारण, शब्दार्थ, शब्दप्रयोग, वर्णविन्यास, व्याकरणात्मक तत्त्वहरूको पहिचानात्मक परीक्षण गर्न वस्तुगत प्रश्नहरू समावेश गरिएको हुन्छ । विषयगत वैधतामा आघात पर्न नदिन तथा विश्वसनीयता र वैधताको उच्च सन्तुलन मिलाइराख्न दुवै प्रकृतिका प्रश्नहरूको निर्माण गरिनु पर्दछ ।

मोरङ र सुनसरी जिल्लाका २०६८ का प्रश्नहरूलाई अध्ययन गर्दा विषयगत प्रकृतिका प्रश्नहरूमा निम्नानुसारको अङ्कभारका प्रश्नहरू निर्माण गरिएका छन् ।

तालिका नं. १०

विषयगत प्रकृतिका प्रश्नसङ्ख्या तथा अङ्कभार

| विधा | मोरङ | | सुनसरी 'ए' | | सुनसरी 'बी' | |
|---|---|---|---|---|---|---|
| | प्रश्न सङ्ख्या | अङ्कभार | प्रश्न सङ्ख्या | अङ्कभार | प्रश्न सङ्ख्या | अङ्कभार |
| विवेचनात्मक प्रश्न | 1 | 10 | 1 | 10 | 1 | 10 |
| संक्षिप्त उत्तरात्मक प्रश्न | 4 | 20 | 2 | 10 | 3 | 10 |
| व्याख्या | 1 | 5 | 1 | 5 | 1 | 5 |
| निबन्ध लेखन | 1 | 10 | 1 | 7 | 1 | 7 |
| चिठी लेखन | 1 | 5 | 1 | 5 | 1 | 5 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वादविवाद वा मनोवाद | 1 | 5 | 1 | 5 | 1 | 5 |
| जम्मा अङ्कभार | 9 | 55 | 7 | 42 | 8 | 42 |

यसरी मोरङ जिल्लाको प्रश्न १०० पूर्णाङ्कको भएको कारण विषयगत प्रकृतिका प्रश्न ६० अङ्कका र सुनसरी जिल्लाको प्रश्न ६० पूर्णाङ्कको भएकाले ४२/४२ अङ्कभारका विषयगत प्रश्नको प्रयोग गरिएको पाइन्छ ।

यसैगरी सङ्क्षिप्त उत्तरात्मक वस्तुगत प्रकृतिका प्रश्नहरूको नजिक देखिने प्रश्नहरूमध्ये २०६८ का मोरङ र सुनसरी जिल्लाका प्रश्नपत्रमा निम्नानुसारको अङ्कभार छुट्याइएको छ :

तालिका नं. ११

वस्तुगत प्रकृतिका प्रश्नको अङ्कभार

| विधा | मोरङ (अङ्कभार) | सुनसरी | |
|---|---|---|---|
| | | सेट 'ए' अङ्कभार | सेट 'बी' अङ्कभार |
| बोध प्रश्न | 5 | 3 | 5 |
| अर्थलेखन | 2 | x | 2 |
| खाली ठाउँ भर्ने | 3 | 2 | 2 |
| वाक्यमा प्रयोग | 5 | 4 | 5 |
| शब्दवर्ग | 3 | 2 | x |
| कारक | 2 | 2 | 2 |
| वाक्य परिवर्तन | 4 | 3 | 2 |
| वाच्य परिवर्तन | 6 | 3 | x |
| जम्मा अङ्कभार | 30 | 19 | 18 |

मोरङ र सुनसरी जिल्लाको अङ्कभारको तुलना गर्दा पूर्णाङ्कका आधारमा दुवै जिल्लाका प्रश्नपत्रहरू उपयुक्त नै देखिन्छन् । भाषिक सीपको समग्रताको परीक्षण गर्नका निम्ति लिखित परीक्षामा पूर्ण रूपमा आधारित हुँदा भाषिक सीपका कतिपय पक्ष समेटिन सकेको देखिँदैन । यसका विभिन्न प्रयोगात्मक परीक्षातर्फ पनि ध्यान दिन आवश्यक देखिन्छ ।

## ४.६ सारांश

प्रश्नहरूलाई स्तरीय, वैध, विश्वसनीय, उद्देश्यपूर्ण बनाउनका लागि प्रश्नको आन्तरिक पक्षले ठूलो भूमिका खेलेको हुन्छ । प्रश्न निर्माणमा बाह्य पक्षले आन्तरिक पक्षलाई प्रभाव पार्न सके तापनि असल प्रश्न निर्माणका लागि आन्तरिक पक्ष नभइ नहुने तत्त्व हो । यसले प्रश्नहरूको वास्तविक गुण र स्तर निर्धारण गर्नमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यस पक्षलाई अनिवार्य पक्ष मानिन्छ । यसअन्तर्गत पाठ्यक्रम अनुरूपता, विधाको अङ्कभार र प्रश्न सन्तुलन, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण र भाषा पक्षहरू पर्दछन् ।

आन्तरिक आधारमा प्रश्नपत्रलाई पाठ्यक्रम अनुरूपता, भाषिक पक्षको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुणहरू, भाषा, प्रश्नका अन्य पक्षहरू आदिका आधारमा तुलनात्मक अध्ययन गरिन्छ । प्रश्नपत्रमा प्रायः सबै विधाहरूलाई समावेश गरी विधागत उद्देश्यहरू समेट्न सक्ने गरी सीपको परीक्षण गर्न प्रयोगात्मक परीक्षणको व्यवस्था नगरिएकाले भाषिक सीपहरूको समुचित परीक्षण भने भएको छैन । नेपाली भाषा विषयमा सुनाइ र बोलाइ सीपको परीक्षण गर्ने निश्चित व्यवस्था भने गरेको छैन । पूर्णाङ्क अनुसार दुवै जिल्लाका प्रश्नपत्रमा लेखाइ सीप परीक्षण निर्धारण गरिएको अङ्कभार उपयुक्त देखिन्छ ।

मोरङ र सुनसरी दुवै जिल्लाका प्रश्नपत्रमा व्याकरणात्मक परीक्षण, शब्दभण्डारगत परीक्षणका आधारमा पनि प्रश्नहरू विशिष्टीकरण तालिका अनुसार नै रहेका छन् । प्रश्नपत्रमा हुने गुणहरू जस्तै विश्वसनीयता, वैधता, स्पष्टता आदिका दृष्टिले विश्लेषित प्रतिनिधि प्रश्नहरू पूर्णाङ्क र प्रश्नको अङ्कभारको सन्तुलन मिलेको छ ।

# अध्याय - पाँच

# निष्कर्ष तथा सुझाव

## ५.१ निष्कर्ष

शैक्षिक मूल्याङ्कनले विद्यार्थीको उपलब्धि पहिल्याउन, गुणात्मक र मात्रात्मक रूपमा जाँच गर्ने कार्य गर्दछ । भाषिक मूल्याङ्कन शैक्षिक मूल्याङ्कनको एउटा पाटो भएकाले यसको सम्बन्ध भाषिक अपेक्षाहरूसँग रहेको हुन्छ । यिनै भाषिक सीप पूर्ति भए-नभएको अध्ययन गर्न भाषिक मूल्याङ्कनको आवश्यकता पर्दछ । भाषिक सीपहरूको मूल्याङ्कन एकीकृत र पृथकीकृत परीक्षण, पहिचानात्मक र उत्पादनात्मक परीक्षण, औपचारिक र अनौपचारिक परीक्षणबाट गर्न सकिन्छ । लिखित परीक्षा अन्तर्गत विषयगत र वस्तुगत प्रश्नहरू पर्दछन् । प्रश्नहरू सकेसम्म विकल्परहित, समान कठिनाइस्तर भएका, दोहोरो अर्थ नलाग्ने र स्पष्ट हुनुपर्दछ । भाषिक परीक्षण योजना, सङ्गठन र निर्देशन, परीक्षण प्रशासन र अङ्कन जस्ता तत्त्वहरूलाई समेत ध्यान दिनु पर्दछ र पाठ्यक्रमले तोकेका उद्देश्यहरूलाई पूरा गर्ने किसिमका विश्वसनीयता, व्यापकता, विभेदकारिता, व्यावहारिकता तथा बाह्य र आन्तरिक गुणले युक्त प्रश्नहरू निर्माण गर्नु पर्दछ । प्रश्न विश्लेषणका मुख्य आधारहरू तथ्याङ्कशास्त्रीय र सैद्धान्तिक आधार हुन् । गणितीय आधारबाट विश्वसनीयता, वैधताका आधारमा अध्ययन विश्लेषण गरिन्छ । आन्तरिक आधारअन्तर्गत पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन आदि पर्दछन् । बाह्य आधारमा निर्देशन, अङ्क विभाजन, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषा पर्दछन् ।

**कक्षा आठको जिल्लास्तरीय परीक्षा २०६८ मा उपयोग गरिएका मोरङ र सुनसरी जिल्लाका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन** शीर्षकको शोधकार्य गर्नका लागि प्रश्न विश्लेषणका आन्तरिक र बाह्य आधारहरूलाई मुख्य आधार मानिएको छ । बाह्य आधारमा निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषालाई प्रमुख आधार बनाइएको छ । त्यस्तै आन्तरिक आधारका दृष्टिले अध्ययन गर्न पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुणहरू, प्रश्नका अन्य पक्षहरू र भाषालाई प्रमुख आधार बनाइएको छ । उक्त आधारहरूबाट प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा बाह्य र आन्तरिक दुवै दृष्टिले प्रश्नहरूको अवस्था निम्नानुसार रहेको पाइयोः

### ५.१.१ बाह्य आधार

प्रश्नपत्र विश्लेषणको बाह्य आधार भनेको प्रश्नपत्रको औपचारिक स्वरूप हो । आकृतिगत वैधताका दृष्टिले प्रश्नहरू कति सबल र दुर्बल छन् भन्ने कुरा खुट्याउने काम बाह्य आधारमा गरिन्छ । यस अन्तर्गत प्रमुख आधारहरू निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम, प्रश्नपत्रको स्वरूप र भाषा पर्दछन् । यसै आधारभित्र विभिन्न उपआधारहरू पनि पर्दछन् । प्रश्नपत्रको बाह्य पक्ष स्पष्ट, आकर्षक एवम् स्तरयुक्त हुनु जरुरी हुन्छ । यसले प्रश्नपत्रको विश्वसनीयता, वैधता, विभेदकारिता, व्यावहारिकता जस्ता पक्षहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पार्दछ ।

#### ५.१.१.१ निर्देशन

शीर्ष निर्देशन दुवै जिल्लाका प्रश्नपत्रहरूमा स्पष्ट रूपमा उल्लेख गरिएको भए पनि शीर्ष निर्देशनमा प्रयोग गरिएको भाषा अस्पष्ट रहेको अनुमान गर्न सकिन्छ । विकल्प निर्देशनहरू बोल्ड अक्षरमा नभएकाले र पृष्ठ निर्देशन दुवै जिल्लाका प्रश्नमा नहुँदा विद्यार्थीहरू झुक्किने सम्भावना प्रबल देखिन्छ । तसर्थ अगामी दिनमा निर्माण गरिने प्रश्नपत्रमा उपयुक्त निर्देशन दिनुपर्ने देखिन्छ ।

#### ५.१.१.२ अङ्क विभाजन र समय निर्धारण

मोरङ र सुनसरी दुवै जिल्लाका प्रतिनिधि प्रश्नहरूमा अङ्क विभाजन र समयको निर्धारण पाठ्यक्रम अनुसार नै न्यायोचित ढङ्गले नै वितरण गरेको पाइएको छ ।

#### ५.१.१.३ प्रस्तुति अनुक्रम

प्रतिनिधि प्रश्नहरूमा रहेका प्रश्नहरूको प्रस्तुति अनुक्रम विद्यार्थीको स्तर अनुसार सरलदेखि जटिलताको अनुक्रम मिलेको नै देखिन्छ ।

#### ५.१.१.४ प्रश्नपत्रको स्वरूप

प्रतिनिधि प्रश्नहरूमध्ये सुनसरी जिल्लाको प्रश्नपत्रको सुरुमै जिल्लास्तरीय परीक्षा लेखेर  पद वियोग गरी स्पष्ट गल्ती गरेको देखिन्छ । प्रश्नपत्रहरूमा पृष्ठसङ्ख्या उल्लेख गरेको पाइँदैन भने मुद्रणमा पनि थोर बहुत त्रुटिहरू रहेको देखिन्छ ।

### ५.१.१.५ भाषा

प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययनबाट कतिपय स्थानमा अर्थघातक शब्दहरूको प्रयोग, कुनै ठाउँ चिह्न सम्बन्धी त्रुटि, पदयोग र पदवियोग, ह्रस्वदीर्घसम्बन्धी त्रुटिसमेत रहेको पाइन्छ । त्यस्ता सम्भाव्य त्रुटिहरूले प्रश्नको विश्वसनीयता र वैधता आदिले प्रश्नको आन्तरिक स्वरूपमा समेत प्रभाव पारेको देखिन्छ । छपाइ र सफाइमा पनि त्यति ध्यान दिइएको देखिँदैन ।

### ५.१.२ आन्तरिक आधार

प्रश्नहरूलाई स्तरीय, वैध, विश्वसनीय, उद्देश्यपूर्ण बनाउनका लागि प्रश्नको आन्तरिक पक्षले ठूलो भूमिका खेलेको हुन्छ । प्रश्न निर्माणमा बाह्य पक्षले आन्तरिक पक्षलाई प्रभाव पारे तापनि असल प्रश्न निर्माणका लागि आन्तरिक पक्ष नभइनहुने तत्त्व हो । यसले प्रश्नहरूको वास्तविक गुण र स्तर निर्धारण गर्नमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यस पक्षलाई अनिवार्य पक्ष मानिन्छ । यस अन्तर्गत पाठ्यक्रम अनुरूपता, विधाको अङ्कभार र प्रश्न सन्तुलन, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण र भाषा पक्षहरू पर्दछन् ।

### ५.१.२.१ पाठ्यक्रम अनुरूपता

प्रश्नहरू पाठ्यक्रमलाई भन्दा पाठ्यपुस्तकलाई ज्यादा ध्यान दिएर निर्माण गरिएको देखिन्छ । पाठ्यक्रम र पाठ्यपुस्तक बीचको समन्वयको अभाव, तहअनुसार स्तरयुक्त प्रश्नहरू निर्माण नहुनु, पाठ्यक्रमको सीमा बाहिर गई प्रश्नहरू निर्माण गरिएको पाइन्छ । विधाको अङ्कभार र प्रश्नहरूको तालमेल आंशिक रूपमा मिल्नु अधिक विकल्पका कारणले कुनै कुनै विधाको उद्देश्यअनुरूप परीक्षण हुन नसक्नु, व्याकरण र शब्द भण्डारहरूको न्यायोचित वितरण भएकाले पाठ्यक्रम अनुरूप प्रश्नहरूको बाहुल्य प्रतिनिधि प्रश्नपत्रमा देखिएको छ ।

### ५.१.२.२ विधाको अङ्कभार र प्रश्न सन्तुलन

दुवै जिल्लाका प्रतिनिधि प्रश्नपत्रहरूमा विधागत अङ्कभार र प्रश्न सन्तुलन पाठ्यक्रमले निर्देशन गरेअनुसार सानातिना त्रुटि भए पनि उपयुक्त किसिमले सन्तुलन मिलाएको पाइन्छ ।

### ५.१.२.३ भाषिक पक्षहरूको संयोजन र सन्तुलन

प्रतिनिधि प्रश्नपत्रहरूमा पढाइ, लेखाइ, व्याकरणसँग सम्बन्धित विभिन्न पक्षहरूको सन्तुलित संयोजन भएको पाइन्छ । विवेचनात्मक तथा सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू प्रतिस्मरणात्मक पक्षतर्फ बढी झुकेको पाइन्छ । पढाइ सीप पक्षको परीक्षणका लागि लामो प्रश्न, सङ्क्षिप्त प्रश्न र पठनबोध प्रश्नहरू समावेश गरिएको छ । लेखाइ सीपको परीक्षणको निम्ति निबन्ध लेखन, चिठी, कथा र संवाद जस्ता स्वतन्त्र रचना लेखनका भाषिक पक्षहरू समावेश गरी संयोजन र सन्तुलन कायम गर्ने प्रयास गरेको देखिन्छ ।

### ५.१.२.४ प्रश्नमा हुनुपर्ने गुण

प्रश्नमा हुनुपर्ने गुणका दृष्टिले दुवै जिल्लाका प्रतिनिधि प्रश्नपत्रहरू गुणस्तरहीन नै देखिएका छन् । प्रश्नको आयतनमा सन्तुलन नहुनु, पुच्छ्रे तथा घुमाउरा प्रश्नहरू हुनु, विवादास्पद क्रियापद प्रयोग हुनु, पाठ्यपुस्तकका अभ्यास खण्डमा भएका प्रश्नहरू हुबहु उतार  गर्नु, निर्देशन प्रष्ट नहुनु आदि कारणले विश्वसनीयतामा आघात पर्ने त्रुटिहरू रहेका देखिन्छन् । यस्ता कमीकमजोरीका कारणहरूले वैधताका उपभेदहरूमा समेत आघात पुगेको पाइन्छ । जसले गर्दा विभेदकारिता र व्यवहारिकता जस्ता गुणहरूलाई पनि असर पारेको देखिन्छ ।

### ५.१.२.५ भाषा

परीक्षणका लागि बनाइएका प्रश्नपत्रहरूको भाषा स्पष्ट, शुद्ध र निर्देशनात्मक किसिमको हुनुपर्दछ तर प्रतिनिधि प्रश्नहरूका भाषा सरल, स्पष्ट र शुद्धतामा कमी रहेको पाइन्छ । कतिपय प्रश्नपत्रहरूमा उक्त किसिमको भाषा प्रयोग नभएको समेत पाइन्छ । निर्देशनमा अस्पष्टता, घुमाउरो भाषा, हिज्जेको गलत प्रयोगले अर्कै अर्थ लाग्ने स्थिति आउन

सक्छ । यसकारण उपयुक्त प्रश्नयोजना नबनाई प्रश्न निर्माण गर्नु र हतार हतारमा प्रश्न निर्माण गरेजस्तो देखिन्छ ।

## ५.२ सुझावहरू

- प्रतिनिधि प्रश्नहरूलाई सरलदेखि जटिलताको क्रममा व्यवस्थित गर्नुपर्ने देखिन्छ ।
- प्रश्नको शीर्षभागमा प्रश्नपत्र उपयोगमा ल्याउने संस्थाको नाम र जिल्ला शुद्ध नेपाली भाषामा लेख्दा अझ आकर्षक देखिन्छ ।
- भाषिक परीक्षणलाई औपचारिक रूपमा भन्दा व्यावहारिक रचनात्मक तथा पृष्ठपोषणमुखी बनाउन जोड दिनु उपयुक्त हुन्छ ।
- विधाका सबैक्षेत्र समेट्न सक्ने प्रश्न निर्माण गर्न पाठ्यक्रम विकास केन्द्र (पा.वि.के.) ले विशिष्टीकरण तालिका र नमुना प्रश्नपत्र निर्माण गरी स्रोतकेन्द्रमार्फत् प्रत्येक विद्यालयलाई उपलब्ध गराउने व्यवस्था मिलाउनुका साथै त्यसको अनुगमन निरीक्षणको व्यवस्था गर्नु गराउनु पर्दछ ।
- भाषा विषयका प्रश्नपत्रहरू भाषाविद् तथा विषयविज्ञ, अनुभवी र दक्ष शिक्षकहरूबाट निर्माण गराइनु पर्दछ । प्रश्नहरूका निम्ति सम्बन्धित संस्थाहरूमा प्रश्न बैङ्कको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- विकल्प निर्देशन दिँदा अङ्कको साटो अक्षरमा दिइनु पर्दछ । यसरी दिँदा विद्यार्थीहरूलाई विकल्प बुझ्न सहज हुन्छ ।
- एउटै तह, स्तर, विषय र आयतनका प्रश्नपत्रमा प्रश्नगत अङ्क वितरण गर्दा समान रूपले गरिनुपर्ने कुरामा ध्यान पुऱ्याउनु पर्दछ ।
- पाठ्यक्रमलाई समयसापेक्ष सुधार गर्दै जानुपर्छ र पाठ्यक्रमका आशय, उद्देश्य र क्षेत्र अनुरूप पाठ्यपुस्तकसमेत परिमार्जन गर्दै लैजानुपर्दछ ।
- परीक्षणलाई मूल्याङ्कनको अभिन्न अङ्ग बनाई निरन्तर रूपले त्यसबाट रचनात्मक सहयोग लिन आन्तरिक मूल्याङ्कनलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।
- जिल्लास्तरीय परीक्षा समितिलाई परीक्षा समयमा मात्र होइन परीक्षण सुधार र परिमार्जनमा पनि निरन्तर सक्रिय हुनु र गराउनु पर्छ ।

- वस्तुगत प्रश्नले व्यापक विषयक्षेत्र समेट्न सक्ने हुनाले लिखित परीक्षामा यसका लागि २० प्रतिशत अङ्कभार छुट्याउनु व्यावहारिक देखिन्छ । त्यसको निम्ति सबै प्रश्नहरूमा वस्तुगत प्रश्नको व्यवस्था गरिनुपर्छ ।
- आन्तरिक र बाह्य स्वरूपका दृष्टिले उपयुक्त, स्तरयुक्त र गुणयुक्त प्रश्न निर्माण गरी परीक्षणलाई सार्थक उद्देश्यमूलक र पृष्ठपोषणमुखी बनाउन सम्बन्धित शैक्षिक संस्थाहरूले भाषा विषयका शिक्षकहरूको गोष्ठी तथा सेमिनारको व्यवस्था वर्षमा एकपटक मिलाउनु पर्दछ ।
- योग्य र अनुभवी प्राश्निकहरूबाट प्रश्न निर्माण गराई मुद्रण र टङ्कनमा विशेष सतर्कता अपनाई राम्रोसँग प्रुफ हेरेरमात्र प्रश्नको अन्तिम रूप दिनुपर्छ । हतार र हचुवाको भरमा प्रश्न निर्माण गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्दछ ।
- मापनमा विश्वसनीयता र एकरूपता ल्याउन परीक्षकलाई समयमा उत्तरकुञ्जिका र आवश्यक निर्देशन उपलब्ध गराइनु पर्दछ ।
- सिर्जनात्मक सीप परीक्षणका निम्ति विधा रचना हुने खालका प्रश्न निर्माण गर्ने व्यवस्था मिलाउनु सान्दर्भिक हुने देखिन्छ ।
- मूल्याङ्कनको अभिन्न अङ्गका रूपमा निर्माणात्मक मूल्याङ्कनलाई पनि प्रोत्साहन दिइनुपर्दछ ।
- प्रश्नपत्र निर्माण गर्दा स्तरीय कागजमा शुद्ध एवम् स्पष्ट अक्षरले प्रश्नहरू राख्ने व्यवस्था गर्नुका साथै पृष्ठसङ्ख्या अनिवार्य रूपले राखिनु पर्दछ । त्यस्तै प्रश्नपत्र भद्दा रूपमा निर्माण गरिनु हुँदैन ।
- पाठ्यपुस्तकबाट हुबहु सार्नुको साटो नमुना प्रश्नपत्रका आधारमा प्रश्नहरू बनाइनु पर्दछ ।
- परीक्षण समाप्त भएपछि प्रश्न र उत्तरपत्रको प्रयोगपरक विश्लेषण गरेर हेर्ने परिपाटीको कार्यान्वयन स्पष्ट रूपमा गरिनु पर्दछ ।
- प्रस्तुत अध्ययन सैद्धान्तिक पक्षसँग मात्र सम्बन्धित भएकाले यसमा प्रयोगपरक ढङ्गले प्रश्नहरूको विश्लेषण गरिएको छैन । दुईओटा जिल्लाका प्रश्नपत्रहरूमा मात्र सीमित भएर अध्ययन गरिएको हुनाले कतिपय कमीकमजोरीहरू नदेखिएका पनि हुन सक्छन् र अन्य कमजोरीहरू पनि भेटिन सक्छन् । तसर्थ प्रश्न विश्लेषणलाई अझ वैज्ञानिक र प्रयोगपरक बनाउन यसभन्दा व्यापक क्षेत्र ओगट्ने गरी अधिराज्य

भरिका जिल्लास्तरीय परीक्षाका प्रश्नहरू र उत्तरपत्रहरू समेटको थप अध्ययन र विश्लेषण गर्नु आवश्यक देखिन्छ ।

## ५.३ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू

- भाषा सीप परीक्षण : एक अध्ययन,
- नि.मा. तहमा निर्माणात्मक मूल्याङ्कनको महत्त्व,
- नेपाली भाषाका स्तरयुक्त परीक्षा र शिक्षक निर्मित परीक्षाको तुलनात्मक अध्ययन,
- नेपाली भाषाको प्रश्न बैङ्कको आवश्यकता, उपयोगिता र प्रयोग : एक अध्ययन,
- भाषा शिक्षणमा निरन्तर मूल्याङ्कन प्रणाली (CAS) को महत्त्वको अध्ययन,
- नि.मा.तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन र प्रयोगको अध्ययन,
- नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको उपयोगिताको अध्ययन,
- भाषा शिक्षणमा कक्षा कोठा व्यवस्थापन र मूल्याङ्कन,
- नेपाली भाषा शिक्षणमा शिक्षण विधिहरूको उपयोगिताको अध्ययन,
- कक्षा आठको महेन्द्रमाला (२०३८) र हाम्रो नेपाली किताब (२०६७) मा प्रयुक्त कथा विधाको तुलनात्मक अध्ययन,
- निम्न माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन,
- विद्यालय तहमा व्याकरण शिक्षणमा देखिएका समस्याहरूको अध्ययन,
- कक्षा ८ को नेपाली विषयको पाठ्यक्रममा समाविष्ट विधाहरूको तुलनात्मक अध्ययन ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६३), **भाषा शिक्षण : केही परिप्रेक्ष तथा पद्धति**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, दीलिपकुमार (२०५९), **२०५८ सालमा उपयोग गरिएका कक्षा आठको नेपाली भाषाका प्रश्नहरूको विश्लेषण,** स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, काठमाडौँ : नेपाली भाषा, शिक्षा विभाग, त्रि.वि. ।

गौतम, रेनुका (२०६५), **कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६४ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन**, स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, काठमाडौँ : नेपाली भाषा, शिक्षा विभाग, त्रि.वि. ।

ज.ब.रा., स्वयंप्रकाश र अन्य (२०५८), **शिक्षामा मापन तथा मूल्याङ्कन**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पराजुली, तीर्थराज र अन्य (२०६५), **शिक्षामा मापन तथा मूल्याङ्कन,** काठमाडौँ : सनलाइट पब्लिकेसन ।

पाठ्यक्रम विकास केन्द : **नि.मा.वि. पाठ्यक्रम (२०५८),** सानोठिमी भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र, **विशिष्टीकरण तालिका (२०६१)**, सानोठिमी, भक्तपुर ।

पोखरेल, बालकृष्ण (२०५८), **नेपाली बृहत् शब्दकोश**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पोख्रेल, भगवता (२०६७), **जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षा आठको नेपाली भाषाका प्रश्नहरूको विश्लेषण,** स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, काठमाडौँ : नेपाली भाषा, शिक्षा विभाग, त्रि.वि. ।

पौडेल, माधवप्रसाद (२०५२), **जिल्ला स्तरीय परीक्षा २०५१ मा उपयोग गरिएका कक्षा आठको नेपाली भाषाका प्रश्नहरूको विश्लेषण**, स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, काठमाडौँ : नेपाली भाषा, शिक्षा विभाग, त्रि.वि. ।

पौडेल, लेखनाथ (२०५१), **शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा**, काठमाडौँ : प्रतिभा पुस्तक भण्डार ।

पौडेल, हिममाया (२०५९), **उच्च माध्यमिक तह अनिवार्य नेपाली विषयका (२०५६-५९) प्रश्नपत्रको विश्लेषणात्मक अध्ययन**, स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, काठमाडौँ : नेपाली भाषा, शिक्षा विभाग, त्रि.वि. ।

बन्धु, चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बस्नेत, कमलबहादुर (२०६२), **कक्षा आठको जिल्लास्तरीय परीक्षा २०६१ मा उपयोग गरिएका नेपाली भाषाका प्रश्नहरूको अध्ययन,** स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, काठमाडौँ : नेपाली भाषा, शिक्षा विभाग, त्रि.वि. ।

भट्टराई, बलराम (२०६८), **२०६७ सालको जिल्ला स्तरीय परीक्षा (कक्षा-८) सुनसरी जिल्लामा सोधिएका नेपाली विषयका प्रश्नपत्रहरूको अध्ययन,** स्नातकोत्तर शोधपत्र, इन्द्रपुर, मोरङ : नेपाली भाषा, शिक्षा विभाग, त्रि.वि. ।

भट्टराई, होमनाथ र केशवसिंह धामी (२०६७), **पाठ्यक्रम र मूल्याङ्कन**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०५३), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण,** काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, चिरञ्जीवि र अन्य (२०५६), **पाठ्यक्रम र मूल्याङ्कन**, काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

शर्मा, बसन्तकुमार (२०५८), **नेपाली शब्दसागर,** काठमाडौँ : भाषा पुस्तक भण्डार ।

शर्मा (२०६१), **शिक्षाका आधारहरू,** काठमाडौँ : एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

शाह, पुष्पा (२०६५), **कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०६५ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन,** स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, काठमाडौँ : नेपाली भाषा, शिक्षा विभाग, त्रि.वि. ।

सुवार, चन्द्रकला (२०६६), **प्रवेशिका परीक्षा २०६६ का अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन,** स्नातकोत्तर शोधपत्र, कीर्तिपुर, काठमाडौँ : नेपाली भाषा, शिक्षा विभाग, त्रि.वि. ।

# निम्नमाध्यमिक शिक्षा उतीर्ण परीक्षा २०६८

Lower Secondary Education Completion Examination - 2068

कक्षा : ८ विषय : नेपाली पूर्णाङ्क : १००

समय : ३ घण्टा उतीर्णाङ्क : ३२

१. कुनै चार प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् । ४ x ५ = २०

क) पर्यटन व्यवसायबाट हुने फाइदाहरु के के हुन् ?

ख) जैविक नियन्त्रण विधिले वातावरणको रक्षामा कसरी सहयोग पुऱ्याउँछ ?

ग) रहस्यमय जीवन बुझ्नलाई कहाँ गई के पढ्नु पर्छ ?

घ) 'उपमन्युको परीक्षा' कथाले गुरुशिष्यको सम्बन्ध कस्तो हुनुपर्छ भन्ने देखाएको छ ?

ङ) किसान कविताको मूल भाव लेख्नुहोस् ।

च) वन्यजन्तुको सुरक्षाका सम्बन्धमा नेपालमा के कस्ता प्रयास गरिएका छन् ?

२. कुनै एक प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् । १०

क) पृथ्वीनारायणले दिएका सन्देशहरु वर्तमान नेपालको सन्दर्भमा कत्तिको समसामयिक छन् ? 'पृथ्वी सन्देश' कविताका आधारमा समीक्षा गर्नुहोस् ।

ख) विश्वेश्वरप्रसाद कोइरालाले नेपाली साहित्यमा कस्तो योगदान पुऱ्याए ? विवेचना गर्नुहोस् ।

३. दिईएको अनुच्छेद पढी तल सोधिएका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् । ५

मल्लकालीन कला एवम् वास्तुकला लिच्छवी कलाभन्दा पनि बढी उल्लेखनीय भएको पाइन्छ । यस समयमा दरवारका अतिरिक्त अनेकौं मन्दिर, पाटी, धारा, देवलहरु निर्माण भएका थिए । यी मध्ये सबभन्दा सुन्दर दरवार स्क्वायरलाई मानिएको छ । यस्ता दरवार स्क्वायरलाई काठमाण्डौं, ललितपुर र भक्तपुर तीनै सहरमा देख्न पाइन्छ । यी सबै दरवार स्क्वायरहरु विभिन्न राजाहरुको पालामा क्रमिक रुपमा निर्माण भएका हुन् । मुख्यतः काठमाण्डौं दरवार स्क्वायर राजा प्रताप मल्लको समयमा, पाटन दरवार स्क्वायर सिद्धिनरसिंह मल्ल तथा श्री निवास मल्लको पालामा र भक्तपुर दरवार जगत्जय मल्ल, भूपतिन्द्र मल्ल तथा रणजित मल्लको पालामा वनेका थिए । पछि पृथ्वीनारायण शाहले नुवाकोट तथा गोरखामा पनि दरवारहरु निर्माण गरे । यी दरवारहरुमा नेपाली वास्तुकला र निर्माण शैलीइको अनुपम नमुना देख्न सकिन्छ । निर्माण कार्यमा विशेष गरी काठ तथा ईटाको प्रयोग गरिएको छ भने ईटाको रातो रङले गर्दा यी दरवारहरु अत्यन्तै जीवन्त देखिन्छन् ।

प्रश्नहरु

क) मल्लकालको सबभन्दा सुन्दर निर्माण के हो ?

ख) पृथ्वीनारायण शाहले निर्माण गरेका दरवारहरु कुन कुन हुन् ?

ग) दरवार स्क्वायर क्षेत्रहरु कतिवटा छन् ? ती कुन कुन हुन् ?

घ) राजा प्रताप मल्लले निर्माण गरेको दरवार स्क्वायर कुन हो ?

ङ) 'अनुपम' र 'प्रचुर' शब्दको अर्थ के हो ?

४. प्रश्न नं. ३ मा दिइएको अनुच्छेदको सारांश लेख्नुहोस् । ५

५. तल दिइएका मध्ये कुनै एक उद्धरणको भाव स्पष्ट गर्नुहोस् । ५

क) हामी सबै यस हिमाली राष्ट्रका जिउँदा र स्वतन्त्र नागरिक हौँ ।

ख) महाकवि कालिदासका रचनाहरूमा 'सत्यम्, शिवम्, सुन्दरम्' को भावना पाइन्छ ।

६. कुनै एक उद्धरणको सप्रसङ्ग व्याख्या गर्नुहोस् । ५

क) देखिन्छ ईश कुन मन्दिरमा पसेर
त्यो हाँस्छ शुद्ध मन आसनमा बसेर ।

७. दिइएका बुँदाा आधारमा एउटा कथा तयार पार्नुहोस् । ५

एकजना साहूले सामान बोक्न गधा र घर रक्षा गर्न कुकुर पालेका ....... एक रात चोरहरु आएका ..... कुकुर बिलकुल नभुकी बसेको ...... गधाले तँ किन भुक्दैनस् भनेको ..... हामीलाई अघाउने गरी खान पनि नदिने साहूका लागि केही नगरौँ भन्ने कुकुरको भनाइ .... चोरहरु घरभित्र पस्नैआँटेका ...... गधा आफैँ कराउन थालेको ..... मध्यरातमा गधा कराएर निद्रा भङ्ग गराएकोमा साहूलाई रिस उठेको .... ऊ उठेको ....... चोरहरु भागेका ...... गधालाई साहूले कुटेको ... आफ्नो कर्तव्य भन्दा बाहिरको काम गर्दा दुःख पाइने शिक्षा .... ।

**अथवा**

दुईजना साथीहरुवीच 'विद्यार्थी जीवनमा अनुशासनको महत्त्व' विषयमा भएको कुराकानीलाई लिएर एउटा संवाद तयार पार्नुहोस् ।

८. तलका मध्ये कुनै एक शीर्षकमा १५० शब्दमा नघटाई निवन्ध लेख्नुहोस् ।

क) मेरो वाल्यकाल (ख) जन्मभूमि

९. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । ५

क) पढ्नमा भन्दा खेल्नमा रुचि राख्ने साथीलाई पढाइको महत्व बतउँदै एउटा चिठी लेख्नुहोस् ।

ख) विपक्षीका तर्कहरूको खण्डन गर्दै बलभन्दा बुद्धि ठूलो भन्ने विषयको पक्षमा आफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्नुहोस् ।

१०. रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् । ०.५ x ६ = ३

वास्तवमा बहादुर शाह खराव होइनन् । यदि यिनले मानवताको साँध नाघेका भए उहिले नै सती जानुपर्ने भासमा फसाइ दिन्थे ।

११. धातु र सङ्केतका आधारमा क्रियापद भर्नुहोस् । १ x ४ = ४

क) जोगीले भिक्षा ........................... । (माग्, सामान्य भूत)

ख) भाइबहिनीहरु इलम .................. । (सिक्, इच्छार्थक)

ग) हरिले गीत ..................। (गाउ्, अभ्यस्त भूत)

घ) सीता धेरै .................. । (पढ्, अपूर्णभविष्यत्)

१२. सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् । १ x ६ = ६

क) दिदीले घर लिप्नुभयो । (पुलिङ्ग)

ख) तँ पढ्नमा ध्यान दे । (बहुवचन)

ग) चरो आकाशमा उडे छ । (भाववाच्य)

घ) मद्वारा धेरै कथाहरू लेखिए । (कर्तृवाच्य)

ङ) उनीहरू उत्तीर्ण होलान् । (अकरण)

च) जो गरिव छ, उसलाई माया गरियोस् । (सरलवाक्य)

१३. खाली ठाउँ मा कारक वा विभक्ति राखेर वाक्य पूरा गर्नुहोस् । ०.५ x ४ = २

क) भक्तले भगवान .............. फूल अर्पण गरे । (सम्प्रदान कारक)

ख) सुयोग झोला .............. सासानहरु राख्छ । (अधिकरण कारक)

ग) श्यामले लट्ठी ........... सर्प मार्‍यो । (तृतीया विभक्ति)

घ) सलिना साथी ....... घरमा गइन् । (षष्ठी विभक्ति)

१४. शुद्ध गरी उत्तरपुस्तिकामा सार्नुहोस् । ५

उपमन्युले भनैं गुरुदेब बाच्छाहरुले आफ्ना माऊको स्तनचुस्ता दुधको फिंज निस्किछ, तेही चाटेर म आफ्नो जीवन निरवाह गर्दछौँ ।

१५. तलका शब्दको अर्थ लेख्नुहोस् । ०.५ x ४ = २

प्रकोप, अवसान, अभीष्ट, निराहार

१६. कोष्ठकमा दिइएका उपयुक्त शब्द छानी खालीठाउँ भर्नुहोस् । ०.५ x ६ = ३

क) ईच्छाको पर्यायवाची शब्द ............. हो । (चाहना, उत्सुकता, प्रेरणा)
ख) सर्वज्ञको ............. शब्द अल्पज्ञ हो । (विपरीतार्थक, अनेकार्थी, पर्यायवाची)
ग) ............. श्रुतिसम भिन्नार्थक शब्द हुन । (हाट वजार, दिन दिवस, तिर तीर)
घ) ............. अनेकार्थी शब्द होइन । (अर्थ, व्यर्थ, साँचो)
ङ) 'सुधांशु' चन्द्रमा .............. शब्द हुन् । (अनेकार्थी, पर्यायवाची, विपरीतार्थक)
च) 'अर्पण' को विपरीतार्थक शब्द ........... हो । (प्रदान, निदान, ग्रहण)

१७. अर्थखुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् । १ x ५ = ५

प्रेरणा, सरासर, पो, भुतुक्क हुनु, वाँदरका हातमा नरिवल

समाप्त

# जिल्ला स्तरीय परीक्षा - २०६८ (सुनसरी)

| | | |
|---|---|---|
| विषय :- नेपाली | कक्षा :- ८ | पूर्णाङ्क :- ६० |
| समय :- २ घण्टा | सेट 'B' | उत्तीर्णाङ्क :- १९.५ |

१. तलका शब्दहरूको अर्थ लेख्नुहोस् : २

श्रव्यकाव्य, प्रणेता, ऐश्वर्य, उद्यान

२. तल दिइएका शब्दलाई अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर : ५

शिरोपर, सारसौंदा, प्रतिमूर्ति, सपूत, निःसहाय

३. कोष्ठमा दिएका शब्दमध्ये ठीक छानेर वाक्य पूरा गर : २

क) अमृतको विपरीतार्थक शब्द ........ हो । (समृद्ध, विष, अनृत )

ख) 'सगर' को पर्यायवाची शब्द ......... हो । (सागर, बगर, नभ)

ग) ............ अनेकार्थक शब्द होइन । (दर, कार, हार)

घ) श्रृतिसम भिन्नार्थक शब्द हुन् ........ । (कोट-कोत, टोप-टोत, जोत-पोत)

४. कुनै एक उद्धरणको सप्रसङ्ग व्याख्या गर : ५

क) म यौटा गीत हुँ, यस्तै कर्मयोग सिकाउने ।

सधै आषाढमा गाई, सधै मंसीर ल्याउने ॥

क) "कुपात्रमा परेको अमृत पनि विष बन्दो रहेछ ।"

५. दिएको अनुच्छेद पढी तल सोधिएका प्रश्नको छोटो छरितो उत्तर लेख्नुहोस् : ५

फ्लोरेन्स विरामीसंग कुरा गर्न रुचाउँथिन् । उनको कुराकानीले विरामीको पीडा केही कम भएर जाने गर्दथ्यो । विरामीसंग झर्किने स्वभाव उनमा थिएन । उनी विरामीहरुको उपचारमा सक्दो सेवा पुऱ्याउँथिन् । उनी विरामीहरुको उपचारमा सक्दो सेवा पुऱ्याउँथिन् । यसले गर्दा विरामीहरुलाई रोगसंग लड्ने क्षमता प्राप्त हुन्थ्यो । विरामीहरु डाक्टरसंग भन्दा यिनको उपचारसंग बढी सन्तुष्ट हुन्थे । उनको सेवाको भावना ज्यादै उत्कृष्ट थियो ।

प्रश्नहरु :

क) फ्लोरेन्ससँग के थिएन ?

ख) उनको कुराकानीले के गर्दथ्यो ?

ग) कसले कस्को सक्दो सेवा पुऱ्याउथ्यो ?

घ) विरामीहरुको पीडा कम गर्ने उपाय के थियो ?

ङ) "क्षमता" र "पीडा" शब्दको अर्थ लेख ।

६. तल दिएका मध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्नुहोस् : ७

क) वातावरण जोगाऔं ख) नारी शिक्षा ग) मेरो विद्यालय

७. आफू विरामी भई तीनदिन विद्यालय आउन नसकेको व्यहोरा मिलाएर विद्यालयको प्र.अ.ज्यूलाई छोटो निवेदन लेख्नुहोस् । ५

**अथवा**

"तरवार भन्दा कलम शक्तिशाली" भन्ने शीर्षकमा विपक्षका कुराहरुको खण्डन गर्दै आफ्नो पक्षका गहकिलो विचार लेख :

८. कोष्ठमा दिएको संकेतका आधारमा वाक्यमा परिवर्तन गर्नुहोस् : २

क) मेरो छोरो ज्ञानी छ । (स्त्री लिङ्ग)

ख) हिजो गाडी बन्द भएछन् । (अकरण)

ग) तैंले पढाइ बिगारिस् । (बहुवचन)

घ) उनीहरु नेपाली पढ्छन् । (कर्मवाच्य)

ङ) आफू त जनकपुर गइन्छ । (कर्तृवाच्य)

९. खाली ठाउँमा मिल्दो कारक भरी वाक्य पूरा गर : २

क) मैले बहिनी .......... कलम किनि दिएँ ।

ख) उमा कमल ...... फूल टिप्छे ।

ग) गुरुले छात्र ...... व्याकरण सिकाउनु भयो ।

घ) गाडी ....... यात्री लड्यो ।

१०. दिएका बुँदाको आधारमा एउटा कथा लेख्नुहोस् : ५

एउटा ठूलो जंगलको रुखमा काग बस्नु ... त्यसलाई तिर्खाले व्याकुल पार्नु ....पानीको खोजी गर्दा .... कुनै घरको कौशीमा गागो देख्नु ... पानी गाग्रोको, पिंधमा हुनु .... पानी माथि आउने उपाय सोच्नु ..... कुनै वाटोको छेउमा स-साना ढुङ्गाका टुक्राहरु देख्नु .... पटक पटक गरेर गाग्रोमा ढुङ्गका टुक्रा खसाल्नु ... पानी माथि आउनु ... कागले पानी पिउनु .... बुद्धिको करामत बुझ्नु ........... ।

११. तलका कुनै ३ प्रश्नको छोट्करीमा उत्तर लेख्नुहोस् : १०

क) कालिदासका प्रमुखकृतिहरु के के हुन् ?

ख) वनजङ्गलको महत्व बढ्नाका कारण के हुन् ?

ग) घर झगडा कथाको मुख्य अभिप्राय के हो ?

घ) म्याडमक्युरीको जीवनीबाट के प्रेरणा पाइन्छ ?

ङ) भुमियाको जीवनको परिवर्तन आउने कारण के हुन् ?

च) साहित्य क्षेत्रमा विश्वेश्वरप्रसाद कोइरालाको के योगदान रहेको छ ?

१२. कुनै एक प्रश्नहरुको लामो उत्तर दिनुहोस् । १०

क) "ओखलढुङ्गा" कवितामा कविले मातृभूमिप्रति कस्तो श्रद्धाभाव प्रकट गरेका छन् ?

ख) जैविक नियन्त्रण विधिद्वारा हाम्रो देशको कृषि प्रणालीमा के कस्तो सुधार गर्न सकिन्छ ? आफ्नो विचार व्यक्त गर ।

*सफलताको शुभ कामना*

# जिल्ला स्तरीय परीक्षा - २०६८ (सुनसरी)

| | | |
|---|---|---|
| विषय :- नेपाली | कक्षा :- ८ | पूर्णाङ्क :- ६० |
| समय :- २ घण्टा | सेट 'A' | उत्तीर्णाङ्क :- १९.२ |

विद्यार्थीहरुले भरसक आफ्नै शैलीमा सृजनात्क उत्तर दिनु पर्ने छ ।

१. कुनै एक प्रश्नहरुको विवेचनात्मक (लामो) उत्तर दिनुहोस् : १०

क) "ओखलढुङ्गा" कवितामा कविले मातृभूमिप्रति कस्तो श्रद्धाभाव प्रकट गरेका छन् ?

ख) जैविक नियन्त्रण विधिद्वारा नेपालको कृषि प्रणालीमा के कस्तो सूधार गर्न सकिन्छ ?

२. कुनै दुईवटा प्रश्नको संक्षिप्त (छोटो) उत्तर दिनुहोस् । ५x२ = १०

क) बन जङ्गलको महत्व बढ्नाका कारणहरु के के हुन् ?

ख) घर झगडा कथाको मुख्य आशय के हो ?

ग) साहित्यिक क्षेत्रमा विश्वेश्वरप्रसाद कोइरालाको योगदान बारे चर्चा गर्नुहोस् ।

३. दिइएको अनुच्छेद पढी तलका प्रश्नहरुको उत्तर दिनुहोस् । ३

मानव जीवनलाई सहज ढङ्गले सञ्चालन गर्नका लागी गाँस, बास र कपासको नितान्त आवश्यकता पर्दछ भने त्यही जीवनलाई समृद्ध तुल्याउन शिक्षाको आवश्यकता पर्दछ । अध्ययन गर्नु: सिक्नु, ज्ञान आर्जन गर्नु भन्ने आशय व्यक्त गर्ने शिक्षा मानव जीवनका लागी अपरिहार्य छ । मानिस स्वाभावैले जिज्ञासु, कल्पनाशील र विवेकी भएकोले प्राणीहरु मध्ये सर्वश्रेष्ठ मानिन्छ । उसलाई यो उपाधि उसको शरीर रचनाका आधारमा दिइएको पक्कै होइन । यो त उसले आफूमा रहेको तेश्रो ज्ञान यक्षरुपी शिक्षाबाट प्राप्त गरेको हो । शिक्षाको आँखा नभएको मानिस छालाका आँखा भएर पनि अन्धो तुल्य हुने भएकाले सम्पूर्ण मानव जातिका लागी शिक्षाको भूमिका सर्वोपरि रहेको छ ।

प्रश्नहरू :-

क) मानिसको जीवन सञ्चालनका लागी चाहिने आधाभूत कुरा के के हुन् ?

ख) शिक्षाको आँखा नभएको मानिस कस्तो हुन्छ ?

ग) 'समृद्ध' र 'जिज्ञासु' शब्दको अर्थ लेख ।

४. भाव स्पष्ट पार्नुहोस् । ५

"तराईका चढून माथि, झरुन् पर्वतका तल ।
यो माटो सबको साझा, मेरो उद्देश्य केवल ॥

**अथवा**

सप्रसङ्ग व्याख्या गर्नुहोस् :

"तिम्रा गुरु धौम्यका फलामका दाँत छन् । अब तिम्रा सुनका दाँत हुनेछन् ।"

५. तल दिइएका मध्ये कुनै १ शीर्षकमा १०० शब्दमा निबन्ध लेख्नुहोस् । ७

क) अनुशासन ख) नारीशिक्षा ग) मेरो विद्यालय

६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । ५

क) आफू बिरामी भएर विद्यालय आउन नसकेको कारण देखाउँदै ३ दिनका लागी विदा माग्दै प्र.अ.लाई निवेदन लेख्नुहोस् ।

ख) “तरवार भन्दा कलम बलियो” भन्ने शीर्षकमा विपक्षका मतको खण्डन गर्दै आफ्नो गहकिलो तर्क प्रस्तुत गर्नुहोस् ।

७. रेखाङ्कित शब्दहरुको पदवर्ग (नाम, सर्वनाम आदि) छुट्याउनुहोस् । २

विद्यार्थीको लेखाइमा सफा र शुद्धता हुनुपर्छ । उनीहरु ले समाजलाई प्रगति तर्फ प्रैरित गर्नुपर्छ ।

८. कोष्ठमा दिएको संकेतका आधारमा तलका वाक्यहरु परिवर्तन गर्नुहोस् । ३

क) कृष्णको छोरो असल छ । (स्त्री लिङ्ग)

ख) उसले परीक्षा पास गरेको छ । (अकरण)

ग) म घर गएँ । (तेस्रो पुरुष)

९. तलका शब्दहरुको अर्थ लेख्नुहोस् । २

प्रणेता, रक्षक, उद्यान, दुर्लभ

१०. कोष्ठकमा दिएका शब्द मध्ये ठीक चाहि छानेर खाली ठाउँ भर्नुहोस् । २

क) अमृतको विपरीतार्थक शब्द ........... हो । (समृद्ध, औषधि, विष)

ख) ‘सगर’ को पर्यायवाची शब्द ......... हो । (आकास, सागर, बगर)

ग) ............. अनेकार्थ शब्द होइन । (दर, कार, हार)

घ) ........ श्रृतिसम भिन्नार्थक शब्द हुन् । (दिन-हिन, दिन-दीन, दिन-छिन)

११. कोष्ठकमा दिइएको निर्देशनका आधारमा वाक्य पूरा गर्नुहोस् । ३

क) म सबेरै .............. । (उठ् : सामान्य भूत)

ख) राम ओछ्यानमा .............. । (सुत् : पूर्ण वर्तमान)

ग) सञ्जय विद्यालय ................ । (जा : अपूर्ण भविष्यत्)

१२. खाली ठाउँमा मिल्दो कारक (विभक्ति चिह्न) राखी वाक्य पूरा गर्नुहोस् । २

क) मैले बहिनी .............. कलम दिएँ ।

ख) उमा कमल ........... फूल टिप्छिन् ।

ग) रुख .................. पातहरु झर्छन् ।

घ) म दराज ............ पुस्तक राख्छु ।

१३. अर्थ खुल्ने गरी तलका शब्दहरुलाई वाक्यमा प्रयोग गर्नुहोस् । ४

लुरुलुरु, पो, मुक्तकण्ठ, कुलेलम ठोक्नु ।

१४. तलको वाक्यमा रहेका अशुद्धी हटाई शुद्ध पारेर सार्नुहोस् । २

शबै नारि नाइटिङ्गेल जस्तै भये यो संसार कश्तो हुन्थ्यो ।